## सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना**: सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धी व्यवस्था गरी सो सेवालाई राष्ट्रहित र सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध; राजनीतिक रूपमा तटस्थ; पेसागत रूपमा सक्षम, सुदृढ, सेवामूलक, जनउत्तरदायी, समावेशी, पारदर्शी, परिणाममुखी, प्रविधिमैत्री र व्यावसायिक बनाउँदै सुशासनयुक्त संयन्त्रको रूपमा विकासका लागि आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **सङ्क्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "सङ्घीय निजामती सेवा ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अख्तियारवाला" भन्नाले सङ्घीय निजामती सेवाको पदमा नियुक्ति गर्न अधिकारप्राप्त दफा १५ बमोजिमको अधिकारी सम्झनु पर्छ।

(ख) "कार्यालय प्रमुख" भन्नाले कार्यालयको प्रमुख भई कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्छ र सो शब्दले विभागीय प्रमुखलाई समेत जनाउँछ।

(ग) "तलब" भन्नाले निजामती कर्मचारीको तलब वृद्धिसमेतको तत्कालको तलब रकम सम्झनु पर्छ।

(घ) "निजामती कर्मचारी" भन्नाले सङ्घीय निजामती सेवाको पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ।

(ङ) "परिवार" भन्नाले निजामती कर्मचारीसँग बस्ने वा निजले पालन पोषण गर्नुपर्ने निजको पति, पत्नी, छोरा, छोरी, बाबु र आमा सम्झनु पर्छ र सो शब्दले विवाहित निजामती कर्मचारीको हकमा निजसँग बस्ने वा निजले पालन पोषण गर्नुपर्ने निजको सासू, ससुरालाई समेत जनाउँछ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

(छ) "विभागीय प्रमुख" भन्नाले तोकिएको अधिकारी सम्झनु पर्छ।

(ज) "सङ्घीय निजामती सेवा" भन्नाले दफा ५ बमोजिम गठित सङ्घीय निजामती सेवा सम्झनु पर्छ।

(झ) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रूपले बसोबास गर्न पाउने गरी उपलब्ध



माननीय प्रतिमा राम्
चन्द्रकला पौडेल

गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भि.), पर्मानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीनकार्ड सम्झनु पर्छ र सो शब्दले विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

(ञ) "स्थायी पद" भन्नाले निवृत्तिभरण वा योगदानमा आधारित निवृत्तिभरण पाउने र म्याद नतोकिएको सङ्घीय निजामती सेवाको पद सम्झनु पर्छ।

३. <u>सङ्घीय निजामती सेवासम्बन्धी केन्द्रीय निकायः</u> (१) सङ्घीय निजामती सेवाको गठन, सञ्चालन तथा निजामती कर्मचारीको व्यवस्थापनका सम्बन्धमा मन्त्रालयले केन्द्रीय निकायको रूपमा काम गर्नेछ।

(२) सङ्घीय निजामती प्रशासनसम्बन्धी काम गर्दा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियममा उल्लिखित कुनै विषयमा द्विविधा भएमा त्यस्तो विषयमा निर्णय गर्नुपूर्व मन्त्रालयको नीतिगत स्वीकृति लिनु पर्नेछ।

४. <u>सङ्घीय निजामती सेवा सञ्चालनका आधारभूत सिद्धान्तः</u> (१) सङ्घीय निजामती सेवा देहायका आधारभूत सिद्धान्त अनुरूप सञ्चालन हुनेछः-

(क) सङ्घीय निजामती सेवा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीका आधारभूत मूल्य, मान्यता र सिद्धान्तका आधारमा सञ्चालन हुने,

(ख) निजामती कर्मचारीको सुरु नियुक्ति खुला र समावेशी सिद्धान्तको आधारमा प्रतियोगितात्मक परीक्षाद्वारा हुने,

(ग) सङ्घीय निजामती सेवा सुशासनयुक्त, व्यावसायिक, जनउत्तरदायी, निष्पक्ष, पारदर्शी, परिणाममुखी, जवाफदेही, दक्ष र प्रविधिमैत्री हुने,

(घ) निजामती सेवा समयबद्ध, सूचना प्रविधिमा आधारित, निर्णय प्रकृया तथा सेवा डेलिभरीमा स्पष्ट उत्तरदायित्व र नागरिक संलग्नतामा-आधारित मूल्याङ्कन प्रणाली सहितको सेवा हुने,

(ङ) सङ्घीय निजामती सेवा अविच्छिन्न, गैरराजनीतिक र स्थायी सेवाको रूपमा विकास हुने,

(च) सङ्घीय निजामती सेवालाई विशेषज्ञ सेवाको रूपमा विकास गरिने,

(छ) निजामती कर्मचारीको सरुवा, बढुवा र वृत्ति विकास प्रणाली पारदर्शी, वस्तुनिष्ठ, अनुमानयोग्य र व्यावसायिक क्षमतामा आधारित हुने,

(ज) विभिन्न सङ्घीय एकाइमा रहने सरकारी सेवाहरूबीच समन्वय र सहकार्यको माध्यमबाट सुमधुर र सहयोगात्मक सम्बन्ध विकास र विस्तार हुने।

(२) उपदफा (१) बमोजिमका आधारभूत सिद्धान्तहरू प्रदेश निजामती सेवा, स्थानीय सेवा तथा अन्य सबै सरकारी सेवामा समेत लागु हुनेछन्।

माननीय प्रतिमा राजन
मन्त्री

चन्द्रकला पौडेल
सचिव

(३) नेपाल सरकारको स्वामित्वमा रहेको संस्थान वा निकायहरूको हकमा पनि यो ऐन मार्गनिर्देशक हुनेछ।

परिच्छेद-२

## सङ्घीय निजामती सेवाको गठन

५. **सङ्घीय निजामती सेवाको गठनः** (१) सङ्घीय निजामती सेवाअन्तर्गत देहायबमोजिमका सेवाहरू रहनेछन् :-

(क) नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा,

(ख) नेपाल इन्जिनियरिङ सेवा,

(ग) नेपाल कृषि सेवा,

(घ) नेपाल न्याय सेवा,

(ङ) नेपाल परराष्ट्र सेवा,

(च) नेपाल प्रशासन सेवा,

(छ) नेपाल लेखापरीक्षण सेवा,

(ज) नेपाल वन सेवा,

(झ) नेपाल विविध सेवा,

(ञ) नेपाल शिक्षा सेवा, र

(ट) नेपाल सूचना प्रविधि सेवा।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल विविध सेवाको पदमा बहाल रहेका सूचना प्रविधिसँग सम्बन्धित निजामती कर्मचारी नेपाल सूचना प्रविधि सेवामा समूहीकृत हुनेछन्।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अधिकृत तेह्रौं तहसम्ममा सेवा विशिष्टीकरण गर्ने प्रयोजनको लागि देहायबमोजिमका सेवाको समूहीकरण (क्लष्टरिङ) गरिनेछः-

(क) नेपाल इन्जिनियरिङ सेवा,

(ख) नेपाल कृषि तथा वन सेवा,

(ग) नेपाल न्याय सेवा,

(घ) नेपाल परराष्ट्र सेवा,

(ङ) नेपाल प्रशासन सेवा र

(च) नेपाल लेखापरीक्षण सेवा।

६. **श्रेणी र तहः** (१) सङ्घीय निजामती सेवामा देहायबमोजिमका श्रेणी र तह रहनेछन् :-

चन्द्रकला पौडेल
सचिव



माननीय प्रतिभा रावल
सभामुख

| श्रेणी | | तह |
|---|---|---|
| (क) | राजपत्राङ्कित विशिष्ट | अधिकृत चौधौं<br>अधिकृत तेह्रौं |
| (ख) | राजपत्राङ्कित प्रथम | अधिकृत बाह्रौं |
| | | अधिकृत एघारौं |
| (ग) | राजपत्राङ्कित द्वितीय | अधिकृत दसौं |
| | | अधिकृत नवौं |
| (घ) | राजपत्राङ्कित तृतीय | अधिकृत आठौं |
| | | अधिकृत सातौं |
| | | अधिकृत छैटौं |
| (ङ) | राजपत्र अनङ्कित प्रथम | सहायक पाँचौं |
| (च) | राजपत्र अनङ्कित द्वितीय | सहायक चौथो |
| (छ) | राजपत्र अनङ्कित तृतीय | सहायक तेस्रो |
| (ज) | राजपत्र अनङ्कित चतुर्थ | सहायक दोस्रो |
| (झ) | राजपत्र अनङ्कित पाँचौं | सहायक पहिलो |

(२) यो ऐन प्रारम्भ हुँदाका बखत देहायको श्रेणीमा बहाल रहेको निजामती कर्मचारी देहायको तहमा कायम भएको मानिनेछः-

(क) राजपत्राङ्कित विशिष्ट श्रेणीको मुख्य सचिव र मुख्य रजिष्ट्रारको पदमा बहाल रहेको कर्मचारी अधिकृत चौधौं तहमा,

(ख) राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव वा सोसरहको पदमा बहाल रहेको कर्मचारी अधिकृत तेह्रौं तहमा,

(ग) राजपत्राङ्कित प्रथम श्रेणीको पदमा बहाल रहेको कर्मचारी अधिकृत एघारौं तहमा,

(घ) राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा बहाल रहेको कर्मचारी अधिकृत नवौं तहमा,

(ङ) राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बहाल रहेको कर्मचारी अधिकृत सातौं तहमा,

(च) राजपत्र अनङ्कित प्रथम श्रेणीको पदमा बहाल रहेको कर्मचारी सहायक पाँचौं तहमा,

(छ) राजपत्र अनङ्कित द्वितीय श्रेणीको पदमा बहाल रहेको कर्मचारी सहायक चौथो तहमा,

(ज) राजपत्र अनङ्कित तृतीय श्रेणीको पदमा बहाल रहेको कर्मचारी सहायक तेस्रो तहमा,

सचिव

माननीय प्रतिमा रावल
मन्त्री

(झ) राजपत्र अनङ्कित पाँचौं श्रेणी वा श्रेणीविहीन पदमा बहाल रहेको कर्मचारी सहायक पहिलो तहमा।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहायक तेस्रो तहमा कुनै निजामती कर्मचारीको पदाधिकार नरहेमा सो तहको पद स्वतः खारेज हुनेछ।

(४) यो ऐन प्रारम्भ हुनुअघि श्रेणीविहीन पदमा बहाल रहेको निजामती कर्मचारी यो ऐन प्रारम्भ भएपछि स्वतः राजपत्र अनङ्कित पाँचौं सहायक पहिलो तहमा कायम भएको मानिनेछ।

७. कार्यविवरण र कार्यसम्पादन सम्झौताः (१) सम्बन्धित निकायको कार्यविवरणको आधारमा प्रत्येक निकायले प्रत्येक पदको काम, कर्तव्य, उत्तरदायित्व र अधिकारसहितको कार्यविवरण स्वीकृत गरी लागु गर्नु पर्नेछ।

तर राजपत्राङ्कित विशिष्ट श्रेणीको पदको कार्यविवरण नेपाल सरकारले स्वीकृत गर्नेछ।

(२) निजामती कर्मचारीलाई पदस्थापन वा सरुवा भएको पदमा कार्यभार सम्हाल्नु अघि निजको कार्यविवरणसमेत उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराइएको कार्यविवरणको आधारमा योजना, कार्यक्रम, आवधिक लक्ष्य र उत्तरदायित्वसमेत निर्धारण गरी राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव, सहसचिव, विभागीय प्रमुख, कार्यालय प्रमुख तथा आयोजना प्रमुखसँग वार्षिक रूपमा कार्यसम्पादन सम्झौता गरिनेछ।

(४) उपदफा (३) बमोजिम कार्यसम्पादन सम्झौता गर्दा देहायको पदाधिकारीले देहायको पदाधिकारीसँग गर्नु पर्नेछः-

(क) नेपाल सरकारको मुख्य सचिवले प्रधानमन्त्रीसँग, सर्वोच्च अदालतको मुख्य रजिष्ट्रारले प्रधानन्यायाधीशसँग र मन्त्रालयको सचिवले विभागीय मन्त्रीसँग,

(ख) राष्ट्रपतिको कार्यालय,उपराष्ट्रपतिको कार्यालय र केन्द्रीयस्तरका कार्यालयको सचिव वा राजपत्राङ्कित विशिष्ट श्रेणीको कर्मचारीले नेपाल सरकारको मुख्य सचिवसँग,

(ग) संवैधानिक निकायको सचिवले सो निकायको प्रमुखसँग,

(घ) सहसचिव र विभागीय प्रमुखले तालुक निकायको राजपत्राङ्कित विशिष्ट श्रेणीको कर्मचारीसँग,

(ङ) कार्यालय प्रमुख वा आयोजना प्रमुखले विभागीय प्रमुखसँग

(५) उपदफा (३) बमोजिम कार्यसम्पादन सम्झौता गर्दा अन्य विषयका अतिरिक्त देहायका विषयहरू खुलाउनु पर्नेछः-

(क) कर्मचारीले सम्पादन गर्ने कामको विवरण र समयावधि,

(ख) सम्पादन गर्नुपर्ने कामको त्रैमासिक र वार्षिक लक्ष्य तथा कार्ययोजना,

(ग) उत्तरदायित्व प्रवर्धन र सेवा प्रवाहमा सुधार गरी सुशासन कायम गर्ने तथा कार्यालयको समग्र कार्यसम्पादनको स्तर बढाउने विषय,



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा रावल
मन्त्री

(घ) कार्यसम्पादनका उपलब्धि सूचक तथा कार्यप्रगति मापनका लागि वस्तुनिष्ठ आधारसहितको अङ्कभार,

(ङ) लक्ष्यभन्दा अतिरिक्त कार्य गरेमा वा अन्य सिर्जनात्मक, नवप्रवर्तनात्मक, अनुकरणीय, चुनौतिपूर्ण वा जोखिमपूर्ण कार्य गरेमा थप सुविधा वा प्रोत्साहन गरिने विषय,

(च) नियमित रूपमा प्रगति प्रतिवेदन पेस गर्ने विषय।

(छ) सुशासन कायम राख्ने कार्यका लागि कार्यालय प्रमुख वा विभागीय प्रमुख जिम्मेवार हुने विषय र

(ज) नियमित रुपमा प्रगति प्रतिवेदन पेश गर्ने विषय।

(६) सम्वन्धित मन्त्रालयले राजपत्राङ्कित तृतीय श्रेणी देखि राजपत्राङ्कित प्रथम श्रेणीका कार्यालय प्रमुख, आयोजना प्रमुख तथा विभागीय प्रमुख हुने पदहरुको लागि मुख्य कार्यसम्पादन सूचक सहितको योग्यता सम्बन्धी मापदण्ड तयार गर्नु पर्नेछ।

(७) निजामती कर्मचारीको कार्यसम्पादन सम्झौताको पुनरावलोकन तथा मूल्याङ्कन त्रैमासिक रुपमा गरिनेछ।

(८) उपदफा (७) बमोजिमको मूल्याङ्कन गर्दा यस ऐनमा अन्यत्र उल्लिखित विषयहरूका अतिरिक्त बजेट कार्यान्वयनको अवस्था, फाइल फर्स्यौट दर, गुनासो समाधानको स्थिति, सेवाग्राही सन्तुष्टि तथा प्रतिक्रिया, साथै व्यवस्थापकीय एवं नेतृत्व क्षमतालाई आधार लिनुपर्नेछ।

(९) उपदफा (८) बमोजिमको कार्यसम्पादन स्तर र नतीजा सार्वजनिक जानकारी र पृष्ठपोषणका लागि सूचना प्रविधिमा आधारित प्रणाली मार्फत प्रकाशन गर्नुपर्नेछ।

८. **<u>सुपरिवेक्षण गर्ने</u>:** (१) दफा ७ को उपदफा (३) बमोजिमको कार्यसम्पादन सम्झौताअनुसारको कार्यसम्पादनको प्रगति सम्बन्धमा कार्यसम्पादन सम्झौता गर्ने सम्वन्धित पदाधिकारीले कम्तीमा त्रैमासिक, अर्धवार्षिक र वार्षिक रूपमा सुपरिवेक्षण गर्नु पर्नेछ र यसरी गरिएको सुपरिवेक्षणको आधारमा त्यस्तो कर्मचारीको सम्वन्धमा कार्यसम्पादन टिप्पणी तयार गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्वन्धित निजामती कर्मचारीको सम्वन्धमा गरिएको कार्यसम्पादन टिप्पणीलाई त्यस्तो कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा आधारको रूपमा लिनु पर्नेछ।

परिच्छेद-३

## <u>सङ्घीय निजामती सेवाको दरबन्दी तथा पदपूर्ति</u>

९. **<u>दरबन्दी सिर्जना</u>:** (१) कुनै सङ्घीय सरकारी कार्यालयको सङ्गठन संरचना वा दरबन्दी सिर्जना गर्न वा त्यस्तो सङ्गठन संरचना वा दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्न सम्वन्धित



पौडेल
सचिव

माननीय प्रतिमा रावल
मन्त्री

मन्त्रालय वा केन्द्रीयस्तरका निकायले सम्बन्धित विशेषज्ञसमेत रहेको समिति गठन गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा नेपाल सरकारले तोकेको मापदण्डका आधारमा सर्वेक्षण गरिने कार्यालयको कार्यप्रकृति, कार्यबोझ, कार्यविवरण, अपेक्षित परिणाम समग्र आर्थिक अवस्था तथा प्रशासनिक खर्चको दायित्व समेतका विषय विश्लेषण गर्नुको साथै सङ्गठनलाई प्रविधिमैत्री बनाउने र न्यूनतम जनशक्तिबाट अधिकतम प्रतिफल लिने कुरालाई आधार लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम गठित समितिले उपदफा (२) बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा दरबन्दी सिर्जना, पुनरावलोकन वा हेरफेर गर्नुपर्ने देखेमा सोको कारण र औचित्यसमेत खुलाई प्रतिवेदन पेस गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम गठित समितिले उपदफा (३) बमोजिम दरबन्दी सिर्जना, पुनरावलोकन वा हेरफेर गर्ने गरी प्रतिवेदन तयार गर्दा सबै सेवामा रहेका निजामती कर्मचारीको वृत्ति विकासमा यथासम्भव एकरूपता कायम हुने र पदसोपानको अनुपातसमेत मिल्ने गरी तयार गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिमको प्रतिवेदन सम्बन्धित मन्त्रालय वा केन्द्रीयस्तरको निकायले नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई मन्त्रालयमा पठाउनु पर्नेछ र मन्त्रालयले सोको औचित्यसमेतको आधारमा मूल्याङ्कन गरी उपयुक्त सङ्गठन संरचना वा दरबन्दी प्रस्ताव गरी स्वीकृतिका लागि साठी दिनभित्र नेपाल सरकारसमक्ष पेस गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम पेस भएको प्रस्तावबमोजिम नेपाल सरकारले सङ्गठन संरचना वा दरबन्दी स्वीकृत गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम सङ्गठन संरचना वा दरबन्दी स्वीकृत भएपछि सम्बन्धित मन्त्रालय वा केन्द्रीयस्तरको निकायले राष्ट्रिय किताबखानामा पद दर्ता गरी पदपूर्तिको प्रक्रिया अगाडि बढाउनु पर्नेछ। यसरी राष्ट्रिय किताबखानामा पद दर्ता नगरी त्यस्तो पदमा पदपूर्ति गर्न सकिने छैन।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अस्थायी प्रकृतिका आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा स्थायी दरबन्दी सिर्जना गरिने छैन। त्यस्ता आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा नेपाल सरकारले स्वीकृत गरे बमोजिम अस्थायी दरबन्दी रहन सक्नेछ।

(९) उपदफा (८) बमोजिमका निकायको वार्षिक बजेट तथा कार्यक्रम बमोजिम वार्षिक रूपमा आवश्यक पर्ने जनशक्तिको किसिम तथा सङ्ख्या यकिन गरी अस्थायी दरबन्दी सिफारिस गर्न सम्बन्धित मन्त्रालय वा केन्द्रीय स्तरको निकायमा समिति रहनेछ।

(१०) उपदफा (८) बमोजिमका निकायमा रहेको अस्थायी दरबन्दीमा खटिएका वा काजमा गएका कर्मचारीको पद रिक्त मानी स्थायी पदपूर्ति गर्न पाइने छैन।

चन्द्रकला पौडेल
सचिव

(११) सङ्घीय निजामती सेवाको स्थायी पदमा बहाल रहेको कर्मचारीलाई पुल दरबन्दी वा अन्य कुनै किसिमले कुनै स्थानमा पदाधिकार राखी कुनै निकायमा खटाइएको वा अन्य कुनै पदमा नियुक्त गरिएको कारणले मात्र त्यस्तो दरबन्दी रिक्त मानी कुनै पनि तरिकाले पदपूर्ति गर्न पाइने छैन।

(१२) यस दफा बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट स्वीकृत संगठन संरचना र दरबन्दीको प्रत्येक तीन वर्षमा पुनरावलोकन गर्नु पर्नेछ।

(१३) उपदफा (१२) बमोजिम संगठन र संरचना र दरबन्दीको पुनरावलोकन गर्दा मौजुदा जनशक्तिको अवस्था, गुणस्तर, सूचना प्रविधि सेवाको पहुँच, भविष्यमा आवश्यक पर्ने सीपयुक्त जनशक्तिको अवस्था समेत विश्लेषण गरी संगठन संरचना र दरबन्दीमा हुने थपघट, मिलान तथा समायोजन गर्नुपर्नेछ।

(१४) सेवा समूह सञ्चालन गर्ने मन्त्रालय वा निकायले न्यूनतम पाँच वर्षको जनशक्ति प्रक्षेपण तथा योजना तयार गरी कार्यान्वयन गर्नुपर्नेछ।

(१५) उपदफा (१४) बमोजिम सेवा समूह सञ्चालन गर्ने मन्त्रालय वा निकायले तयार गरेको जनशक्ति प्रक्षेपण तथा योजना मन्त्रालयले स्वीकृत गर्नेछ। सो आधारमा मन्त्रालयले समेत राष्ट्रियस्तरको एकीकृत जनशक्ति योजना तयार गर्नुपर्नेछ।

(१६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अदालत एवं न्यायिक निकायमा रहने न्याय सेवा, न्याय समूहको संगठन संरचना तथा दरबन्दी सिर्जना सम्बन्धी विषय अर्थ मन्त्रालयको सहमतिमा सर्वोच्च अदालतले निर्धारण गरे बमोजिम हुनेछ।

१०. <u>सङ्घीय निजामती सेवाको पदपूर्ति</u>ः (१) सङ्घीय निजामती सेवाको रिक्त राजपत्राङ्कित विशिष्ट श्रेणीको पद दफा ३० बमोजिम र अन्य पद देहायबमोजिम पूर्ति गरिनेछः-

| श्रेणी | | तह | खुला प्रतियोगिताद्वारा | अन्तरतह प्रतियोगिताद्वारा | बढुवाद्वारा |
|---|---|---|---|---|---|
| (क) | राजपत्र अनङ्कित पाँचौं श्रेणी | सहायक पहिलो | १००% | - | - |
| (ख) | राजपत्र अनङ्कित चतुर्थ श्रेणी | सहायक दोस्रो | - | - | - |
| (ग) | राजपत्र अनङ्कित तृतीय श्रेणी | सहायक तेस्रो | - | - | - |
| (घ) | राजपत्र अनङ्कित द्वितीय श्रेणी | सहायक चौथो | ८०% | १०% | १०% |
| (ङ) | राजपत्र अनङ्कित प्रथम श्रेणी | सहायक पाँचौं | १०% | १०% | ८०% |
| (च) | राजपत्राङ्कित तृतीय | अधिकृत सातौं | ७०% | १०% | २०% |



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिभा रावल
मन्त्री

| | | | | | |
|---|---|---|---|---|---|
| | श्रेणी | | | | |
| (छ) | राजपत्राङ्कित द्वितीय श्रेणी | अधिकृत नवौं | १०% | १०% | ८०% |
| (ज) | राजपत्राङ्कित प्रथम श्रेणी | अधिकृत एघारौं | १०% | १०% | ८०% |

(२) उपदफा (१) को खण्ड (छ) र (ज) मा उल्लिखित खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिने पदका लागि सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको र सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा, स्थानीय सेवा वा अन्य कुनै सरकारी सेवा वा सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय अन्तर सरकारी संस्थाको अधिकृतस्तरको पदमा राजपत्राङ्कित द्वितीय श्रेणीको पदको लागि कम्तीमा छ वर्ष र राजपत्राङ्कित प्रथम श्रेणीको पदको लागि दश वर्षको अनुभव प्राप्त गरेको व्यक्ति उम्मेदवार हुन सक्नेछ।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनका लागि "सङ्गठित संस्था" भन्नाले देहायका संस्था सम्झनु पर्छ:-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था,

(ख) प्रचलित कानूनबमोजिम स्थापना भएको परिषद्, बोर्ड वा समिति,

(ग) प्रचलित कानूनबमोजिम स्थापना भएको शैक्षिक संस्था,

(घ) पब्लिक लिमिटेड कम्पनी,

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित विषयमा विद्यावारिधिको उपाधि प्राप्त गरेको व्यक्ति दुई वर्षसम्म कम अनुभव भए पनि त्यस्तो पदमा उम्मेदवार हुन सक्नेछ।

(४) उपदफ (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निकायमा आंशिक रूपमा गरेको कामसम्बन्धी अनुभव सो प्रयोजनका लागि गणना हुने छैन।

<u>स्पष्टीकरण:</u> यस उपदफाको प्रयोजनका लागि "आंशिक रूपमा गरेको काम" भन्नाले प्रति हप्ता चालिस घण्टाभन्दा कम समय गरेको काम सम्झनु पर्छ।

(५) उपदफा (१) बमोजिम अन्तरतह प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमा सङ्घीय निजामती सेवा, सङ्घीय संसद सचिवालय सम्बन्धी प्रचलित कानून बमोजिमको सेवा वा नेपाल स्वास्थ्य सेवा सम्बन्धी प्रचलित कानून बमोजिमको सेवाको एक श्रेणी वा तह मुनिको पदमा बहाल रहेको वा कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानूनबमोजिम सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भई वा लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई प्रदेश निजामती सेवा वा स्थानीय सेवाको एक तह मुनिको पदमा बहाल रहेको देहायको कर्मचारी उम्मेदवार हुन सक्नेछ:-

चन्द्रकला पौडेल
सचिव
माननीय प्रतिमा रावल
मन्त्री

(क) सम्बन्धित पदमा बढुवाको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको,

(ख) सम्बन्धित पदको लागि आवेदन फाराम भर्ने अन्तिम मितिसम्म राजपत्र अनङ्कित पदका लागि पाँच वर्ष र राजपत्राङ्कित पदका लागि सात वर्ष सेवा अवधि,

(ग) दफा ३२ वा अन्य प्रचलित कानूनबमोजिम बढुवाको सम्भाव्य उम्मेदवार हुन नपाउने अवस्था नरहेको।

(६) उपदफा (१) बमोजिम बढुवाद्वारा पूर्ति हुने पदका लागि सम्बन्धित सेवा, समूह वा उपसमूहको एक श्रेणी वा तह मुनिको पदमा बहाल रहेको र बढुवाका लागि आवश्यक न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुरा गरेको निजामती कर्मचारी सम्भाव्य उम्मेदवार हुन सक्नेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानूनबमोजिम निजामती सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएको र आवश्यक न्यूनतम सेवाअवधि तथा शैक्षिक योग्यता पूरा गरेको कर्मचारी त्यसरी समायोजन हुनुअघि बहाल रहेको सेवा, समूह वा उपसमूहको समायोजन हुनु भन्दा अघि बहाल रहेको पदभन्दा एक श्रेणी माथिको पदमा बढुवाका लागि उम्मेदवार हुन सक्नेछ।

तर प्रदेश निजामती सेवा वा स्थानीय सेवाको देहायको तहमा समायोजन भएको कर्मचारी सम्बन्धित प्रदेश निजामती सेवा वा स्थानीय सेवाको देहायको तहमा बढुवा भएमा त्यस्तो कर्मचारी यस ऐन बमोजिम हुने बढुवाका लागि उम्मेदवार हुने छैन:-

(क) राजपत्र अनङ्कित द्वितीय श्रेणीको पदबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएको कर्मचारी छैटौं तह वा सोभन्दा माथिको तहमा,

(ख) राजपत्र अनङ्कित प्रथम श्रेणीको पदबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएको कर्मचारी सातौं तह वा सोभन्दा माथिको तहमा,

(ग) राजपत्राङ्कित तृतीय श्रेणीको पदबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएको कर्मचारी नवौं तह वा सोभन्दा माथिको तहमा,

(घ) राजपत्राङ्कित द्वितीय श्रेणीको पदबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएको कर्मचारी एघारौं तह वा सोभन्दा माथिको तहमा।

(८) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (घ) बमोजिम अन्तरतह प्रतियोगिताको लागि छुट्याइएको पदमा सहायक चौथो तहको पदका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र बढुवाको लागि आवश्यक पर्ने न्यूनतम सेवा अवधि पूरा गरेका सहायक पहिलो तहका निजामती कर्मचारी वा निजामती सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका त्यस्तो योग्यता र सेवा अवधि पूरा गरेका सहायक पहिलो तहका कर्मचारी उम्मेदवार हुनेछन्।



कला पौडेल
सचिव

माननीय प्रतिभा रावल
मन्त्री

(९) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (घ) बमोजिम बढुवाको लागि छुट्याइएको पदमा सहायक चौथो तहको पदका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र कम्तीमा बीस वर्ष सेवा अवधि पूरा गरेका सहायक पहिलो तहका निजामती कर्मचारी वा निजामती सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका त्यस्तो योग्यता र सेवा अवधि पूरा गरेका सहायक पहिलो तहको कर्मचारी उम्मेदवार हुनेछन्।

(१०) कर्मचारी समायोजनसम्बन्धी सङ्घीय कानूनबमोजिम सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका कर्मचारीको हकमा उपदफा (५), (७), (८) वा (९) को प्रयोजनका लागि समायोजन हुनुपूर्वको सम्बन्धित पदको सेवा अवधिसमेत गणना गरिनेछ।

(११) उपदफा (१) को खण्ड (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्र अनङ्कित द्वितीय श्रेणीको पदको दरबन्दी नरहेका सेवा, समूह वा उपसमूहको हकमा राजपत्र अनङ्कित प्रथम श्रेणीको पदमा शतप्रतिशत खुला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ।

(१२) यो ऐन प्रारम्भ भएपछि साबिकको नेपाल विविध सेवा अन्तर्गतको राजपत्र अनङ्कित प्रथम श्रेणीको कम्प्युटर अपरेटर तथा कम्प्युटर टेक्निसियन पद र राजपत्र अनङ्कित द्वितीय श्रेणीको सहायक कम्प्युटर अपरेटर पद रिक्त भएमा स्थायी पदपूर्ति गरिने छैन।

(१३) मुख्य कार्य गर्ने भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका पद बाहेक राजपत्र अनङ्कित पाँचौं श्रेणीको रिक्त पदमा स्थायी पदपूर्ति गरिने छैन र यसरी मुख्य कार्य गर्ने भनी तोकेका पद बाहेकका राजपत्र अनङ्कित पाँचौं श्रेणीका अन्य पदबाट सम्पादन हुने काम सेवा करारबाट गराउनु पर्नेछ।

१४) उपदफा (१) बमोजिम सङ्घीय निजामती सेवाको कुनै कार्यकारी र विशेषज्ञ पदमा नेपाल सरकारले कार्यक्षमतामा आधारित वा कार्यमूलक प्रयोगात्मक परीक्षण गरी खुला वा छड्के प्रवेशको विशेष व्यवस्था गर्न सक्नेछ।

११. **पदपूर्तिसम्बन्धी विशेष व्यवस्था**: (१) निजामती सेवालाई समावेशी बनाउन दफा १० को उपदफा (१) बमोजिम खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये उनन्चास प्रतिशत पद छुट्याई सो प्रतिशतलाई सतप्रतिशत मानी त्यसको पचास प्रतिशत पदमा महिलाहरूबीच मात्र र बाँकी पचास प्रतिशत पदमा उपदफा (३) बमोजिमको समूहका उम्मेदवारहरूबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

(२) उपदफा (१) बमोजिम महिलाहरूबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गर्नका लागि छुट्याइएको पचास प्रतिशत पदलाई शतप्रतिशत मानी देहायका समूहका महिला उम्मेदवारहरूबीच देहायबमोजिम छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछः-

(क) खस आर्य - सत्ताइस दशमलव सात प्रतिशत

(ख) आदिवासी जनजाति - पच्चीस दशमलव सात प्रतिशत

११

माननीय प्रतिमा रावल
सदस्य

चन्द्रकला पौडेल
सचिव

(ग) मधेसी - पन्ध्र दशमलव तीन प्रतिशत

(घ) दलित - बाह्र दशमलव सात प्रतिशत

(ङ) थारु - छ दशमलव छ प्रतिशत

(च) मुस्लिम - चार प्रतिशत

(छ) पिछडिएको क्षेत्र - चार प्रतिशत

(ज) अपाङ्गता भएका व्यक्ति - चार प्रतिशत

**स्पष्टीकरण**: खण्ड (छ) र उपदफा (३) को खण्ड (छ) को प्रयोजनका लागि "पिछडिएको क्षेत्र" भनी निर्धारित स्थानीय तह सम्झनु पर्छ।

(३) उपदफा (२) बमोजिमको पद बाहेकको बाँकी पचास प्रतिशत पदलाई शतप्रतिशत मानी देहायका समूहका उम्मेदवारहरूबीच देहायबमोजिम छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ:-

(क) आदिवासी जनजाति - बत्तीस दशमलव पाँच प्रतिशत

(ख) मधेसी - उन्नाइस प्रतिशत

(ग) दलित - पन्ध्र दशमलव पाँच प्रतिशत

(घ) विपन्न खस आर्य - दस प्रतिशत

(ङ) थारु - नौ प्रतिशत

(च) मुस्लिम - पाँच प्रतिशत

(छ) पिछडिएको क्षेत्र - पाँच प्रतिशत

(ज) अपाङ्गता भएका व्यक्ति - चार प्रतिशत

**स्पष्टीकरण**: खण्ड (घ) को प्रयोजनका लागि "विपन्न खस आर्य" भन्नाले प्रचलित कानूनबमोजिम गरिबीको परिचयपत्र प्राप्त खस आर्य समुदायको व्यक्ति र त्यसरी परिचयपत्र उपलब्ध नगराएसम्मका लागि नेपाल सरकारले निर्धारण गरेभन्दा कम वार्षिक आय भएको भनी सम्बन्धित स्थानीय तहले सिफारिस गरी पठाएको खस आर्य समुदायको व्यक्ति सम्झनु पर्छ।

(४) उपदफा (२) बमोजिम कुनै समूहको महिलाका लागि छुट्याइएको सबै वा केही पदमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा आवश्यक सङ्ख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकेमा त्यस्तो पदमा सोही उपदफा बमोजिम अन्य समूहको महिलाका लागि भएको विज्ञापनमा लिखित परीक्षा उत्तीर्ण भई लिखित परीक्षा पछिका परीक्षामा सहभागी भएका तर सिफारिस हुन नसकेका उम्मेदवारमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई सिफारिस गरी पदपूर्ति गर्नुपर्नेछ।

तर लिखित परीक्षा पछिको चरणमा हुने कुनै परीक्षाको उत्तीर्णाङ्क तोकिएको भएमा त्यस्तो परीक्षामा उत्तीर्णाङ्क प्राप्त नगरेका उम्मेदवारलाई सिफारिस गरिने छैन।

(५) उपदफा (३) बमोजिम कुनै समूहका लागि छुट्याइएको सबै वा केही पदमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा आवश्यक सङ्ख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकेमा सोही उपदफाबमोजिम अन्य समूहका लागि भएको विज्ञापनमा लिखित परीक्षा उत्तीर्ण



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा रावल
मन्त्री

भई लिखित परीक्षा पछिका परीक्षामा सहभागी भएका तर सिफारिस हुन नसकेका उम्मेदवारमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई सिफारिस गरी पदपूर्ति गर्नु पर्नेछ।

तर लिखित परीक्षा पछिको चरणमा हुने कुनै परीक्षाको उत्तीर्णाङ्क तोकिएको भएमा त्यस्तो परीक्षामा उत्तीर्णाङ्क प्राप्त नगरेका उम्मेदवारलाई सिफारिस गरिने छैन।

(६) उपदफा (४) वा (५) बमोजिम कुनै समावेशी समूहको उम्मेदवार सिफारिस हुन नसकी अर्को समावेशी समूहको उम्मेदवार सिफारिस गरी पदपूर्ति गरिएकोमा त्यसपछि लगत्तै अर्को पटक हुने विज्ञापनमा प्रतिशत निर्धारण गर्दा जुन समावेशी समूहबाट जति सङ्ख्यामा थप पदपूर्ति भएको हो त्यति सङ्ख्यामा त्यसरी पदपूर्ति भएको समावेशी समूहमा कायम भएको सङ्ख्याबाट घटाई पहिले पदपूर्ति हुन नसकेको समावेशी समूहमा पद कायम हुनेछ । यसरी पद सङ्ख्या कायम गर्ने व्यवस्था उपदफा (४) वा (५) बमोजिम पदपूर्ति भए पछि हुने एक पटकको विज्ञापनको हकमा मात्र लागू हुनेछ।

(७) उपदफा (२) वा (३) बमोजिम छुट्याइएको पदमा उपदफा (४) वा (५) बमोजिमसमेत पूर्ति हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने सोही समूहको विज्ञापनमा समावेश गरिनेछ। त्यसरी गरिएको विज्ञापनमा समेत सम्बन्धित समूहबाट पदपूर्ति हुन नसकेमा त्यस्तो पद उपदफा (४) वा (५) बमोजिम पूर्ति गरिनेछ र त्यसरी समेत पूर्ति हुन नसकेमा त्यस्तो पद सोही वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गरिनेछ।

तर सो वर्ष खुला प्रतियोगताद्वारा पूर्ति हुने गरी विज्ञापन नभएकोमा त्यस्तो पद अर्को वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति गर्ने पदमा समावेश गरी पदपूर्ति गर्नु पर्नेछ।

(८) दफा १० र यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास प्रकृतिको कार्य वा पदका लागि महिलाले मात्र प्रतिस्पर्धा गर्न पाउने गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पद तोकन सक्नेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) वा (३) बमोजिम अपाङ्गता भएका व्यक्तिका लागि छुट्याइएको पदमा कुनै खास प्रकृतिको कामका लागि खास प्रकृतिका मात्र अपाङ्गता भएका व्यक्तिले मात्र प्रतिस्पर्धा गर्न पाउने गरी प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्न सकिनेछ।

(१०) यस दफा बमोजिमको सुविधा एक व्यक्तिले राजपत्र अनङ्कित पदमा एकपटक र राजपत्राङ्कित पदमा एक पटक मात्र लिन पाउनेछ।

(११) उपदफा (२) वा (३) बमोजिमको समूहका लागि छुट्याइएको पदमा उम्मेदवार हुन चाहने व्यक्तिले आफूले बुझाउने दरखास्त फारामसँग आफू सम्बन्धित समूहको व्यक्ति भएको प्रमाणित हुने कागजात पेस गर्नु पर्नेछ।

(१२) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफाबमोजिम अपाङ्गता भएका व्यक्तिको हैसियतमा सो समूहबाट प्रतिस्पर्धा गर्न चाहने उम्मेदवारले बुझाउने दरखास्तको साथमा प्रचलित कानूनबमोजिमको अपाङ्गताको प्रमाणपत्रसमेत पेस गर्नु पर्नेछ।

माननीय प्रतिमा रावल
मन्त्री

चन्द्रकला पौडेल
सचिव

(१३) उपदफा (२) को खण्ड (छ) वा उपदफा (३) को खण्ड (छ) बमोजिम छुट्याइएको पदमा नियुक्तिको लागि सिफारिस भएका व्यक्तिलाई निजको स्थायी ठेगाना भएको प्रदेशमा पदस्थापन गर्नु पर्नेछ र त्यसरी पदस्थापन भएको प्रदेशमा कम्तीमा दुई वर्ष सेवा नगरी अन्यत्र सरुवा गरिने छैन।

तर लोक सेवा आयोगको सिफारिस बमोजिम स्थायी ठेगाना भएको प्रदेश बाहेकको अन्य प्रदेशमा पदस्थापन भएका त्यस्ता राजपत्र अनङ्कित कर्मचारीलाई पदस्थापन भएको दुई वर्ष अवधि व्यतित भएपछि निजको स्थायी ठेगाना भएको जिल्लामा र त्यस्तो जिल्लामा पद उपलब्ध नभएमा निजको स्थायी ठेगाना भएको प्रदेशमा सरुवा गर्नु पर्नेछ र त्यसरी सरुवा भएको जिल्ला वा प्रदेशमा दुई वर्ष सेवा नगरी निजलाई अन्यत्र सरुवा गरिने छैन।

(१४) उपदफा (१) बमोजिम समावेशी प्रतिस्पर्धाबाट सेवा प्रवेश गरेका निजामती कर्मचारीको वृत्ति विकास, नेतृत्व तथा व्यावसायिक क्षमता अभिवृद्धिका लागि सम्बन्धित मन्त्रालय वा निकायले क्षमता विकास सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(१५) उपदफा (१) बमोजिम प्रतिस्पर्धात्मक प्रकृयाबाट सेवा प्रवेश गरेका अपाङ्गता वा विशेष क्षमता भएका निजामती कर्मचारीको लागि अनुकूल कार्यस्थल, सुविधा तथा सहयोग सुनिश्चित गर्नु पर्नेछ।

यस उपदफाको प्रयोजनका लागि महिला कर्मचारीहरुको हकमा बाल हेरचाह कक्षको व्यवस्था लगायतका सुविधालाई समेत बुझाउनेछ।

(१६) नेपाल सरकारले यस दफा बमोजिमको प्रावधान प्रत्येक पाँच वर्षमा पुनरावलोकन गर्नेछ।

१२. <u>लोक सेवा आयोगको सिफारिसमा नियुक्ति हुने</u>: (१) खुला प्रतियोगिता र अन्तरतह प्रतियोगिताद्वारा पूर्ति हुने पदमा लोक सेवा आयोगको सिफारिसमा नियुक्ति गरिनेछ।

(२) दफा १० र ११ बमोजिम पदपूर्तिका लागि लोक सेवा आयोगले पदसङ्ख्या निर्धारण गरी विज्ञापन गर्नेछ।

(३) उपदफा (२) बमोजिम पदसङ्ख्या निर्धारण गर्दा कुनै विवाद आएमा लोक सेवा आयोगको निर्णय अन्तिम हुनेछ।

१३. <u>पदपूर्तिका लागि माग गर्ने</u>: (१) सङ्घीय निजामती सेवाको कुनै पद रिक्त भएमा सम्बन्धित कार्यालयले त्यसरी पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र सोको विवरण आफूभन्दा माथिल्लो निकायसमक्ष पठाउनु पर्नेछ।

तर अनिवार्य अवकाशका कारण रिक्त हुने पदको हकमा अवकाश हुनुभन्दा छ महिना अगावै विवरण पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विवरण प्राप्त भएपछि सो निकायले सरुवाद्वारा पूर्ति गर्न सकिने भए पूर्ति गर्नुपर्नेछ र सरुवाद्वारा पूर्ति गर्न नसकिने भए राजपत्राङ्कित वा अधिकृतस्तरको पदको हकमा सेवा सञ्चालन गर्ने निकायमार्फत मागफाराम भरी मन्त्रालयमा पठाउनु पर्नेछ र

माननीय प्रतिभा रावल
मन्त्री

राजपत्र अनङ्कित वा सहायकस्तरको पदको हकमा रिक्त पदको विवरण मन्त्रालयमा पठाई केन्द्रीय अभिलेखबाट यकिन भएको विवरण प्राप्त भएपछि मात्र कार्यालयले लोकसेवा आयोगमा पदपूर्तिका लागि लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम राजपत्र अनङ्कित वा सहायकस्तरको पदमा लोक सेवा आयोगमा माग गर्न लेखी आएपछि सम्बन्धित कार्यालयले लोक सेवा आयोगको पदपूर्तिसम्बन्धी कार्यतालिकाबमोजिम निर्धारित समयमा मागको आकृति फाराम भरी लोक सेवा आयोगमा पठाउनु पर्नेछ र सोको जानकारी मन्त्रालय र सम्बन्धित माथिल्लो निकायमा पठाउनु पर्नेछ। राजपत्र अनङ्कित वा सहायकस्तरको पदमा पदपूर्तिका लागि लोक सेवा आयोगमा माग पठाइसकेपछि त्यस्तो पदमा सरुवा वा अन्य कुनै प्रकृयाबाट पदपूर्ति गर्न पाइने छैन।

(४) मन्त्रालयले राजपत्राङ्कित वा अधिकृतस्तरको रिक्त पदपूर्तिका लागि लोक सेवा आयोगको पदपूर्तिसम्बन्धी कार्यतालिका बमोजिम निर्धारित समयमा लोक सेवा आयोगमा पुग्ने गरी पदपूर्तिका लागि माग पठाई सेवा सञ्चालन गर्ने निकायलाई समेत जानकारी गराउनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम पदपूर्तिका लागि माग गर्दा उपदफा (१) बमोजिम रिक्त हुन आएका पद र सो आर्थिक वर्षभित्र अनिवार्य अवकाश तथा बढुवाबाट रिक्त हुने पदसमेत यकिन गरी माग गर्न सकिनेछ।

१४. **पदपूर्तिमा बन्देज**: (१) सङ्घीय निजामती सेवाको पदमा यस ऐनमा व्यवस्था भएदेखि बाहेक अन्य तरिकाबाट पदपूर्ति गरी नियुक्ति गरिने छैन।

(२) उपदफा (१) विपरीत नियुक्ति गरेमा त्यस्तो नियुक्ति स्वतः बदर हुनेछ र त्यस्तो व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधा नियुक्ति गर्ने अधिकारीबाट असुलउपर गरिनेछ।

(३) सङ्घीय निजामती सेवाको कुनै पद सिर्जना वा रिक्त भएको मितिले एक वर्षसम्म स्थायी पदपूर्तिको प्रक्रिया अघि नबढाइएमा त्यस्तो पद स्वतः खारेज हुनेछ। यसरी खारेज भएको पदसम्बन्धी विवरण सम्बन्धित निकायले त्यस्तो पद खारेज भएको सात दिनभित्र मन्त्रालय र राष्ट्रिय किताबखानालाई दिनु पर्नेछ। त्यस्तो विवरण प्राप्त भएपछि मन्त्रालय र राष्ट्रिय किताबखानाले सोको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ।

तर लोक सेवा आयोगबाट पदपूर्तिको लागि कारबाही भइरहेको र बढुवाको लागि कारबाही सुरु भइसकेको पद खारेज हुने छैन।

(४) उपदफा (३) बमोजिम रिक्त पदको माग आकृति फाराम नपठाउने वा रिक्त पदको जानकारी नदिने कार्यालय प्रमुख वा विभागीय प्रमुखलाई विभागीय कारबाही गर्न सकिनेछ।

१५. **नियुक्ति**: (१) सङ्घीय निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत र राजपत्राङ्कित प्रथम श्रेणीको पदमा नेपाल सरकारले र राजपत्राङ्कित द्वितीय वा तृतीय श्रेणीको पदमा सेवा, समूह सञ्चालन गर्ने मन्त्रालय वा निकायको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव वा सो



माननीय प्रतिमा रावल
मन्त्री

चन्द्रकला पौडेल
सचिव

सरहको अधिकृतले नियुक्ति गर्नेछ। यसरी गरिएको नियुक्तिको सूचना सेवा, समूह सञ्चालन गर्ने मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) सङ्घीय निजामती सेवाको राजपत्र अनङ्कित पदमा विभागीय प्रमुख वा राजपत्राङ्कित श्रेणीको कार्यालय प्रमुखले नियुक्ति गर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम नियुक्ति गर्दा बढुवाद्वारा सिफारिस भएको निजामती कर्मचारीको हकमा दफा ४० बमोजिम ज्येष्ठता कायम हुने गरी र अन्तरतह प्रतियोगिताद्वारा सिफारिस भएको निजामती कर्मचारीको हकमा लोक सेवा आयोगबाट सिफारिस भएको भोलिपल्टको मितिबाट ज्येष्ठता कायम हुने गरी गर्नु पर्नेछ।

(४) खुला प्रतियोगिताद्वारा सिफारिस भई नियुक्ति पाएको निजामती कर्मचारीको हकमा लोक सेवा आयोगबाट सिफारिस भएको भोलिपल्टको मितिबाट ज्येष्ठता लागु हुनेछ।

तर त्यसरी सिफारिस भएको व्यक्तिले बाटोको म्याद बाहेक सात दिनभित्र नियुक्ति नलिए वा सम्बन्धित कार्यालयमा हाजिर नभएमा निजको हकमा हाजिर भएको मितिबाट ज्येष्ठता लागू हुनेछ।

(५) लोक सेवा आयोगबाट सिफारिस भएको उम्मेदवारले काबु बाहिरको परिस्थिति बाहेकको अवस्थामा एक्काईस दिनभित्र नियुक्ति लिन नआएमा निजको नियुक्ति रद्द गरिनेछ।

(६) सङ्घीय निजामती सेवाको रिक्त पदमा नयाँ नियुक्तिद्वारा वा सरुवा गरी पदपूर्ति गर्दा जुन पदको दरबन्दी हो सोही पदका कर्मचारीबाट मात्र पदपूर्ति गर्नु पर्नेछ।

१६. **पदस्थापन**: (१) खुला वा बढुवा प्रक्रियाबाट नियुक्तिका लागि सिफारिश भएका कर्मचारीको पदस्थापन लोकसेवा आयोगमा पठाएको माग आकृति विवरणमा उल्लेखित रिक्त पद र कार्यालयमा सिफारिशको योग्यताक्रम अनुसार गर्नु पर्नेछ।

तर कार्यालय प्रमुख, विभागीय प्रमुख वा आयोजना प्रमुखका पदमा शैक्षिक योग्यता, तालीम, कार्यअनुभवका अतिरिक्त पदस्थापन गरिने पद अनुकूलको नेतृत्व क्षमता, कार्यदक्षता, व्यावसायिकता र सदाचारिता समेतको क्षमता नक्साङ्कनका आधारमा हुनेछ।

(२) सरुवा भई पदस्थापन गर्दा शैक्षिक योग्यता, तालीम र कार्यअनुभवलाई प्राथमिकता दिनु पर्नेछ।

(३) निजामती कर्मचारीको पदस्थापन गर्नुपूर्व पदस्थापन गरिने पदको कार्य प्रकृति, जवाफदेहिता, पेशागत आचारसंहिता, सेवा प्रवाह तथा नतीजा कार्यढाँचा, भौगोलिक विषमता एवं सामाजिक, सांस्कृतिक- विविधता समेतका विषयमा पूर्व-अभिमुखीकरण गरिनेछ।

(४) उपदफा (१) बमोजिम पदस्थापन भएका कार्यालय प्रमुख, विभागीय प्रमुख वा आयोजना प्रमुखको हकमा सम्बन्धित पदको लागि निजको कार्यसम्पादनस्तर, जवाफदेहिता, संस्थागत सुशासनको अवस्था, उपलब्धी एवं नतीजाको आधारमा उपयुक्तताको परीक्षण गर्नुपर्नेछ।

चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा रावल
मन्त्री

(५) राजपत्राङ्कित प्रथम श्रेणीको विभागीय प्रमुखको पदमा पदस्थापन गर्दा मन्त्रालयको सहमति लिनुपर्नेछ। मन्त्रालयले त्यस्तो पदमा पदस्थापनको लागि सहमति दिँदा सम्बन्धित मन्त्रालयसँग समन्वय गरी उल्लिखित कुराहरुको अतिरिक्त सो पदमा नेतृत्व वहन गर्न सक्ने क्षमता र दक्षता भएको कर्मचारीलाई सहमति प्रदान गर्नेछ ।

(६) खुला वा बढुवा प्रक्रियाबाट नियुक्त हुने राजपत्र अनङ्कित द्वितीय श्रेणी देखि राजपत्राङ्कित द्वितीय श्रेणी सम्मका कर्मचारीको शुरु पदस्थापन गर्दा दफा २६ को उपदफा (३) बमोजिम गर्नु पर्नेछ।

(७) नेपाल सरकारको विशिष्ट श्रेणीको सचिव वा सो सरहको पद र केन्द्रीय निकायको विभागीय प्रमुखको पदमा बहालवाला पदाधिकारीसँगै रही काम गर्न र बरबुझारथ गराउन पन्ध्र दिनसम्मको लागि विशेष पद स्वतः सिर्जना हुने गरी बहालवाला पदाधिकारी अवकाश हुनु अगावै पदस्थापन गराउन सकिनेछ।

१७. <u>व्यक्तिगत विवरण</u>: (१) सङ्घीय निजामती सेवामा नियुक्ति भएका कर्मचारीले नियुक्ति भएको तीस दिनभित्र आफ्नो व्यक्तिगत विवरण (सिटरोल) तयार गरी कार्यरत कार्यालयमा पेस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको व्यक्तिगत विवरण सम्बन्धित कार्यालय प्रमुखले प्राप्त गरेको सात दिनभित्र प्रमाणित गरी आवश्यक कागजातसहित राष्ट्रिय किताबखानामा पठाउनु पर्नेछ।

(३) राष्ट्रिय किताबखानाले व्यक्तिगत विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र दर्ता गरी सम्बन्धित कर्मचारीलाई सङ्केत नम्बर उपलब्ध गराउनु पर्नेछ। त्यस्तो सङ्केत नम्बर त्यस्ता कर्मचारीको सरुवा, बढुवालगायत पत्राचारमा प्रयोग गरिनेछ।

(४) कर्मचारीको व्यक्तिगत विवरण दुरुस्त राख्न लगाउने जिम्मेवारी सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखको हुनेछ।

(५) आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गर्ने गराउने दायित्व सम्बन्धित कर्मचारीको हुनेछ।

(६) यस दफाबमोजिम राखिएको अभिलेख सरकारी वा अदालती प्रयोजनका लागि मात्र उपयोग गर्न सकिनेछ।

तर सम्बन्धित कर्मचारीले वा अशक्त भएको वा मृत्यु भएको कर्मचारीको हकवालाले माग गरेका बखत त्यस्तो अभिलेखमा रहेको विवरण उपलब्ध गराउनु पर्नेछ।

१८. <u>उम्मेदवार हुनका लागि योग्यता</u>: (१) देहायको योग्यता भएको नेपाली नागरिक सङ्घीय निजामती सेवाको पदमा उम्मेदवार हुन सक्नेछः-

(क) राजपत्र अनङ्कित वा सहायक तहको पदमा अठार वर्ष उमेर पूरा भएको,

(ख) राजपत्राङ्कित वा अधिकृत तहको पदमा एक्काईस वर्ष उमेर पूरा भएको,



माननीय प्रतिमा राक्स मन्त्री

चन्द्रकला पौडेल सचिव

(ग) पुरुष उम्मेदवारको हकमा बत्तीस वर्ष र महिला उम्मेदवारको हकमा पैंतीस वर्ष उमेर पूरा नभएको,

तर,

(१) भूतपूर्व सैनिक वा प्रहरी नियुक्ति हुने भनी तोकिएको सङ्घीय निजामती सेवाको पदमा चालीस वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ।

(२) अधिकृत नवौं र अधिकृत एघारौं तहको पदका लागि हुने खुला प्रतियोगितामा उनन्चालिस वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ।

(३) अपाङ्गता भएको व्यक्ति उनन्चालिस वर्षसम्म उम्मेदवार हुन सक्नेछ।

(४) सङ्घीय निजामती सेवा, सङ्घीय संसद सचिवालय सम्बन्धी प्रचलित कानून बमोजिमको सेवा वा नेपाल स्वास्थ्य सेवा सम्बन्धी प्रचलित कानून बमोजिमको सेवाका स्थायी कर्मचारी, कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानूनबमोजिम सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका कर्मचारी वा लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई प्रदेश निजामती सेवा वा स्थानीय सेवामा स्थायी नियुक्ति भएका बहालवाला कर्मचारीलाई उमेरको हद लाग्ने छैन।

(५) यस ऐनबमोजिम अन्तरतह प्रतियोगिता वा बढुवाका लागि उम्मेदवार हुन उमेरको हद लाग्ने छैन।

(घ) सम्बन्धित पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेको।

(२) देहायको व्यक्ति सङ्घीय निजामती सेवाको पदमा उम्मेदवार हुन सक्ने छैन:-

(क) भ्रष्टाचार, सरकारी वा सार्वजनिक लिखत किर्ते, राष्ट्रहित विरुद्धको कसुर, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्त्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, बहुविवाह, जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

(ख) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सरकारी सेवाबाट बर्खास्त गरिएको,

(ग) विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको।



चन्द्रकान्त पौडेल
सचिव

माननीय प्रतिभा रावल
मन्त्री

१९. **अस्थायी नियुक्तिः** (१) लोक सेवा आयोगले आफूले सञ्चालन गरेको परीक्षामा स्थायी नियुक्तिका लागि सिफारिस नभएका उम्मेदवारहरु मध्येबाट अस्थायी नियुक्ति गर्ने प्रयोजनको लागि छुट्टै योग्यताक्रम अनुसारको सूची प्रकाशन गर्नेछ।

(२) निजामती सेवाको कुनै रिक्त पदमा अस्थायी नियुक्ति गर्नु पर्ने भएमा सम्बन्धित मन्त्रालयले लोक सेवा आयोगमा लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा लोक सेवा आयोगले योग्यताक्रमको सूचीमा रहेका व्यक्तिलाई सम्बन्धित मन्त्रालयको मागको आधारमा अस्थायी नियुक्ति गर्न नाम सिफारिस गरी पठाउनेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएका व्यक्तिलाई एक वर्षमा नबढ्ने गरी त्यस्तो पदमा स्थायी पदपूर्ति नभएसम्मको लागि सम्बन्धित मन्त्रालयले अस्थायी नियुक्ति गर्नेछ।

(५) उपदफा (४) बमोजिम अस्थायी नियुक्ति गरेको जानकारी सम्बन्धित मन्त्रालयले सात दिनभित्र मन्त्रालयलाई दिनु पर्नेछ।

(६) यस ऐन विपरीत कसैले अस्थायी नियुक्ति गरेमा त्यसरी नियुक्ति भएको व्यक्तिले खाइपाई आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्त गर्ने पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

२०. **ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने**: दफा १० को उपदफा *(१३)* बमोजिम बाहेक निजामती कर्मचारीले गर्नुपर्ने कामका लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन।

२१. **पदाधिकार र जिम्मेवारी**: (१) देहायको अवस्थामा निजामती कर्मचारीको आफ्नो पदमाथिको पदाधिकार कायम रहनेछ :-

(क) आफ्नो पदमा कामकाज गरिरहँदासम्म,

(ख) अर्को पदमा सरुवा भई कार्यभार सम्हाल्न पाइने म्यादसम्म,

(ग) बिदामा रहेको अवधिभर,

(घ) निलम्बनमा रहेको अवधिभर,

(ङ) अर्को पदमा कायममुकायम भई काम गरेको अवधिभर,

(च) काजमा खटिएको अवधिभर।

(२) देहायको अवस्थामा बाहेक कुनै निजामती कर्मचारीलाई जिम्मेवारी नदिई पन्ध्र दिनभन्दा बढी अवधिसम्म राख्न सकिने छैनः-

(क) बिदामा रहेकोमा,

(ख) निलम्बन भएकोमा,

(ग) सेवा समूहअनुसारको पद वा दरबन्दी नभई फाजिलमा परेकोमा।

(३) उपदफा (२) विपरीत कुनै निजामती कर्मचारीलाई पदीय जिम्मेवारी नदिई राखेमा जिम्मेवारी दिई काममा लगाउनुपर्ने दायित्व भएको पदाधिकारीलाई विभागीय कारवाही हुनेछ।



माननीय प्रतिमा राउत मन्त्री

चन्द्रकला पौडेल सचिव

२२. **शपथग्रहण**: सङ्घीय निजामती सेवाको राजपत्र अनङ्कित वा राजपत्राङ्कित पदमा पहिलो पटक नियुक्ति भई आफ्नो कार्यभार सम्हाल्नु अघि प्रत्येक निजामती कर्मचारीले अनुसूची बमोजिम शपथ ग्रहण गर्नुपर्नेछ।

२३. **परीक्षणकाल**: (१) सङ्घीय निजामती सेवाको पदमा नियुक्ति गर्दा एक वर्ष परीक्षणकालमा रहने गरी गरिनेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षणकालमा निजको काम सन्तोषजनक नभएमा निजको नियुक्ति बदर गर्न सकिनेछ।

तर नियुक्ति बदर गर्नुअघि निजलाई सफाई पेश गर्ने मनासिब मौका प्रदान गरिनेछ ।

(३) परीक्षणकालमा नियुक्ति बदर नगरिएका निजामती कर्मचारीको नियुक्ति परीक्षणकाल समाप्त भएपछि स्वतः सदर भएको मानिनेछ।

तर सङ्घीय निजामती सेवा, सङ्घीय संसद सचिवालय सम्बन्धी प्रचलित कानून बमोजिमको सेवा, नेपाल स्वास्थ्य सेवा सम्बन्धी प्रचलित कानून बमोजिमको सेवा, प्रदेश निजामती सेवा वा स्थानीय सेवामा एक पटक परीक्षणकाल पूरा गरेको कर्मचारीलाई पुनः परीक्षणकालमा राखिने छैन।

२४. **राजपत्राङ्कित विशिष्ट श्रेणीका कर्मचारीको पदावधि**: (१) राजपत्राङ्कित विशिष्ट श्रेणी अन्तर्गत देहायको तहका निजामती कर्मचारीको पदावधि देहाय बमोजिम हुनेछः-

(क) अधिकृत चौधौं तहका निजामती कर्मचारीको दुई वर्ष र

(ख) अधिकृत तेह्रौं तहका निजामती कर्मचारीको दुई वर्ष।

(२) उपदफा (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले कार्यदक्षताको आधारमा अधिकृत तेह्रौं तहका निजामती कर्मचारीको पदावधि बढीमा एक वर्ष थप गर्न सक्नेछ।

२५. **कायममुकायम र निमित्त**: (१) विभागीय प्रमुख वा कार्यालय प्रमुखको पद रिक्त भएमा वा त्यस्तो पदमा बहालवाला कर्मचारी पन्ध्र दिनभन्दा बढी समयसम्म विदामा बसेमा, बिदा स्वीकृत नगराई सात दिनभन्दा बढी अवधि कार्यालयमा अनुपस्थित भएमा वा प्रचलित कानूनबमोजिम निलम्बनमा रहेमा सो पदमा तत्काल काम चलाउनका लागि समान श्रेणी वा तहको वा बढुवाका लागि सम्भाव्य उम्मेदवार भइसकेको एक श्रेणी वा तह मुनिको वरिष्ठतम निजामती कर्मचारीलाई बढीमा छ महिनाका लागि कायममुकायम मुकरर गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम कुनै पदमा कायममुकायम मुकरर गरिसकेपछि सोही वा अन्य कर्मचारीलाई पुनः सोही पदमा कायममुकायम मुकरर गर्न सकिने छैन।

(३) उपदफा (१) वा (२) विपरीत कुनै निजामती कर्मचारीलाई कायममुकायम मुकरर गरेमा निजले सो पदमा रहँदा खाइपाइ आएको तलब, भत्ता र अन्य सुविधाबापतको रकम कायममुकायम मुकरर गर्ने पदाधिकारीबाट असुलउपर गरिनेछ।



माननीय प्रतिमा रावल
मन्त्री

(४) कुनै कार्यालयको प्रमुख कुनै कारणले कार्यालयमा अनुपस्थित भएमा त्यस्तो कार्यालयमा कार्यरत निजामती कर्मचारीमध्ये वरिष्ठतम कर्मचारीले निजको निमित्त जनाई दैनिक कार्य सञ्चालन गर्नुपर्नेछ।

**स्पष्टीकरण**: यस उपदफाको प्रयोजनका लागि "दैनिक कार्य सञ्चालन" भन्नाले आर्थिक दायित्व पर्ने कार्य, न्यायिक वा अर्ध न्यायिक प्रकृतिको कार्य र प्रचलित कानूनमा कार्यालय प्रमुखले आफैंले गर्नुपर्ने भनी तोकिएका कार्य बाहेक त्यस्तो पदले दैनिक रूपमा सम्पादन गर्नुपर्ने सामान्य प्रशासनिक कार्य सम्झनु पर्छ।

## परिच्छेद-४

## सरुवा र काज

२६. सरुवा गर्ने अधिकार: (१) निजामती कर्मचारीलाई देहायको अधिकारीले सरुवा गर्न सक्नेछ:-

(क) राजपत्राङ्कित विशिष्ट श्रेणीका कर्मचारीलाई नेपाल सरकार, मन्त्रिपरिषद्ले,

(ख) एक मन्त्रालय वा केन्द्रीयस्तरको निकाय वा अन्तर्गतको विभाग वा कार्यालयको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीलाई अर्को मन्त्रालय वा केन्द्रीयस्तरको निकाय वा अन्तर्गतको विभाग वा कार्यालयमा नेपाल सरकार, मन्त्रिपरिषद्ले,

(ग) कुनै मन्त्रालय वा केन्द्रीयस्तरको निकाय वा अन्तर्गतको विभाग वा कार्यालयको राजपत्राङ्कित प्रथम श्रेणीसम्मको कर्मचारीलाई सोही मन्त्रालय वा केन्द्रीयस्तरको निकाय वा अन्तर्गतको विभाग वा कार्यालयमा सम्बन्धित मन्त्रालय वा केन्द्रीयस्तरको निकायको सचिवले,

(घ) एक मन्त्रालय वा केन्द्रीयस्तरको निकाय वा अन्तर्गतको विभाग वा कार्यालयको राजपत्राङ्कित द्वितीय श्रेणीसम्मको कर्मचारीलाई अर्को मन्त्रालय वा केन्द्रीयस्तरको निकाय वा अन्तर्गतको विभाग वा कार्यालयमा मन्त्रालयको सचिवले,

(ङ) खण्ड (क), (ख), (ग) वा (घ) मा उल्लेख भए बाहेक अन्य पदमा तोकिएको अधिकारीले।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको पदको सरुवा देहायबमोजिम हुनेछ:-

(क) नेपाल न्याय सेवाको राजपत्राङ्कित कर्मचारीको सरुवा गर्दा न्याय सेवा आयोगको सिफारिसको आधारमा गर्नुपर्ने,

(ख) नेपाल परराष्ट्र सेवाको कर्मचारीलाई परराष्ट्र मन्त्रालयले सरुवा गर्ने,

(ग) नेपाल प्रशासन सेवाको लेखा समूहको कर्मचारीलाई महालेखा नियन्त्रकले सरुवा गर्ने।

(३) राजपत्र अनङ्कित द्वितीय श्रेणी देखि राजपत्राङ्कित द्वितीय श्रेणीसम्मका निजामती कर्मचारीलाई सेवाप्रवाह, नीति कार्यान्वयन र नीति तर्जुमा गर्ने कार्यालय वा निकायको क्रमशः

अनुभव हासिल हुने गरी न्यूनतम एक अवधिका लागि चक्रिय आधारमा सरुवा वा पदस्थापन हुने व्यवस्था गर्नु पर्नेछ।

(४) राजपत्राङ्कित तृतीय श्रेणी अधिकृतस्तरको कर्मचारीलाई न्यूनतम एक कार्य अवधि पुरा नभई कार्यालय प्रमुखको जिम्मेवारीमा सरुवा वा शुरु पदस्थापन गरिने छैन।

(५) सबै भौगोलिक क्षेत्रमा सेवा, समूह वा उपसमूह सम्बन्धी पद नभएको निजामती कर्मचारी र राजपत्राङ्कित विशिष्ट श्रेणी तथा राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी बाहेक अन्य निजामती कर्मचारीको सरुवा गर्दा सम्बन्धित अख्तियारवालाले उपदफा (८) बमोजिम अवधि तोकी देहायबमोजिम सरुवा गर्नु पर्नेछः-

(क) "क" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कार्यरत कर्मचारीलाई "घ" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा,

(ख) "घ" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कार्यरत कर्मचारीलाई "ग" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा,

(ग) "ग" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कार्यरत कर्मचारीलाई "ख" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा,

(घ) "ख" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा कार्यरत कर्मचारीलाई "क" वर्गको भौगोलिक क्षेत्रको कार्यालयमा,

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सबै भौगोलिक क्षेत्रमा पद नभएका सेवा, समूह र श्रेणी वा तहका कर्मचारीहरूलाई पद भएका क्षेत्रमा वस्तुगत मापदण्ड बनाएर सरुवा गर्न सकिनेछ।

(७) उपदफा (५) र (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्थानमा कार्यरत निजामती कर्मचारी अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने देखिएको कुरा नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेमा त्यस्तो निजामती कर्मचारीलाई मन्त्रालयको सहमति लिई उपचार गराउन सहज हुने स्थानको कार्यालयमा सरुवा गर्न सकिनेछ।

(८) राजपत्राङ्कित विशिष्ट श्रेणीका निजामती कर्मचारीलाई आवश्यकता अनुसार र अन्य निजामती कर्मचारीलाई देहायको समयावधि पूरा भएपछि मात्र अन्तरमन्त्रालय सरुवा गरिनेछ।

(क) राजपत्रांकित प्रथम श्रेणीको निजामती कर्मचारीको न्युनतम एक वर्ष

(ख) राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणीका निजामती कर्मचारीलाई तीन वर्ष, सहायकस्तरका कर्मचारीहरुको चार वर्ष पूरा नभई शुरु पदस्थापन वा सरुवा भएको मन्त्रालय वा संवैधानिक निकायबाट अर्को मन्त्रालय वा संवैधानिक निकायमा सरुवा गरिने छैन।

तर मन्त्रालय वा अन्तरगत निकायमा न्यूनतम २ वर्ष पुरा भएपछि सरुवा गर्न सकिनेछ।

उपदफा (२) को खण्ड (क), (ख) र (ग) को हकमा उक्त निकायहरुले निर्धारण गरे बमोजिम हुनेछ।



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिभा रावल
मन्त्री

(ख) नेपाल परराष्ट्र सेवाअन्तर्गतका निजामती कर्मचारीलाई वैदेशिक नियोगमा गरिने सरुवासम्बन्धी व्यवस्था सेवा समूहसम्बन्धी नियममा व्यवस्था भएबमोजिम हुनेछ।

(ग) मन्त्रालय वा निकाय अन्तर्गत सरुवा वा पदस्थापन गर्दा सम्बन्धित निकायले न्यूनतम र अधिकतम अवधि खुलाई गर्नु पर्नेछ। सामान्यतः कुनै निजामती कर्मचारीलाई निरन्तर एउटै सेवा समूह वा उपसमूहको समान पदको एकै जिम्मेवारी र एउटै कार्यालयमा चार बर्ष भन्दा बढी राखिने छैन।

(घ) कुनै निकायअन्तर्गतका विभिन्न सेवा, समूह वा उपसमूहका पदहरूको कुल स्वीकृत दरबन्दीमध्ये एक आर्थिक बर्षमा बढीमा तीस प्रतिशतसम्म मात्र अन्तरमन्त्रालय सरुवा गर्न सकिनेछ।

तर, माथि खण्ड (क), (ख), (ग) र (घ) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ भएपछि एकपटकको लागि कर्मचारीलाई रोज्न लगाई सरुवा गर्न बाधा पर्ने छैन।

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा राजपत्र अनङ्कित कर्मचारीलाई सरुवा गर्ने अधिकारप्राप्त अधिकारीभन्दा एक श्रेणी वा तह माथिको अधिकारीको सहमति लिई र राजपत्राङ्कित कर्मचारीलाई मन्त्रालयको सहमति लिई सरुवा गर्न सकिनेछः-

(क) कुनै स्थानमा कार्यरत निजामती कर्मचारी अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने देखिएको कुरा नेपाल सरकारद्वारा तोकिएको मेडिकल बोर्डले सिफारिस गरेमा,

(ख) कुनै निजामती कर्मचारीलाई निजको काम कारबाही, व्यवहार र आचरणको कारण कार्यरत कार्यालयमा राखी राख्न उपयुक्त नभएको पर्याप्त आधार र कारण भएमा,

(ग) सङ्घीय निजामती सेवाको कुनै दरबन्दी कटौती भई सो दरबन्दीमा कार्यरत निजामती कर्मचारी फाजिलमा परेमा वा,

(घ) कुनै निजामती कर्मचारीलाई विशेष जिम्मेवारी दिनु पर्ने औचित्य र कारण भएमा।

(१०) मन्त्रालयले अवधि नपुगी कुनै निजामती कर्मचारीको सरुवा गर्नुपर्ने भएमा बोर्डको सहमतिमा गर्न सक्नेछ।

(११) यस दफा बमोजिम सेवा समूह सञ्चालन गर्ने मन्त्रालय वा निकायले मन्त्रालयको सहमति लिई प्रत्येक आर्थिक बर्षमा कम्तीमा तीस दिनको समयसीमा राखी सरुवाको समयतालिका निर्धारण गर्नुपर्नेछ, र उक्त समयतालिका आर्थिक वर्षको पहिलो त्रैमासिक भित्र हुनुपर्नेछ।

(१२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अध्ययन बिदामा रहेको, स्वतः निलम्बनमा रहेको, छ महिनाभन्दा बढी अवधिसम्म अन्य कुनै बिदामा रहेको, तीन

महिनाभन्दा बढी अवधि अन्यत्र काजमा खटिएको वा कुनै खास कामका लागि वा कुनै खास आयोजना कार्यान्वयन गर्नका लागि खटाइएको निजामती कर्मचारीको हकमा पदाधिकार रहेको सम्बन्धित मन्त्रालय वा केन्द्रीयस्तरको निकायले मन्त्रालयको सहमति लिई सो अवधिभरका लागि विशेष पद सिर्जना गरी सम्बन्धित मन्त्रालय वा केन्द्रीयस्तरको निकायमा सरुवा गरी पदाधिकार सार्न सक्नेछ।

तर यसरी विशेष पद सिर्जना गरी पदाधिकार सारिएको कारणले मात्र त्यस्तो पद दफा ९ को प्रयोजनको लागि रिक्त मानिने छैन।

(१३) उपदफा (९) वा (१२) बमोजिम सरुवा गरिएकोमा त्यसरी सरुवा गर्नुपरेको कारण खुलाई सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।

(१४) यस ऐन बमोजिम निजामती कर्मचारीको सरुवा वा पदस्थापन गर्दा हाल सरुवा वा पदस्थापन गरिएको निकाय तथा सो निकायमा उपदफा (८) बमोजिमको अवधि पूरा भएपछि आधार र कारण खुलाई सरुवा हुने अर्को निकायसमेत खुलाई पत्र दिन सकिनेछ।

(१५) दफा ७ को उपदफा (३) बमोजिम कार्यसम्पादन सम्झौता गरिएका विभागीय प्रमुख, आयोजना प्रमुख वा कार्यालय प्रमुखलाई आर्थिक वर्ष पूरा नहुँदै सरुवा गर्नुपरेमा निजको सम्झौताबमोजिमको कार्यप्रगति अवस्था र सरुवा गर्नुपर्नाका वस्तुगत कारण स्पष्ट खोली मन्त्रालयको सहमति लिनु पर्नेछ।

(१६) संवैधानिक निकाय, मन्त्रालय वा कुनै निकाय र अन्तर्गत कार्यालयमा बहाल रहेका कुनै विशिष्टीकृत कामको विशेषज्ञता कायम भएका वा विशेष गोपनीयता कायम गर्नुपर्ने प्रकृतिका काममा संलग्न निजामती कर्मचारीलाई त्यस्तो निकायबाट अन्यत्र सरुवा गर्दा सम्बन्धित निकायसँग परामर्श गरी सरुवा गर्नु पर्नेछ।

(१७) उपदफा (१६) को प्रयोजनको लागि संवैधानिक निकाय, मन्त्रालय वा निकायले उक्त निकायमा बहाल रहेका कूल कर्मचारीको पन्ध्र प्रतिशतमा नबढ्ने गरी विशिष्टीकृत कामको विशेषज्ञता भएका वा विशेष गोपनीयता कायम गर्नुपर्ने कर्मचारीको विवरण आर्थिक वर्ष सुरु भएको एक महिनाभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

(१८) प्रतिष्ठित विश्वविद्यालय वा अनुसन्धान केन्द्रबाट विशिष्टीकृत विषयमा उच्च शैक्षिक उपलब्धि हासिल गरेका निजामती कर्मचारीले आफ्नो विज्ञता क्षेत्र उल्लेख गरी सम्बन्धित निकायमा कार्य गर्न मन्त्रालय वा सेवा समूह सञ्चालन गर्ने निकायमा निवेदन दिन सक्नेछन्।

यसरी प्राप्त निवेदन निजको सेवा, समूह, उपसमूह, पद वा श्रेणीसँग मिल्ने भई रिक्त हुने अवस्थामा सम्बन्धित निकायले सरुवा, पदस्थापन वा काजमा खटाउँदा प्राथमिकता दिनुपर्नेछ।

(१९) वृद्ध बाबु,आमा, सासु, ससुरा वा परिवारका कुनै सदस्य अशक्त, अपाङ्गता भएका वा जटिल,दीर्घ रोगबाट पीडित भई निरन्तर हेरचाह आवश्यक परेको अवस्थामा, श्रीमान श्रीमती दुवै निजामती सेवामा कार्यरत भए एक जनालाई घरपायक वा हेरचाह आवश्यक पर्ने स्थानमा सरुवा वा पदस्थापन गर्न सकिनेछ।

(२०) यस दफा विपरीत राजपत्रांकित द्वितीय श्रेणीसम्मका कर्मचारीको मन्त्रालयबाट भएको सरुवा दफा २७ बमोजिम गठन हुने बोर्डले, तथा अन्य निकाय वा अधिकारीबाट भएको सरुवा मन्त्रालयले बदर गर्नेछ। मन्त्रालयले सरुवा बदरसम्बन्धी कारबाही १५ दिनभित्र अगाडि नबढाएमा सम्बन्धित व्यक्तिले बोर्डसमक्ष निवेदन दिन सक्नेछ।

(२१) यस ऐन बमोजिम निजामती कर्मचारीको सरुवा न्यूनतम अवधि पूरा नभई गरिने छैन।

(२२) यस दफाबमोजिम सरुवा हुने कर्मचारीले बाटोको म्याद बाहेक सात दिनभित्र बरबुझारथ गरी खटिएको कार्यालयमा हाजिर हुन रमाना लिनु पर्नेछ।

(२३) उपदफा (२३) बमोजिम रमाना दिई पठाउनु सम्बन्धित कार्यालय प्रमुखको जिम्मेवारी हुनेछ।

(२४) उपदफा (२३) वा (२४) विपरीत रमाना नदिने वा हाजिर हुन नजाने कर्मचारीलाई विभागीय कारवाही गरिनेछ।

(२५) यस ऐनबमोजिम सरुवा वा पदस्थापन भएको कर्मचारीलाई सरुवा वा पदस्थापन भएको कार्यालय वा निकायले हाजिर गराउनु पर्नेछ र सरुवा वा पदस्थापन भएको निजामती कर्मचारीलाई हाजिर नगराउने निजामती कर्मचारीलाई विभागीय कारबाही हुनेछ।

(२६) निजामती कर्मचारीलाई सरुवा, पदस्थापन वा कामकाजमा खटाउने सम्बन्धमा सेवा समूह सञ्चालन गर्ने मन्त्रालय वा निकायले सो सम्बन्धी वस्तुनिष्ठ आधार सहितको मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेछ।

(२७) यस ऐन अन्तरगत हुने सरुवा पदस्थापन वा कामकाजमा खटाउने सम्बन्धी सम्पूर्ण कार्यहरु सूचना प्रविधिमा आधारित प्रणालीबाट गर्नुपर्नेछ।

(२८) यस दफामा माथि अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल न्याय सेवा, न्याय समूह अन्तरगतका निजामती कर्मचारीहरुको पदस्थापन, सरुवा वा कामकाजमा खटाउने सम्बन्धी व्यवस्था र सो प्रयोजनको लागि भौगोलिक क्षेत्रको निर्धारण कार्यबोझको आधारमा सर्वोच्च अदालतले निर्धारण गरेको मापदण्डमा व्यवस्था भए बमोजिम हुनेछ।

२७. **निजामती सेवा बोर्ड**: (१) राजपत्रांकित द्वितीय श्रेणीसम्मका निजामती कर्मचारीहरूको सरुवा, पदस्थापन तथा वृत्ति व्यवस्थापन सम्बन्धी कार्यलाई जवाफदेही, पारदर्शी र योग्यतामा आधारित बनाउने उद्देश्यले सो कार्यहरूको सुपरिवेक्षण तथा नियमन गर्न देहाय बमोजिमको "निजामती सेवा बोर्ड" रहनेछः-

(क) नेपाल सरकारको मुख्य सचिव -अध्यक्ष

(ख) लोकसेवा आयोगका सचिव -सदस्य

(ग) कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव -सदस्य

(च) नेपाल सरकारले मनोनयन गरेको सार्वजनिक प्रशासन र सूचना प्रविधि क्षेत्रका विज्ञ बढीमा २ जना -सदस्य



माननीय प्रतिमा राकल मन्त्री

चन्द्रकला पौडेल सचिव

(छ) मन्त्रालयका सचिव - सदस्य

(२) अध्यक्षले तोकेको प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतले उपदफा (१) बमोजिम गठन हुने बोर्डको सदस्यसचिवको रुपमा काम गर्ने छन्।

(३) मन्त्रालयका सचिवले गरेको काम कारबाही वा निर्णय उपर हुने सुनुवाईमा मन्त्रालयका सचिव सदस्य रहने छैनन।

(४) उपदफा (३) को अवस्थामा अध्यक्षले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका वरिष्ठतम सचिव वा सोहि योग्यता पुगेको अन्य सदस्य मनोनयन गर्नुपर्नेछ।

(५) सरुवा, पदस्थापन, काज एवं वृत्ति व्यवस्थापन सम्बन्धी गुनासो सुनुवाईको लागि बोर्डले सूचना प्रविधिमा आधारित उपयुक्त गुनासो सुनुवाई प्रणाली सञ्चालन गर्नुपर्नेछ।

(६) उपदफा (१) बमोजिम गठन हुने बोर्डको काम, कर्तव्य र अधिकार नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ।

२८. **काजसम्बन्धी व्यवस्था**: (१) निजामती कर्मचारीको विशिष्ट ज्ञान, सिप, योग्यता र अनुभवको उपयोग गर्न आवश्यक परेको अवस्थामा निज कार्यरत मन्त्रालय, सचिवालय वा आयोग अन्तर्गतको कार्यालयमा एक आर्थिक वर्षमा बढीमा तीन महिनाका लागि मात्र काज खटाउन सकिनेछ।

तर निर्वाचन, लेखापरीक्षण, परीक्षा सञ्चालन, तथ्याङ्क सङ्कलन, तालिम, नापी टोली, सर्वेक्षण, कुनै घटनाको जाँचबुझ वा छानबिन, महामारी वा सङ्क्रामक रोग नियन्त्रण, विपद् व्यवस्थापन लगायतका काम र अस्थायी प्रकृतिका आयोग वा समितिको काम गर्न कुनै निजामती कर्मचारीलाई मन्त्रालयको सहमति लिई बढीमा थप छ महिनासम्म काजमा खटाउन सकिनेछ।

(२) कुनै निजामती कर्मचारीलाई सङ्घीय निजामती सेवाको पद नभएको निकाय वा नेपाल सरकारबाट स्वीकृत भएको अस्थायी दरबन्दीमा काज खटाउँदा राजपत्र अनङ्कित कर्मचारीको हकमा सम्बन्धित केन्द्रीय निकायको र राजपत्राङ्कित कर्मचारीको हकमा मन्त्रालयको सहमति लिई बढीमा एक आर्थिक वर्षका लागि काज खटाउन सकिनेछ।

तर कुनै मन्त्रालय वा केन्द्रीय निकायको कर्मचारीलाई सोही मन्त्रालय वा केन्द्रीय निकाय अन्तर्गतको आयोजनामा खटाउँदा मन्त्रालयको सहमति लिनु पर्ने छैन।

(३) उपदफा (१) र (२) बमोजिम कुनै मन्त्रालय, सचिवालय वा आयोगको निजामती कर्मचारीलाई अर्को मन्त्रालय, सचिवालय वा आयोगअन्तर्गत काजमा खटाउनुपर्ने भएमा काज खटिने निकायको माग र कर्मचारीको पदाधिकार रहेको निकायको सहमतिमा मन्त्रालयबाट खटाउन सकिनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजामती कर्मचारीलाई प्रदेश वा स्थानीय तहको समान श्रेणी वा तहको मिल्दो पदमा प्रदेश र स्थानीय तहसँग



कला ... सचिव
माननीय प्रतिमा रावत मन्त्री

समन्वय गरी खटिएको तहबाटै तलब भत्ता पाउने गरी मन्त्रालयले काम काज गर्न खटाउन सक्नेछ।

(५) यस दफा बमोजिमको काजको अवधि समाप्त हुनासाथ सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो निजामती कर्मचारीको पदाधिकार रहेको कार्यालयमा हाजिर हुन रमाना दिई पठाउनु पर्नेछ। काज अवधि समाप्त भएपछि पदाधिकार रहेको निकायमा हाजिर हुन नजाने निजामती कर्मचारीलाई त्यस्तो अवधिको तलब भत्ता भुक्तानी गरिने छैन। त्यस्तो निजामती कर्मचारीलाई तलब भत्ता भुक्तानी गरेमा त्यसरी भुक्तानी गर्ने सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखबाट त्यस्तो रकम असुल उपर गरिनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि निजामती कर्मचारीलाई विभागीय प्रमुख वा कार्यालय प्रमुखको पदमा पदाधिकार राखी अन्यत्र निकाय वा आयोजनामा काज खटाइने छैन।

(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय निजामती सेवाको कुनै सेवा, समूह, उपसमूह वा श्रेणीको दरबन्दीमा अन्य सेवा, समूह, उपसमूह वा श्रेणीको कर्मचारी वा प्रदेश वा स्थानीय तहको सेवाका कर्मचारीलाई काजमा खटाइने छैन।

(८) यस दफा विपरीत मन्त्रालयबाट खटाइएको काज बोर्ड र अन्य निकाय वा अधिकारीबाट खटाइएको काज मन्त्रालयले बदर गर्नेछ र त्यसरी काज खटाउने अधिकारीलाई विभागीय सजाय हुनेछ।

## परिच्छेद-५

## बढुवा

२९. **बढुवा समिति**: (१) नेपाल न्याय सेवा बाहेक सङ्घीय निजामती सेवाको अधिकृत तेह्रौं तहको पदमा बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमको बढुवा समिति रहनेछ :-

(क) लोक सेवा आयोगको अध्यक्ष निजले तोकेको लोक सेवा आयोगको सदस्य - अध्यक्ष

(ख) लोक सेवा आयोगको अध्यक्षले तोकेको लोक सेवा आयोगको सदस्य -सदस्य

(ग) नेपाल सरकारको मुख्य सचिव - सदस्य

(घ) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव - सदस्य

(ङ) लोक सेवा आयोगको अध्यक्षबाट मनोनीत सम्बन्धित विषयको विशेषज्ञ - सदस्य

(च) सचिव, मन्त्रालय - सदस्य-सचिव



राष्ट्रिय प्रतिभा रावल
चन्द्रकला पौडेल
सचिव

(२) सङ्घीय निजामती सेवाको अधिकृत सातौँ, अधिकृत नवौँ र अधिकृत एघारौँ तहको पदमा बढुवाको लागि सिफारिस गर्न देहाय बमोजिमको बढुवा समिति रहनेछ :-

(क) लोक सेवा आयोगको अध्यक्षले तोकेको सो आयोगको सदस्य- अध्यक्ष

(ख) सचिव, मन्त्रालय - सदस्य

(ग) सचिव, लोक सेवा आयोग - सदस्य

(घ) सेवा समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयको सचिव -सदस्य

(ङ) लोक सेवा आयोगको अध्यक्षबाट मनोनीत सम्बन्धित विषयको विशेषज्ञ - सदस्य

(च) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिवले तोकेको सो मन्त्रालयको सहसचिव - सदस्य

(छ) मन्त्रालयको सचिवले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत - सदस्य-सचिव

तर एघारौं तहको बढुवा सम्बन्धी बैठकमा उपदफा (२) को खण्ड (च) मा सोहि मन्त्रालयका सचिव र खण्ड (छ) मन्त्रालयका सचिवले सदस्य सचिव रहनेछन।

(३) बढुवा समितिले आवश्यकताअनुसार सम्बन्धित विषयको विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) को खण्ड (च) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयमा कायममुकायम वा निमित्त सचिव रहेको अवस्थामा नेपाल सरकारको मुख्य सचिवले तोकेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवले सो बढुवा समितिको सदस्य सचिव भई कामकाज गर्नेछ।

(५) राजपत्र अनङ्कित पदमा बढुवाका लागि सिफारिस गर्न सेवा, समूह र उपसमूह अनुसार फरक-फरक बढुवा समिति रहनेछ।

(६) उपदफा (१) र (२) बमोजिमको बढुवा समितिको सचिवालय मन्त्रालयमा, उपदफा (५) बमोजिमको बढुवा समितिको सचिवालय सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकायमा र उपदफा (५) बमोजिमको बढुवा समितिको सचिवालय नियमावलीमा उल्लेख भएको निकायमा रहनेछ।

(७) बढुवा समितिले बढुवा सिफारिस गर्दा अपनाउने कार्यविधि बढुवा समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

(८) बढुवा समितिले बढुवाको लागि आवेदन गर्ने सम्भाव्य उम्मेदवारहरूको सम्बन्धमा यस ऐनबमोजिमका विषयहरूको मूल्याङ्कन गरी आवेदन फाराम र आवश्यक कागजात प्राप्त गरेको मितिले साठी दिनभित्र बढुवाको नतिजा प्रकाशन गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिम नतिजा प्रकाशन गर्दा बढुवाका लागि आवेदन गरेका सबै सम्भाव्य उम्मेदवारको योग्यताक्रम प्रकाशन गर्नु पर्नेछ।



चन्द्रकला पौडेल
सचिव
माननीय प्रतिभा रावल
मन्त्री

३०. **राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा**: (१) नेपाल सरकारको मुख्य सचिव वा सो सरहको पदमा बहालवाला अधिकृत तेह्रौं तहका निजामती कर्मचारीमध्येबाट नेपाल सरकारले ज्येष्ठता तथा कार्यदक्षताको आधारमा छनोट गरी बढुवा गर्नेछ।

(२) अधिकृत तेह्रौं तहको पदमा बढुवा गर्दा पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसत सत्तरी प्रतिशत भन्दा माथि वा नियमावलीमा व्यवस्था भए बमोजिम उत्कृष्ट स्तर र सोभन्दा बढी अङ्क प्राप्त गरेका, दफा ११५ बमोजिमको नकारात्मक सूचीमा नपरेको र सम्बन्धित सेवाको अधिकृत बाह्रौं तहको पदमा सबैभन्दा बढी सेवा अवधि भएका र प्रदेशमा एक वर्ष सेवा अवधि पूरा गरेका सम्बन्धित समूहिकरण (क्लष्टर) का सम्भाव्य उम्मेदवारलाई बढुवा समितिको सिफारिसमा नेपाल सरकारले बढुवा गर्नेछ।

तर सम्बन्धित समूहिकरण (क्लष्टर) को अधिकृत तेह्रौं तहको कर्मचारी नभएमा उपदफा (७) बमोजिमको सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको पदमा कम्तीमा सात वर्ष बहाल रहेका निजामती कर्मचारी मध्येबाट यस उपदफा बमोजिम बढुवा गरिनेछ।

(३) अधिकृत तेह्रौं तहको रिक्त पद मध्ये चालिस प्रतिशत पदमा पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसत सत्तरी प्रतिशत भन्दा माथि वा नियमावलीमा व्यवस्था भए बमोजिम उत्कृष्ट स्तर र सोभन्दा बढी अङ्क प्राप्त गरेका, दफा ११५ बमोजिमको नकारात्मक सूचीमा नपरेका र सम्बन्धित सेवाको अधिकृत बाह्रौं तहको पदमा सबैभन्दा बढी सेवा अवधि भएका सम्भाव्य उम्मेदवारलाई बढुवा समितिको सिफारिसमा नेपाल सरकारले बढुवा गर्नेछ।

(४) अधिकृत तेह्रौं तहको रिक्त पद मध्ये साठी प्रतिशत पदमा पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा सबैभन्दा बढी अङ्क प्राप्त गरेका र दफा ११५ बमोजिमको नकारात्मक सूचीमा नपरेका सम्बन्धित सेवाका अधिकृत बाह्रौं तहका सम्भाव्य उम्मेदवारहरु मध्येबाट रिक्त पदको तेव्बर सङ्ख्यामा बढुवा समितिले ज्येष्ठताको आधारमा सिफारिस गरेका उम्मेदवारहरु मध्ये नेपाल सरकारले जेष्ठता र कार्यकुशलताको आधारमा उपयुक्त ठहराएको उम्मेदवारलाई बढुवा गर्नेछ।

तर कुनै सेवामा तेव्बर सङ्ख्यामा उम्मेदवार नभएको अवस्थामा सो भन्दा कम सङ्ख्यामा उम्मेदवार सिफारिस गर्न बाधा पुगेको मानिने छैन।

(५) अधिकृत तेह्रौं तहको पदमा बढुवाको लागि बढुवा समितिले सिफारिस गर्दा पहिले उपदफा (३) बमोजिमको सिफारिस गरे पछि उपदफा (४) बमोजिमको सिफारिस गर्नेछ।

(६) उपदफा (३) वा (४) बमोजिम पदपूर्तिको लागि लोक सेवा आयोगले पदसङ्ख्या निर्धारण गर्नेछ।

(७) उपदफा (३) वा (४) बमोजिम अधिकृत तेह्रौं तहको पदमा बढुवा गर्दा देहायबमोजिमका कर्मचारीहरूबाट बढुवा गरिनेछः-

(क) नेपाल इन्जिनियरिङ सेवाको पदमा नेपाल इन्जिनियरिङ सेवा र नेपाल सूचना प्रविधि सेवाका अधिकृत बाह्रौं तहका कर्मचारी,



चन्द्रकला पौडेल
सचिव

(ख) नेपाल कृषि तथा वन सेवाको पदमा नेपाल कृषि सेवा र नेपाल वन सेवाका अधिकृत बाह्रौं तहका कर्मचारी, र

(ग) नेपाल प्रशासन सेवाको पदमा नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, नेपाल प्रशासन सेवा, नेपाल विविध सेवा र नेपाल शिक्षा सेवाका अधिकृत बाह्रौं तहका कर्मचारी।

(८) उपदफा (२), (३) र (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि अधिकृत बाह्रौं तहका कर्मचारी उपलब्ध नभएमा अधिकृत एघारौं तहमा कम्तीमा पाँच वर्ष सेवाअवधि पूरा गरेका सम्बन्धित सेवाका निजामती कर्मचारीहरूमध्येबाट सो उपदफा बमोजिमको आधारमा अधिकृत तेह्रौं तहको पदमा बढुवा गर्न सकिनेछ।

(९) उपदफा (२) को प्रयोजनको लागि सम्बन्धित निजामती कर्मचारीको अधिकृत तेह्रौं, अधिकृत बाह्रौं र अधिकृत एघारौं तहको गरी पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनलाई आधार लिनु पर्नेछ।

(१०) उपदफा (२), (३), (४) र (९) को प्रयोजनको लागि सम्बन्धित निजामती कर्मचारीको अधिकृत बाह्रौं र अधिकृत एघारौं तहको गरी पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनलाई आधार लिनु पर्नेछ।

तर पछिल्लो आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कन सम्पन्न नहुँदै उपदफा १२ बमोजिम विशिष्ट श्रेणीको पदमा बढुवाका लागि उम्मेदवार सिफारिस गर्नुपर्ने अवस्था परेमा सो भन्दा अघिल्ला ४ आर्थिक वर्षका वार्षिक कार्यसम्पादन मूल्याङ्कन बापत प्राप्त गरेको औसत अङ्कको आधारमा सबैभन्दा पछिल्लो वर्षको लागि अङ्क प्रदान गरिनेछ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजनसम्बन्धी सङ्घीय कानूनबमोजिम निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको पदबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवाको एघारौं तहको पदमा समायोजन भएका कर्मचारीसमेत अधिकृत तेह्रौं तहको पदमा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुनेछ।

(१२) यस दफाबमोजिम अधिकृत तेह्रौं तहको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीले नेपाल सरकारले तोकेको नब्बे कार्यदिनको उच्चस्तरीय व्यवस्थापन तालिम उत्तीर्ण गरेको हुनु पर्नेछ।

तर उच्चस्तरीय व्यवस्थापन तालिममा पठाउँदा मन्त्रालयले ज्येष्ठताको आधारमा पठाउनु पर्नेछ। यसरी तालिममा मनोनयन गरी पठाइएको कर्मचारीले काबु बाहिरको परिस्थिति परेको अवस्थामा बाहेक अनिवार्य रूपमा तालिममा सहभागी हुनुपर्नेछ। स्वेच्छाले तालिम नलिई बस्न पाईनेछैन र मन्त्रालयको स्वीकृति नलिई तालिम पुरा नगरी छोड्न पाइने छैन।

(१३) राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बहाल रहेको निजामती कर्मचारी उमेर वा पदावधिको कारणले अनिवार्य अवकाश भई पद रिक्त हुने भएमा त्यसरी पद रिक्त हुनुभन्दा कम्तीमा पन्ध्र दिन अगावै र अन्य कारणले त्यस्तो पद रिक्त भएमा रिक्त भएको पन्ध्र दिनभित्र बढुवा समितिले सिफारिस गर्नु पर्नेछ।



सचिव

माननीय प्रतिभा रावल
मन्त्री

(१४) उपदफा (१३) बमोजिम बढुवा समितिले सिफारिस गरेको पन्ध्र दिनभित्र नेपाल सरकारले त्यस्तो रिक्त पद पूर्ति गर्नु पर्नेछ।

३१. **बढुवाका लागि न्यूनतम सेवाअवधि**: (१) बढुवाका लागि उम्मेदवार हुन बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणी मुनिको सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा बढुवाका लागि विज्ञापन हुनुभन्दा अधिको असार मसान्तसम्ममा देहायबमोजिमको न्यूनतम सेवाअवधि पुगेको हुनु पर्नेछ:-

(क) राजपत्र अनङ्कित पदका लागि पाँच वर्ष,

(ख) राजपत्राङ्कित पदका लागि सात वर्ष।

(२) अधिकृत सातौं तहको पदमा बढुवाको लागि अधिकृत छैटौं तह र सहायक पाँचौं तहको सेवा अवधि तथा अधिकृत नवौं तहको पदमा बढुवाको लागि अधिकृत आठौं तह र अधिकृत सातौं तहको सेवाअवधि गणना गरिनेछ।

३२. **बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन नपाउने**: (१) दफा ३० मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि निजामती कर्मचारी दफा ११५ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिम र देहायको अवस्थामा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैन।

(क) भौगोलिक क्षेत्रको (क) वर्ग वा (ख) वर्गमा कम्तिमा एक वर्ष वा (ग) वर्गमा दुई वर्ष सेवा अवधि पुरा नभएको,

(ख) स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पदको दरबन्दी रहेका राजपत्राङ्कित तृतीय तथा द्वितीय श्रेणीसम्मका नेपाल प्रशासन सेवाका अधिकृत कर्मचारीहरु न्यूनतम एक वर्ष कार्य नगरेको।

तर, उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम दरबन्दी उपलब्ध नभएको वा रिक्त नभएका कारण तोकिएको अवधि कार्य गर्न नसकिने अवस्थाको विद्यमानता भएमा सो व्यहोरा प्रमाणित गरी मन्त्रालय वा सेवासमूह सञ्चालन गर्ने निकायले सम्बन्धित बढुवा समितिलाई जानकारी गराउनु पर्नेछ।कडा रोग वा स्वास्थ्य सम्बन्धी समस्याका कारण कार्यस्थलमा उपस्थित हुन नसक्ने अवस्थाको हकमा नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेमा बढुवा गर्न बाधा पर्ने छैन।

(२) उपदफा (२) को खण्ड (ख) बमोजिमको पदमा सेवा अवधि पुरा गर्दा खण्ड (क) को अवस्था पुरा भएमा खण्ड (क) को शर्त पुरा गर्नुपर्ने छैन।

(३) उपदफा (२) को खण्ड (क) र (ख) बमोजिमको व्यवस्था यो ऐन प्रारम्भ भएको एक दुई वर्षपछि लागू हुनेछ।

(४) उपदफा (२) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत बहाल रहेका बढुवाका लागि सम्भाव्य निजामती कर्मचारीको हकमा दुई पटकका लागि उक्त व्यवस्था लागू हुने छैन।



भारतीय प्रतिमा राउत

चन्द्रकला पौडेल
सचिव

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति देहायको अवधिभर खुला प्रतियोगिता वा अन्तरतह प्रतियोगिताद्वारा पूर्ति हुने पदका लागिसमेत सम्भाव्य उम्मेदवार हुन सक्ने छैनः-

(क) प्रचलित कानूनबमोजिम निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) यो ऐन वा सेवा सर्तसम्बन्धी अन्य कानूनबमोजिम विभागीय सजाय भई बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर।

(ग) तलब वृद्धि रोक्का भएकोमा सो अवधिभर

(घ) नसिहत पाएकोमा सो को एक वर्षसम्म

३३. **बढुवा नियुक्तिको रोक्का**: (१) बढुवाका लागि सिफारिश भइसकेको कुनै निजामती कर्मचारीले बढुवा नियुक्ति नपाउँदै त्यस्तो कर्मचारी निलम्बन भएमा वा निजको बढुवा रोक्का वा तलबवृद्धि रोक्का वा नसिहत पाएमा दफा ३२ बमोजिमको अवधिभर निजको बढुवा नियुक्ति रोक्का राखिनेछ।

(२) उपदफा (१) बमोजिमको निलम्बनमा रहेको कारण बढुवा नियुक्ति रोक्का भएको निजामती कर्मचारीले लागेको आरोपबाट सफाई पाएमा वा निलम्बन अवधि समाप्त भएमा निजको बढुवा नियुक्ति रोक्का नभएसरह बढुवा भएको पदको ज्येष्ठता कायम गरिनेछ।

(३) उपदफा (१) बमोजिमको बढुवा रोक्का वा तलबवृद्धि रोक्का वा नसिहत पाएको कारण बढुवा नियुक्ति रोक्का भएको कर्मचारीको हकमा सो अवधि समाप्त भएको भोलिपल्टबाट ज्येष्ठता कायम हुने गरी बढुवा नियुक्ति दिईनेछ।

३४. **बढुवा**: (१) बढुवा समितिले बढुवाका लागि सिफारिस गर्दा देहायका कर्मचारीमध्ये सबैभन्दा बढी सेवा अवधि भएको कर्मचारीको नाम सिफारिस गर्नेछः-

(क) दफा ३१ बमोजिमको न्यूनतम सेवाअवधि पूरा गरेको र दफा ३७ बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको,

(ख) बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवाअवधि आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कनको औसत सत्तरी प्रतिशत भन्दा माथि वा नियमावलीमा व्यवस्था भए बमोजिम उत्कृष्ट स्तर र सोभन्दा बढी अङ्क प्राप्त गरेका,

(ग) दफा ३७ को उपदफा (४) बमोजिमको सेवाकालीन तालिम लिएको,

(घ) राजपत्र अनङ्कित पदमा बढुवा हुन जुन भौगोलिक क्षेत्र वा जिल्लामा बढुवाको लागि उम्मेदवार हुने हो सोही भौगोलिक क्षेत्र वा जिल्लामा दुईसय तेत्तिस दिन रुजु हाजिर भएको,

(ङ) दफा ३२ बमोजिम बढुवाको सम्भाव्य उम्मेदवार हुन नपाउने अवस्था नरहेको।



चन्द्रकान्ता पौडेल
सचिव

माननीय प्रतिभा रावल
मन्त्री

(२) उपदफा (१) को प्रयोजनका लागि ज्येष्ठता निर्धारण गर्दा देहायको आधारमा निर्धारण गरिनेछः-

(क) हाल बहाल रहेको पदमा ज्येष्ठता लागु भएको मितिको आधारमा,

(ख) खण्ड (क) बमोजिम समेत ज्येष्ठता निर्धारण हुन नसकेमा हाल बहाल रहेको पदभन्दा एक श्रेणी मुनिको पदमा ज्येष्ठता लागु भएको मितिको आधारमा,

(ग) खण्ड (ख) बमोजिमसमेत ज्येष्ठता निर्धारण हुन नसकेमा न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो शैक्षिक योग्यता हासिल गरेको आधारमा,

(घ) खण्ड (ग) बमोजिमसमेत ज्येष्ठता निर्धारण हुन नसकेमा हाल बहाल रहेको पदमा लोक सेवा आयोग वा बढुवा समितिको सिफारिशको योग्यताक्रमको आधारमा

(ङ) हाल बहाल श्रेणीमा भौगोलिक क्षेत्रमा काम गरे बापत बढी अंक प्राप्त गरेको आधारमा।

(च) खण्ड (घ) बमोजिमसमेत ज्येष्ठता निर्धारण हुन नसकेमा उमेरको ज्येष्ठताको आधारमा

(३) उपदफा (१) को खण्ड (घ) को प्रतिवन्धात्मक वाक्यांश बमोजिमका सम्भाव्य उम्मेदवार बढुवा भएमा त्यस्तो कर्मचारीको बढुवा सोही उपदफा बमोजिम बढुवा हुने अन्य कर्मचारीको भन्दा पछि हुने गरी कायम गरिनेछ।

३५. <u>कार्यसम्पादनको मूल्याङ्कनः</u> (१) निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन वस्तुगत सूचकका आधारमा कार्यदक्षता, जवाफदेहिता, व्यावसायिकता, इमान्दारिता, संस्थागत नतिजा एवं उपलब्धिका आधारमा गरिनेछ।

(२) निजामती कर्मचारीको वार्षिक र अर्धवार्षिक कार्यसम्पादन मूल्याङ्कन गरिनेछ। वार्षिक कार्यसम्पादन मूल्याङ्कनको पूर्णाङ्क ६० हुनेछ।

(३) राजपत्रांकित विशिष्ट र राजपत्रांकित प्रथम श्रेणीका निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन दफा १३७ मा उल्लेखित विषय समेतका आधारमा र राजपत्रांकित तृतीय र राजपत्रांकित द्वितीय श्रेणीका कर्मचारीको मूल्याङ्कन देहायको आधारमा गरिनेछ।

(क) कार्य सम्पादन सूचक तथा वार्षिक कार्यक्रमको प्रगति (४५ अङ्क)

(१) तोकिएको कार्य विवरणको आधारमा स्वीकृत मुख्य कार्यसम्पादन सूचक र स्वीकृत वार्षिक कार्यक्रम अनुसारको प्रगति,- २५ अंक

(२) कार्यसम्पादन सम्झौताको प्रगति-१०

(३) सुपरिवेक्षकले तयार गरेको कार्यसम्पादन टिप्पणी -१० अंक

(ख) आचरण, अनुशासन तथा नैतिक परीक्षण- १० अङ्क



माननीय प्रतिमा रावल
मन्त्री

चन्द्रकला पौडेल
सचिव

(१) यस ऐन तथा अन्य प्रचलित कानुन बमोजिम निजामती कर्मचारीले पालना गर्नुपर्ने पेशागत आचरण तथा अनुशासनको पालना सम्बन्धी सुपरिवेक्षकले दिन सक्ने अधिकतम ५ अंक

(२) नियमावलीमा व्यवस्था भए बमोजिमको नैतिक मूल्याङ्कन तथा सिफारिश संयन्त्रको सिफारिश बमोजिम दिन सक्ने - ५ अंक

(ग) सेवाग्राहीको पृष्ठपोषण-५ अङ्क

(१) राजपत्रांकित विशिष्ट श्रेणी, संवैधानिक वा नियमन निकाय वा मन्त्रालय वा विभागस्तरको निकायमा बहाल रहेका निजामती कर्मचारी बाहेकका प्रत्यक्ष सेवाप्रवाहमा संलग्न हुने कर्मचारीको हकमा सेवाग्राहीबाट प्राप्त पृष्ठपोषणको आधारमा सुपरिवेक्षकले दिनसक्ने अधिकतम -५ अङ्क

तर प्रत्यक्ष सेवाप्रवाह गर्ने निकायमा काम नगर्ने कर्मचारीको हकमा सुपरिवेक्षकले उक्त अङ्क प्रदान गर्नेछन्।

(४) सेवाग्राहीको पृष्ठपोषण प्राप्त गर्ने प्रणाली नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ।

(५) उपदफा (३) बमोजिम निर्धारण गरिएका मूल्याङ्कनका मुख्य आधारका अतिरिक्त अन्य सूचकहरु नियमावलीमा व्यवस्था गर्न सकिनेछ।

(६) सहायकस्तर र सहयोगीस्तरका निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनका आधार र प्रकृया नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ।

(७) निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको लागि मन्त्रालय वा निकायको प्रमुखले सुपरिवेक्षक सहितको वरिष्ठम अधिकृत रहने बढीमा तीन सदस्यीय मूल्याङ्कन समिति गठन गर्नुपर्नेछ। सुपरिवेक्षक बाहेक अन्य सदस्यको विवरण गोप्य रहनेछ।

तर वरिष्ठतम् अधिकृतहरुको मूल्याङ्कन कार्य सुपरिवेक्षकले गर्न सक्नेछन।

(८) मूल्याङ्कन समितिमा रहने सदस्य न्यूनतम अधिकृतस्तरको कर्मचारी हुनुपर्नेछ।समितिमा रहने अधिकृतस्तरको कर्मचारी उपलब्ध नभएमा सुपरिवेक्षकले मुल्याङ्कन गर्न सक्नेछन्।

(९) सम्बन्धित कर्मचारीले कार्यसम्पादन मूल्याङ्कन वापत प्राप्त गरेको अंकको जानकारी प्राप्त गर्न चाहेमा सुपरिवेक्षकले निजले प्राप्त गरेको अङ्कको आधारमा मापन हुने वर्ग (ग्रेड) जानकारी गराउनु पर्नेछ।

चन्द्रकान्त पौडेल
सचिव

माननीय प्रतिमा रावल
मन्त्री

(१०) सुपरिवेक्षकले गरेको मूल्याङ्कनमा चित्त नबुझेमा सम्बन्धित कर्मचारीले एक तह माथिको अधिकृत समक्ष मूल्याङ्कन कार्य समाप्त भएको तीस दिन भित्रमा पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(११) उपदफा (९) बमोजिम पुनरावलोकन भएपछि सो निर्णय अन्तिम हुनेछ र यसका लागि छुट्टै पुनरावलोकन समिति गठन गरिने छैन।

(१२) कार्यसम्पादन मूल्याङ्कन बापत निजामती कर्मचारीले प्राप्त गरेको अङ्कको आधारमा मूल्याङ्कनलाई उच्च देखि न्यून क्रममा क्रमशः "क" "ख" "ग" र "घ" बर्गमा श्रेणीकृत गरिनेछ।

(१३) कमजोर कार्यसम्पादन स्तर भएको कर्मचारीलाई सुपरिवेक्षकले सुधारका विषय उल्लेख गरी पृष्ठपोषण सहितको लिखित सूचना दिनुपर्नेछ।

(१४) नेपाल न्याय सेवा न्याय समूहका निजामती कर्मचारीको हकमा कार्यसम्पादन मुल्याङ्कनको ढाँचा सर्वोच्च अदालतले निर्धारण गरे बमोजिम हुनेछ।

(१५) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भएतापनि निजामती कर्मचारीको सुपरिवेक्षक वा पुनरावलोकनकर्ता रहने सदस्य तोक्दा निजामती कर्मचारी बाहेकको व्यक्तिलाई तोकिने छैन ।

(१६) कार्यसम्पादन मूल्याङ्कनसँग सम्बन्धित अन्य विषय नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ।

३६. **<u>भौगोलिक क्षेत्रको विभाजन</u>:** *(१) यस ऐनको प्रयोजनका लागि भौगोलिक स्थिति, मानव विकास सूचकाङ्क, यातायातको पहुँच तथा अन्य सेवा सुविधाको उपलब्धता समेतलाई आधार मानी भौगोलिक क्षेत्रलाई "क", "ख", "ग" र "घ" गरी चार वर्गमा र उपदफा (४) बमोजिम अध्ययन बिदा वा तीन महिनाभन्दा बढी अवधिको तालिममा जाने निजामती कर्मचारीलाई अङ्क दिने प्रयोजनको लागि (ङ) वर्ग गरी पाँच वर्गमा वर्गीकरण गरिनेछ।*

(२) उपदफा (१) बमोजिम वर्गीकरण गरिएको बिभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभवबापत निजामती कर्मचारीलाई दश अङ्कमा नबढ्ने गरी देहायबमोजिम अङ्क दिइनेछः-

(१) "क" वर्गमा काम गरेको प्रत्येक बर्षका लागि ३.०० अङ्क,

(२) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि २.५० अङ्क,

(३) "ग" बर्गमा काम गरेको प्रत्येक बर्षका लागि २.०० अङ्क,

(४) "घ" बर्गमा काम गरेको प्रत्येक बर्षका लागि १.५० अङ्क,

(५) "ङ" बर्गमा काम गरेको प्रत्येक वर्षका लागि १.०० अङ्क।

(३) कुनै एक भौगोलिक क्षेत्रमा कम्तीमा दुई सय तेत्तीस दिन रुजु हाजिर भई त्यस्तो भौगोलिक क्षेत्रमा कम्तीमा एक वर्ष सेवा नगरी सो भौगोलिक क्षेत्रको अङ्क पाइने छैन। एक वर्षभन्दा बढी अवधिका लागि दामासाहीको दरले सोही भौगोलिक क्षेत्रको र सोभन्दा कम अवधिका लागि जुनसुकै भौगोलिक क्षेत्रमा काम गरेको भए पनि "घ" वर्ग सरहको अङ्क



चन्द्रकला पौडेल
सचिव

दिइनेछ। भौगोलिक क्षेत्रमा काम गरेबापत पाउने अङ्क जुन श्रेणी वा तहमा बढुवा हुने हो सोभन्दा एक श्रेणी वा तहमुनिको पदमा प्राप्त गरेको भए मात्र गणना गरिनेछ।

तर,

(क) अधिकृत सातौं तहको पदमा बढुवाको लागि अधिकृत छैटौं तह र सहायक पाँचौं तहमा प्राप्त गरेको अङ्क गणना गरिनेछ।

(ख) अधिकृत नवौं तहको पदमा बढुवाको लागि अधिकृत आठौं तह र अधिकृत सातौं तहमा प्राप्त गरेको अङ्क गणना गरिनेछ।

<u>स्पष्टीकरण:</u> यस उपदफाको प्रयोजनका लागि "रुजु हाजिर" भन्नाले सार्वजनिक बिदा, किरिया बिदा, भैपरी आउने र पर्व बिदाको अवधिलाई समेत जनाउँछ।

(४) विदेशस्थित नेपाली कूटनीतिक नियोग वा अन्य कुनै कार्यालयमा काम गर्न *नेपाल सरकारले खटाएको निजामती कर्मचारीलाई "घ" वर्ग सरहको अङ्क र* नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्तिमा वा नेपाल सरकारको खर्चमा अध्ययन गर्न वा तालिम लिन नेपाल सरकारबाट मनोनयन भई जाने निजामती कर्मचारी वा निजी प्रयासमा वैदेशिक अध्ययन वा तालिममा जाने निजामती कर्मचारीलाई "ङ" वर्ग सरहको अङ्क दिइनेछ।

(५) सेवाबाट हटाइएको कुनै कर्मचारी अदालतबाट पुनर्बहाली भई आएमा निजलाई सेवामा नरहेको वर्षको भौगोलिक क्षेत्रबापतको अङ्क दिंदा सेवाबाट हटेको वर्षको लागि उपदफा (२) बमोजिम जुन वर्गको भौगोलिक क्षेत्रमा रहँदा सेवाबाट हटेको हो सोही वर्गको भौगोलिक क्षेत्रको अङ्क र बाँकी अवधिको लागि "घ" वर्गको भौगोलिक क्षेत्रको अङ्क दिइनेछ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि निजामती कर्मचारीले भौगोलिक क्षेत्र बापत प्राप्त गरेको अङ्कमा घटी वा बढी हुने छैन।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल न्याय सेवा, न्याय समूहका कर्मचारीलाई विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभवको अङ्क प्रदान गर्दा कार्यबोझको विश्लेषण गरी सर्वोच्च अदालतले निर्धारण गरेको मापदण्डको आधारमा हुनेछ ।

३७. <u>शैक्षिक योग्यता र तालिम:</u> (१) निजामती कर्मचारी बढुवाका लागि उम्मेदवार हुन बढुवा हुने श्रेणीको पदमा खुला प्रतियोगिताद्वारा *सेवा प्रवेश गर्नको लागि तोकिएको* आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरेको हुनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बढुवाका लागि राजपत्राङ्कित विशिष्ट श्रेणी, राजपत्राङ्कित प्रथम श्रेणीको (अधिकृत एघारौं) पदमा बढुवाका लागि सेवा समूहसँग सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र राजपत्राङ्कित द्वितीय श्रेणी (अधिकृत नवौं) को पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहको राजपत्राङ्कित तृतीय (अधिकृत सातौं) श्रेणीको पदमा खुला प्रतियोगिताबाट सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यतालाई नै न्यूनतम शैक्षिक योग्यता मानिनेछ।



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा राउत
मन्त्री

(३) सेवा प्रवेश गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो सेवा, समूह वा उपसमूहसँग सम्बद्ध शैक्षिक योग्यता मात्र पाएको अवस्थामा उक्त शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता सरह मात्र मानिनेछ। तर कुनै शैक्षिक संस्थाले एकीकृत रुपमा लामो अवधिको शैक्षिक कार्यक्रम पश्चात माथिल्लो शैक्षिक उपाधि मात्र प्रदान गरेको रहेछ भने त्यस्तो शैक्षिक योग्यतालाई न्यूनतम र माथिल्लो दुवै शैक्षिक उपाधि सरहको मूल्याङ्कन गरिनेछ।

निजामती सेवाका विभिन्न सेवा, समूह वा उपसमूह अनुसारका पदहरूका लागि आवश्यक शैक्षिक योग्यताका विषयहरू तोक्दा सेवाको विशिष्टीकरण अनुसार न्यूनतम र माथिल्लो शैक्षिक योग्यताबीच सहसम्बन्ध देखिने गरी तोक्नुपर्ने छ।

(४) दफा ३४ को उपदफा (१) को खण्ड (ग) को प्रयोजनको लागि निजामती कर्मचारीले लिएको तालिमको गणना गर्दा तीस कार्य दिन वा सोभन्दा बढी अवधिको सेवासँग सम्बन्धित विषयको सेवाकालीन तालिमलाई गणना गरिनेछ। यसरी तालिमको गणना गर्दा जुन श्रेणीमा छँदा तालिमका लागि मनोनयन भई तालिम लिएको हो सोही श्रेणीबाट एक श्रेणी माथिको पदमा बढुवाका लागि मात्र गणना गरिनेछ।

तर,

(क) अधिकृत सातौं तहको पदमा बढुवा गर्दा अधिकृत छैटौं तह वा सहायक पाँचौं तहको पदमा रहँदा लिएको तालिमलाई गणना गरिनेछ।

(ख) अधिकृत नवौं तहको पदमा बढुवा गर्दा अधिकृत आठौं तह वा अधिकृत सातौं तहको पदमा रहँदा लिएको तालिमलाई गणना गरिनेछ।

(५) निजामती कर्मचारीले बढुवाको दरखास्तसाथ शैक्षिक योग्यता र सेवाकालीन तालिमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ र त्यस्तो प्रमाणपत्र पेस नगरेमा त्यस्तो शैक्षिक योग्यता वा तालिमलाई मान्यता दिइने छैन।

(६) निजामती कर्मचारीले बढुवा प्रयोजनका लागि दरखास्तसँग पेस गरेको शैक्षिक योग्यता सो सेवा, समूह, उपसमूहसँग सम्बन्धित हो वा होइन भन्ने सम्बन्धमा सम्बद्धता निर्धारण समितिले निर्णय गरेबमोजिम हुनेछ। बढुवा प्रयोजनका लागि दरखास्तसँग पेस गरेको शैक्षिक योग्यताको सम्बद्धता निर्धारण बढुवा समितिको बैठक बस्नुभन्दा अगाडिको मितिसम्म भएमा त्यस्तो शैक्षिक योग्यतालाई सो बढुवाका लागि मान्यता दिइनेछ।

(७) यस दफाको अधीनमा रही तालिम दिने संस्था र तालिमको स्तरसम्बन्धी व्यवस्था सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयसँग समन्वय गरी मन्त्रालयले तोकेबमोजिम हुनेछ।

(८) निजामती कर्मचारीलाई तालिमका लागि मनोनयन गर्दा तालिमको आवश्यकता मूल्याङ्कन गरी ज्येष्ठताको आधारमा मनोनयन गर्नु पर्नेछ।

३८. <u>विद्युतीय माध्यमबाट दरखास्त पेस गर्न सक्ने</u>: (१) निजामती कर्मचारीले सरकारी काम, अध्ययन वा काजको सिलसिलामा विदेशमा रही वा विपद् वा काबु बाहिरको परिस्थिति परी



मातृका प्रतिमा राउत
चन्द्रकला पौडेल
सचिव

दरखास्त फाराम सङ्कलन गर्ने निकायमा बढुवाको दरखास्त पेस गर्न नसक्ने भएमा विद्युतीय माध्यमबाट आफू कार्यरत विभाग वा कार्यालयमा दरखास्त पेस गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम विद्युतीय माध्यमबाट दरखास्त फाराम प्राप्त भएमा सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखले त्यस्तो दरखास्त फाराम म्यादभित्र दरखास्त फाराम सङ्कलन गर्ने निकायमा पठाउनु पर्नेछ।

(३) यस ऐन बमोजिम खुला प्रतियोगिता, अन्तरतह प्रतियोगिता वा बढुवासँग सम्बन्धित आंशिक वा सम्पूर्ण कार्यहरु अन्य निकाय तोकिएकोमा सो निकायले नतोकिएको हकमा मन्त्रालयले सूचना प्रविधिमा आधारित विद्युतीय प्रणालीबाट सञ्चालन तथा व्यवस्थापन हुने प्रबन्ध मिलाउनु पर्नेछ।

३९. **बढुवाको उजुरी:** (१) बढुवा समितिले गरेको बढुवाको सिफारिसमा चित्त नबुझ्ने सम्बन्धित निजामती कर्मचारीले त्यस्तो सिफारिस गरेको मितिले पन्ध्र दिनभित्र लोक सेवा आयोगमा उजुरी दिन सक्नेछ र त्यसरी परेको उजुरीमा उजुरी गर्ने म्याद समाप्त भएको मितिले पैंतीस दिनभित्र टुङ्गो लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएका उजुरी टुङ्गो लागेपछि पहिले प्रकाशित बढुवा नामावलीमा संशोधन गर्नुपर्ने भएमा लोक सेवा आयोगले सोको सूचना बढुवा समितिलाई दिनु पर्नेछ।

(३) कुनै उम्मेदवारले बढुवाको दरखास्त फाराम भर्दा बढुवामा तात्विक असर पर्ने गरी झुटो विवरण पेस गरेको प्रमाणित भएमा निजलाई विभागीय सजाय गरिनेछ र सो आधारमा कुनै कर्मचारीको बढुवा भएको भएमा अख्तियारवालाले निजको बढुवा रद्द गर्नेछ।

४०. **बढुवा मिति र बढुवा नियुक्ति:** (१) दफा २९ को उपदफा (८) बमोजिम बढुवा नतिजा प्रकाशन भएपछि बढुवा उजुरीको प्रयोजनका लागि सो नतिजा प्रकाशन भएको मितिबाट पन्ध्र दिनसम्म बढुवा सिफारिस पाउने उम्मेदवारलाई बढुवा नियुक्ति नदिई प्रतिक्षा सूचीमा राखिनेछ। त्यस्तो बढुवा सिफारिसउपर उजुरी नपरेमा सो नामावली प्रकाशन भएको मितिले सोहौं दिनदेखि बढुवा हुने तहको ज्येष्ठता कायम हुने गरी नियुक्ति दिनु पर्नेछ।

(२) बढुवा सिफारिसउपर उजुर परेमा देहायअनुसार ज्येष्ठता मिति कायम गरी नियुक्ति दिनु पर्नेछः-

(क) दफा ३९ को उपदफा (२) बमोजिम बढुवा सिफारिस संशोधन गर्ने निर्णय भएमा सो बमोजिम संशोधित नतिजा प्रकाशन भएको मितिदेखि,

तर लोक सेवा आयोगबाट योग्यताक्रम संशोधनको निर्णय भएकोमा उक्त बढुवा सूचनामा बढुवा सिफारिस हुने कर्मचारी नयाँ समावेश नभै बढुवा सिफारिस भएका मध्येबाट मात्रै योग्यताक्रम संशोधन हुने भएमा बढुवा समितिले शुरू सिफारिस गरेको मितिकै आधारमा ज्येष्ठता कायम गरिनेछ।



माननीय प्रतिभा रावल
मन्त्री

चन्द्रकला पौडेल
सचिव

(ख) उजुरी खारेज भएमा वा पहिलेको बढुवा सिफारिस नै कायम भएमा पहिलो पटक बढुवा नतिजा प्रकाशन भएको मितिले सोह्रौं दिनदेखि, र

(ग) कुनै बढुवा सम्बन्धमा अदालतमा मुद्दा परी बढुवा बदर भई पुनः बढुवा समितिबाट बढुवासम्बन्धी निर्णय गरेमा पछिल्लो पटक बढुवा समितिबाट निर्णय भएको मितिदेखि।

(३) दफा ३० बमोजिम विशिष्ट श्रेणीको पदमा हुने बढुवा नियुक्ति बाहेक अन्य पदमा हुने बढुवामा बढुवा सिफारिस भएको उम्मेदवारलाई सिफारिसपत्र दाखिला भएको मितिले १५ दिनभित्र नियुक्ति गरी सम्बन्धित उम्मेदवारलाई जानकारी दिनुपर्नेछ।

४१. **बढुवासम्बन्धी विशेष व्यवस्था:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै श्रेणीको पदमा कम्तीमा पन्ध्र वर्ष बहाल रहिरहेको *अधिकृत एघारौं तह* वा सोभन्दा मुनिका निजामती कर्मचारीलाई दफा ५९ को उपदफा (१) बमोजिम अवकाश हुने मितिभन्दा एक महिना अगावै साबिकको श्रेणीको पदभन्दा माथिल्लो श्रेणीको पदमा बढुवा गरी अवकाश दिइनेछ।

तर सहायक पहिलो तहमा कम्तीमा बीस वर्ष बहाल रहिरहेका निजामती कर्मचारी अवकाश हुने भएमा सहायक चौथो तहको पदमा बढुवा दिईनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अधिकृत छैटौं तहको पदमा बहाल रहेका निजामती कर्मचारीको हकमा अधिकृत छैटौं तहको पदमा दस वर्ष सेवाअवधि पूरा गरेको भएमा अधिकृत सातौं तहको पदमा र अधिकृत आठौं तहको पदमा बहाल रहेका निजामती कर्मचारीको हकमा अधिकृत आठौं तहको पदमा दस वर्ष सेवाअवधि पूरा गरेको भएमा अधिकृत नवौं तहको पदमा सो उपदफा बमोजिम बढुवा गरी अवकाश दिइनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम बढुवा गर्नका लागि स्वतः विशेष पद सिर्जना हुनेछ र त्यस्तो कर्मचारी अवकाश भएपछि सो पद स्वतः खारेज हुनेछ।

(४) उपदफा (१) वा (२) बमोजिमको अवधि पूरा भएको कुनै निजामती कर्मचारीको मृत्यु भएमा त्यस्तो कर्मचारीको परिवारलाई साबिकको श्रेणी वा तहको पदभन्दा एक श्रेणी वा तह माथिको पदको निवृत्तिभरणलगायत अन्य सुविधा प्रदान गरिनेछ।

*तर उपदफा (१) बमोजिमको अवधि पूरा गरेको सहायक पहिलो तहको निजामती कर्मचारीको मृत्यु भएमा निजको परिवारलाई सहायक चौथो तहको पदको निवृत्तभरण लगायतको सुविधा प्रदान गरिनेछ।*

(५) यस दफा बमोजिम हुने विशेष बढुवासम्बन्धी व्यवस्था समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम निजामती सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका कर्मचारीको हकमा समेत लागु हुनेछ।

चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा रा...
मन्त्री

४२. **बढुवाको सर्तमा परिवर्तन:** दफा २९, ३०, ३१, ३२, ३३, ३४, ३५, ३६, ३८, ३९, ४० र ४१ तथा सो अन्तर्गत बनेको नियममा बढुवाका सर्तमा संशोधन भएमा सो संशोधन नेपाल राजपत्रमा प्रकाशन भएको मितिले एक वर्ष पछिको मितिदेखि मात्र लागु हुनेछ।

४३. **तह वृद्धिसम्बन्धी व्यवस्था:** (१) देहायको तहमा सात वर्ष सेवाअवधि पूरा भई पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसत सत्तरी प्रतिशत भन्दा माथि वा नियमावलीमा व्यवस्था भए बमोजिम उत्कृष्ट स्तर र सोभन्दा बढी अङ्क प्राप्त गरेका र दफा ११५ बमोजिमको नकारात्मक सूचीमा नपरेको निजामती कर्मचारीलाई सम्बन्धित मन्त्रालय वा केन्द्रीयस्तरको निकायले एक तह माथि तह वृद्धि गर्नेछ:-

(क) सहायक पाँचौं तह,

(ख) अधिकृत सातौं तह,

(ग) अधिकृत नवौं तह,

(घ) अधिकृत एघारौं तह।

(२) उपदफा (१) बमोजिम तह वृद्धि हुँदा त्यस्तो पद स्वत: माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तह वृद्धि भएको निजामती कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साबिककै तहमा कायम रहनेछ।

(३) उपदफा (१) बमोजिम तह वृद्धि गर्दा सम्बन्धित निजामती कर्मचारीले खाइपाइ आएको तलबभन्दा घटी हुने भएमा खाइपाइ आएको तलबभन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

(४) यस दफाबमोजिम तह वृद्धि गर्दा प्रत्येक बर्षको असार मसान्तसम्म उपदफा (१) बमोजिमको अवधि पूरा हुने निजामती कर्मचारीको हकमा साउन १ गतेदेखि र पुस मसान्तसम्म त्यस्तो अवधि पूरा हुने निजामती कर्मचारीको हकमा माघ १ गतेदेखि लागु हुने गरी गरिनेछ।

*(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि साउन १ गते वा सो भन्दा पछि उपदफा (१) बमोजिमको अवधि पूरा भई माघ १ गतेभित्रमा अनिवार्य अवकाश हुने वा माघ १ गते वा सो भन्दा पछि त्यस्तो अवधि पूरा भई साउन १ गतेभित्रमा अनिवार्य अवकाश हुने निजामती कर्मचारीलाई सात वर्ष अवधि पूरा भएको भोलिपल्टबाट लागू हुने गरी तहवृद्धि गरिनेछ।*

४४. ***सहायक पहिलो तहका कर्मचारीको स्तर वृद्धिसम्बन्धी व्यवस्था:** (१) सहायक पहिलो तहका* पदको स्तर देहायबमोजिम हुनेछ :-

(क) पहिलो स्तर

(ख) दोस्रो स्तर

(ग) तेस्रो स्तर

(घ) चौथो स्तर

(ङ) पाँचौं स्तर



... पौडेल
सचिव
माननीय प्रतिमा रावल
मन्त्री

(२) सहायक पहिलो तहको पदमा सुरु नियुक्ति हुने निजामती कर्मचारीको पहिलो स्तर कायम हुनेछ।

(३) अख्तियारवालाले सहायक पहिलो तहको निजामती कर्मचारीको देहायबमोजिम स्तर वृद्धि गर्नेछ:-

(क) पाँच वर्ष वा सोभन्दा बढी तर दस वर्षभन्दा कम सेवाअवधि भएकोलाई दोस्रो स्तर,

(ख) दस वर्ष वा सोभन्दा बढी तर पन्ध्र वर्षभन्दा कम सेवाअवधि भएकोलाई तेस्रो स्तर,

(ग) पन्ध्र वर्ष वा सोभन्दा बढी तर बिस वर्षभन्दा कम सेवाअवधि भएकोलाई चौथो स्तर,

(घ) बीस वर्ष वा सोभन्दा बढी सेवाअवधि भएकोलाई पाँचौं स्तर।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ११५ बमोजिमको नकारात्मक सूचीमा रहेको अवधिभर स्तर वृद्धि हुने छैन।

(५) यो ऐन प्रारम्भ हुनुअघि श्रेणीविहीन पदमा बहाल रहेको कर्मचारी यो ऐन प्रारम्भ भएपछि उपदफा (३) बमोजिमको सहायक पहिलो तहको सोही स्तरमा कायम रहनेछ।

४५. **सेवा, समूह वा उपसमूह परिवर्तनसम्बन्धी व्यवस्था:** (१) कुनै सेवा, समूह वा उपसमूहको कुनै पद दफा १० बमोजिम खुला प्रतियोगिता, अन्तरतह प्रतियोगिता वा बढुवाबाट लगातार दुई वर्षसम्म पदपूर्ति हुन नसकी अन्य सेवा, समूह वा उपसमूहबाट सेवा परिवर्तन गरी पूर्ति गर्नुपर्ने भएमा नेपाल सरकारले लोक सेवा आयोगमा लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा लोक सेवा आयोगले सम्बन्धित सेवा, समूह वा उपसमूह र पदका लागि निर्धारण गरिएको न्यूनतम शैक्षिक योग्यता भएका समान श्रेणी वा तहको पदमा बहाल रहेका कर्मचारीहरू प्रतिस्पर्धात्मक परीक्षामा सहभागी हुन सक्ने गरी विज्ञापन प्रकाशन गर्नेछ। यसरी हुने प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट छनौट भएका कर्मचारीलाई नेपाल सरकारले सेवा, समूह वा उपसमूह परिवर्तन गर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निकायको सङ्घीय निजामती सेवाको कुनै पद आवश्यक नभई दरबन्दी कटौती भएको र सो कटौती भएको सेवा, समूह, उपसमूह र श्रेणीको पद अन्य कुनै पनि निकायमा रिक्त नरहेको तथा एक वर्षसम्म पनि रिक्त हुन नआई त्यस्तो दरबन्दीमा कार्यरत कर्मचारीलाई अर्को सेवा, समूह वा उपसमूहमा परिवर्तन गर्नुपर्ने भएमा नेपाल सरकारले लोक सेवा आयोगको परामर्श लिई अन्य सेवा, समूह वा उपसमूहको पदमा समूहीकृत गर्न सक्नेछ।

(४) उपदफा (१), (२) र (३) मा व्यवस्था भएबमोजिम बाहेक निजामती कर्मचारीको सेवा, समूह वा उपसमूह परिवर्तन हुने छैन।



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिभा राई
मन्त्री

परिच्छेद-६

## तलब, भत्ता र अन्य सुविधा

४६. **तलब, भत्ता**: (१) निजामती कर्मचारीले कार्यालयमा हाजिर भएको दिनदेखि तलब, भत्ता पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय किताबखानामा रहेको कर्मचारी सूचना प्रणालीको विवरण अद्यावधिक नभएको अवस्थामा र तलबी प्रतिवेदन पारित नगराई निजामती कर्मचारीलाई तलब भुक्तानी गर्नु हुँदैन।

(३) उपदफा (२) को व्यवस्था विपरित तलब भुक्तानी गरेमा त्यस्तो निजामती कर्मचारीले पाएको तलब, भत्ता त्यसरी तलब भुक्तानी गर्ने पदाधिकारीबाट असुलउपर गरिनेछ।

(४) प्रत्येक निजामती कर्मचारीले एक वर्षको सेवाअवधि पूरा गरेपछि तह अनुसारको अधिकतम सङ्ख्या फरक हुने गरी एक दिनको तलब बराबरको रकम तलब वृद्धि पाउनेछ।

(५) कुनै निजामती कर्मचारीको तलब वृद्धि रोक्का भएकोमा सो तलब वृद्धि कुन मितिदेखि फुकुवा हुने हो सो कुरा सम्बन्धित अधिकारीले लिखित रूपमा जनाई अभिलेख राख्नु पर्नेछ।

४७. **तलब भत्ता पाउने**: (१) निजामती कर्मचारीले प्रत्येक महिना भुक्तान भएपछि तलब र भत्ता पाउने भए भत्तासमेत पाउनेछ।

तर नेपाल सरकारले निर्णय गरी तलब भुक्तानी हुने अवधि प्रत्येक महिना वा सो भन्दा कम अवधिमा खण्ड खण्ड गरी निर्धारण गरेमा, सोहि बमोजिम हुनेछ।

(२) निजामती कर्मचारी जुनसुकै तरिकाले सङ्घीय निजामती सेवामा नरहे पनि निज सेवामा रहँदै परिपक्व भएको तलब र भत्ता पाउनेछ।

तर कुनै कर्मचारीसँग सरकारले असुल गर्नुपर्ने रकम रहेको भए सो रकम असुलउपर गरी बाँकी रकम मात्र भुक्तानी दिनु पर्नेछ।

(३) यस ऐन वा यस ऐन अन्तरगत मा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै पनि निजामती कर्मचारीको तलब वा भत्ता कट्टा गरिने छैन।

४८. **निलम्बन भएमा पाउने तलब**: (१) कुनै निजामती कर्मचारी आफूले सम्पादन गरेको सरकारी कामको सम्बन्धमा यो ऐन वा प्रचलित कानूनबमोजिम निलम्बन भएमा सो निलम्बनको अवधिभर आधा तलब पाउनेछ।

तर निजले त्यस्तो अभियोगबाट सफाइ पाएमा निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कट्टा गरी बाँकी र नपाएको भए पूरै तलब (तलब वृद्धि हुने भएमा सो समेत) पाउनेछ र कसुरदार ठहरिएमा निलम्बन भएको मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन।

(२) उपदफा (१) बमोजिम निलम्बनमा रहेको निजामती कर्मचारीले निलम्बन भएको अवधिको आधा तलब सोहि अवधिमा लिनुपर्नेछ।



चन्द्रकला बति माननीय प्रतिमा रावल मन्त्री

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अदालतमा मुद्दा दायर भएको कारणले कुनै निजामती कर्मचारी निलम्बन भएकोमा त्यस्तो मुद्दामा अदालतबाट कसुरदार ठहरी फैसला भएमा त्यस्तो फैसला भएको मितिदेखि निजले तलब पाउने छैन।

(४) कुनै निजामती कर्मचारी उपदफा (१) मा उल्लिखित कारण बाहेक अन्य कुनै कारणबाट निलम्बन रहन गएको रहेछ भने निजले त्यसरी निलम्बन रहेको अवधिको तलब पाउने छैन।

४९. <u>**चाडपर्व खर्च**</u>: (१) निजामती कर्मचारीले आफ्नो धर्म, संस्कृति, परम्पराअनुसार मनाउने चाडपर्वका लागि खाइपाइ आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक आर्थिक वर्षमा एकपटक चाडपर्व खर्चको रूपमा पाउनेछ।

(२) निवृत्तिभरण पाउने गरी अवकाशप्राप्त कर्मचारी वा निजको पारिवारिक निवृत्तिभरण पाउने व्यक्तिले निजले पाउने एक महिनाको निवृत्तिभरण बराबरको रकम चाडपर्व खर्चको रूपमा पाउनेछ।

५०. <u>**कर्मचारी सञ्चय कोष**</u>: निजामती कर्मचारीको मासिक तलबबाट दस प्रतिशतका दरले हुने रकम कट्टा गरी सो रकममा नेपाल सरकारले शतप्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरि दिनेछ।

५१. <u>**बिमा**</u>: (१) नेपाल सरकारले निजामती कर्मचारीको योगदानमा आधारित सावधिक जीवन बिमा गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सावधिक जीवन बिमाको व्यवस्थापन गर्न एक सावधिक जीवन बिमा कोषको स्थापना गरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि लाभांशसहित बढी सुविधा दिने प्रचलित कानूनबमोजिम स्थापित कोषमार्फत सावधिक जीवन बिमाको व्यवस्थापन गर्न सकिनेछ।

(४) नेपाल सरकारले निजामती कर्मचारीलाई दुर्घटना बिमाको व्यवस्था गर्नेछ।

(५) यो ऐन प्रारम्भ भएपछि निजामती कर्मचारीका बढीमा दुई सन्ततिलाई स्नातक तहसम्म अध्ययन गर्न आवश्यक पर्ने खर्चको निमित्त शैक्षिक बिमा योजना लागु गर्न सकिनेछ।

५२. <u>**उपचार खर्च**</u>: (१) निजामती कर्मचारीले सेवाअवधिभरमा अधिकृत सातौं तह वा सोभन्दा माथिको पदको कर्मचारी भए बाह्र महिना बराबरको, अधिकृत छैटौं र सहायक पाँचौं तहको कर्मचारी वा सोसरह वा सोभन्दा बढी तलब सुविधा पाउने सहायक पहिलो तहको कर्मचारी भए अठार महिना बराबरको र अन्य कर्मचारी भए एक्काइस महिना बराबरको खाइपाइ आएको तलब रकमसम्म उपचार खर्च पाउने छन्।

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको अवस्थामा बाहेक अरू जुनसुकै व्यहोराबाट निजामती कर्मचारी सेवाबाट अलग हुँदा यस

दफाबमोजिम सेवाअवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च लिन बाँकी रहेको भए त्यस्तो बाँकी रकम एकमुष्ट लिन पाउनेछ।

(३) बीस वर्ष, पच्चीस वर्ष वा सोभन्दा बढी सेवाअवधि पूरा भई निवृत्तिभरण पाउने गरी सेवाबाट अलग भएको निजामती कर्मचारीले उपचार खर्चबापत लिन बाँकी रकममा क्रमशः दस, पन्ध्र र बीस प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट लिन पाउनेछ।

(४) दस वर्ष सेवाअवधि नपुगेको कुनै निजामती कर्मचारीलाई औषधि उपचारका लागि खर्च दिँदा उपदफा (१) मा उल्लेख भएको रकमलाई दस वर्ष सेवा गरेबापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ।

(५) कुनै निजामती कर्मचारी सरकारी कामको सिलसिलामा दुर्घटना, आकस्मिक रोग, प्राकृतिक विपद् वा द्वन्द्वमा परी घाइते भएमा वा अङ्गभङ्ग भएमा त्यस्तो कर्मचारीको उपचारमा लाग्ने सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्नेछ। यसरी उपचार गराउँदा उपलब्ध भएसम्म सरकारी अस्पतालमा गराउनु पर्नेछ।

तर सरकारी अस्पतालमा उपचार सम्भव नभएको अवस्थामा अन्य अस्पतालमा उपचार गर्न बाधा पर्ने छैन।

(६) उपदफा (१), (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि सङ्घीय निजामती सेवामा नियुक्ति हुने निजामती कर्मचारीको हकमा दफा ५३ बमोजिमको स्वास्थ्य बिमा योजना लागु हुनेछ।

५३. **स्वास्थ्य बिमा योजना लागु गर्ने:** नेपाल सरकारले निजामती कर्मचारी तथा निजामती कर्मचारीको परिवारका सदस्यको औषधि उपचारको लागि स्वास्थ्य बीमा सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको स्वास्थ्य बीमा बोर्डसँग आबद्ध गरी योगदानमा आधारित स्वास्थ्य बिमा योजना लागु गर्नेछ।

५४. **आवास सुविधाः** (१) नेपाल सरकारले निजामती कर्मचारीलाई जग्गा खरिद तथा आवास निर्माणका लागि सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउन आवश्यक व्यवस्था गर्न सक्नेछ।

तर यस्तो सुविधा निजामती कर्मचारीले सेवाअवधिभर एकपटक मात्र लिन सक्नेछ।

५५. **सवारी सुविधाः** (१) अधिकृत एघारौं तह वा सोभन्दा माथिको निजामती कर्मचारीलाई नेपाल सरकारले तोके बमोजिम सवारी साधन सुविधा उपलब्ध गराइनेछ।

(२) नेपाल सरकारले विभिन्न कोषहरूसँग आवद्ध गरी निजामती कर्मचारीको लागि सवारी सुविधा कार्यक्रम लागु गर्न सक्नेछ।

५६. **विशेष आर्थिक सुविधाः** कुनै निजामती कर्मचारीको सेवामा छँदै मृत्यु भएमा निजको परिवारलाई विशेष आर्थिक सुविधास्वरुप एकमुष्ट रकम प्रदान गरिनेछ।

५७. **तलबको हिसाबः** दफा ६४ र ६५ को प्रयोजनको लागि आखिरी तलबको हिसाब गर्दा सम्बन्धित निजामती कर्मचारीको अवकाश प्राप्त गर्ने अवस्थामा कायम रहेको तलबको हिसाब



माननीय प्रतिमा रावल
मन्त्री

गरिनेछ र त्यसरी अवकाश प्राप्त गर्ने अवस्थामा कुनै निजामती कर्मचारी असाधारण बिदा वा निलम्बन रहेको भए त्यस्तो अवधिको निमित्त पनि पूरै तलबको हिसाब गरिनेछ।

५८. <u>तलब तथा सुविधा पुनरावलोकन तथा सिफारिस समितिः</u> (१) नेपाल सरकारले निजामती कर्मचारीको सुविधा सम्बन्धमा सिफारिस सहितको प्रतिवेदन पेस गर्न प्रत्येक दुई वर्षमा उच्चस्तरीय तलब सुविधा सिफारिस समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा उच्चस्तरीय तलब सुविधा सिफारिस समितिले सङ्घीय निजामती सेवालाई मर्यादित, व्यावसायिक तथा आकर्षक सेवाको रूपमा विकास गर्न तत्काल तथा क्रमशः लागु गर्नु पर्ने तलब, भत्ता तथा अन्य सुविधा सिफारिस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम निजामती कर्मचारीको तलब, भत्ता तथा सुविधा वार्षिक रूपमा पुनरावलोकन गरी सिफारिस गर्न देहाय बमोजिमको तलब तथा सुविधा पुनरावलोकन तथा सिफारिस समिति गठन गर्नेछः-

| | |
|---|---|
| (क) नेपाल सरकारको मुख्य सचिव | अध्यक्ष |
| (ख) नेपाल सरकारको अर्थ सचिव | सदस्य |
| (ग) अध्यक्षले मनोनयन गरेको अर्थविद | - सदस्य |
| (घ) मन्त्रालयको सचिव | - सदस्य |

(४) उपदफा (३) बमोजिमको समितिमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(५) मन्त्रालयको सचिवले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीले उपदफा (३) बमोजिमको समितिको सदस्यसचिवको रूपमा काम गर्नेछ।

(६) उपदफा (३) बमोजिमको सिमितले प्रत्येक वर्ष उपभोक्ता मूल्य सूचीको आधारमा महङ्गी भत्ता, कार्यसम्पादनमा आधारित तलबको ढाँचा, जोखिमपूर्ण र जटिल प्रकृतिका कार्य गर्दा दिईने थप सुविधा, सूचना प्रविधि तथा नवप्रवर्तन वा सुधारात्मक कार्य सम्बन्धी विशेष क्षमताको प्रोत्साहनका लागि दिईने थप सुविधा, शिक्षा, स्वास्थ्य, आवास तथा दुर्गम र स्थानीय भत्ता वा सुविधाका विषयमा आर्थिक बृद्धिदर, कूल दरबन्दी सङ्ख्या, नेपाल सरकारको आर्थिक स्रोत र क्षमता तथा विगतमा दिइएको महङ्गी भत्ता समेतलाई आधार बनाई तलब, भत्ता तथा अन्य सुविधा पुनरावलोकन गरी सिफारिस गर्नेछ र सो सिफारिसलाई समेत आधार मानी नेपाल सरकारले निजामती कर्मचारीको तलब, भत्ता तथा अन्य सुविधा पुनरावलोकन गर्न सक्नेछ।

(७) उपदफा (१) बमोजिको समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

परिच्छेद-७

## <u>अवकाश, उपदान र निवृत्तिभरण</u>



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा रावल
मन्त्री

५९. **अनिवार्य अवकाश**: (१) निजामती कर्मचारीले साठी वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउनेछ।

तर देहायका निजामती कर्मचारीले देहाय बमोजिम अनिवार्य अवकाश पाउनेछन्:-

(क) यो ऐन प्रारम्भ भएको आर्थिक वर्षमा अन्ठाउन्न वर्ष उमेर पूरा हुने निजामती कर्मचारीले अन्ठाउन्न वर्ष उमेर पूरा भएपछि,

(ख) यो ऐन प्रारम्भ भएको दोस्रो आर्थिक वर्षमा अन्ठाउन्न वर्ष उमेर पूरा हुने निजामती कर्मचारीले उनान्साठी वर्ष उमेर पूरा भएपछि।

(२) राजपत्राङ्कित विशिष्ट श्रेणीका निजामती कर्मचारीको हकमा दफा २४ बमोजिमको पदावधि वा उपदफा (१) बमोजिमको उमेरमध्ये जुन आधारमा पहिले अवकाश हुने हो सोही आधारमा अवकाश हुनेछ।

६०. **उमेर गणना**: (१) यस ऐनबमोजिम अनिवार्य अवकाश वा अन्य प्रयोजनका लागि निजामती कर्मचारीको उमेर गणना गर्दा निजले पेस गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा उल्लिखित जन्मदिन वा वर्षबाट हुन आउने उमेर वा निजको नागरिकताको प्रमाणपत्रमा उल्लिखित जन्मदिन वा वर्षबाट हुन आउने उमेर वा निजले व्यक्तिगत विवरण (सिटरोल) मा लेखिदिएको जन्मदिन वा वर्षबाट हुन आउने उमेरमध्ये जुन उमेरबाट पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिनेछ।

(२) कुनै निजामती कर्मचारीको शैक्षिक योग्यता वा नागरिकताको प्रमाणपत्र र व्यक्तिगत विवरणमा वर्ष, संवत् वा उमेर मात्र उल्लेख भएकोमा देहायको आधारमा जन्ममिति कायम गरिनेछ:-

(क) नागरिकताको प्रमाणपत्रको हकमा प्रमाणपत्र प्राप्त गरेको मितिको आधारमा,

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मितिको आधारमा,

(ग) व्यक्तिगत विवरण (सिटरोल) को हकमा सुरु नियुक्ति भएको मितिको आधारमा।

(३) निजामती कर्मचारीले पेस गरेको कुनै प्रमाणपत्रमा वर्ष मात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्म मिति खुलेको भएमा र सो प्रमाणपत्रमा उल्लिखित जन्म मितिहरूको बीचमा एक वर्षसम्मको अन्तर देखिएमा पूरा जन्म मिति खुलेको प्रमाणपत्रको आधारमा जन्ममिति कायम गरी उमेर गणना गरिनेछ।

(४) उपदफा (३) बमोजिम छुट्टा छुट्टै प्रमाणपत्रमा उल्लेख भएको जन्म मितिको अन्तर एक वर्षभन्दा बढी देखिएमा उपदफा (२) बमोजिम कायम हुने जन्ममितिको आधारमा निज जुन मितिबाट पहिले अवकाश हुन्छ सोही मितिलाई जन्म मिति कायम गरी निजको उमेर गणना गरिनेछ।



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा रावल
मन्त्री

६१. **असमर्थ कर्मचारीसम्बन्धी विशेष व्यवस्था**: कुनै निजामती कर्मचारी शारीरिक वा मानसिक स्वास्थ्य अवस्थाको कारणबाट नियमित रूपमा सेवा गर्न असमर्थ छ भनी नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डबाट प्रमाणित भई आएमा नेपाल सरकारले निजलाई निजको सेवाअवधि बीस वर्ष ननाघ्ने गरी बढीमा सात वर्ष सेवाअवधि थप गरी अवकाश दिन सक्नेछ।

तर बीस वर्षभन्दा बढी सेवाअवधि पूरा गरेका असमर्थ कर्मचारीलाई अनिवार्य अवकाश हुने अवधि भन्दा बढी नहुने गरी बढीमा पाँच वर्ष सेवाअवधि थप गरी नेपाल सरकारले अवकाश दिन सक्नेछ।

६२. **स्वैच्छिक अवकाश**: निवृत्तिभरण पाउने अवस्था र पचपन्न वर्ष उमेर पूरा भएका निजामती कर्मचारीले नेपाल सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा उल्लिखित सर्तमा रही स्वैच्छिक अवकाश लिन सक्नेछ। यसरी स्वैच्छिक अवकाश लिने कर्मचारीको साठी वर्ष उमेर ननाघ्ने गरी बढीमा पाँच वर्षसम्म सेवाअवधि थप गरी निवृत्तिभरणका लागि जम्मा सेवाअवधि कायम गरिनेछ।

तर दरबन्दी मिलान हुन नसकी फाजिलमा परेको वा नेपाल सरकारलाई आवश्यक नभएका पदमा कार्यरत कर्मचारीको हकमा छुट्टै सर्त र सुविधा तोकी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी स्वैच्छिक अवकाशका लागि निवेदन माग गर्न सकिनेछ।

६३. **उपदान**: पाँच वर्ष वा सोभन्दा बढी सेवा गरेको तर निवृत्तिभरण पाउने अवधि नपुगेको निजामती कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहायको दरले उपदान पाउनेछ :-

(क) पाँच वर्षदेखि दस वर्षसम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दस वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्षभन्दा कम सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब।

६४. **निवृत्तिभरण**: (१) बीस वर्ष वा सोभन्दा बढी अवधि सेवा गरेको निजामती कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहायबमोजिमको मासिक निवृत्तिभरण आजीवन पाउनेछः-

$$\frac{\text{जम्मा सेवा वर्ष} \times \text{आखिरी तलबको रकम}}{५०}$$

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तिभरणको न्यूनतम रकम समान पदको बहालवाला निजामती कर्मचारीको सुरु तलबस्केलको आधाभन्दा कम

अधिकतम रकम समान पदको बहालवाला निजामती कर्मचारीको सुरु तलबस्केलभन्दा बढी हुने छैन।

(३) संवत् २०४९ साल कात्तिक २१ गते भन्दा अघिदेखि निजामती सेवामा बहाल भै दफा ५९ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम साठी वर्ष नपुगी अनिवार्य अवकाश हुने निजामती कर्मचारीको उमेर साठी वर्ष पूरा हुन जति अवधि बाँकी छ सो अवधि थप गरी निजको जम्मा सेवा अवधि कायम गरिनेछ।

(४) पन्ध्र वर्ष सेवाअवधि पूरा गरेको कुनै निजामती कर्मचारीको मृत्यु भएमा निजको सेवाअवधिमा बढीमा पाँच वर्षसम्म अवधि थप गरी निजको परिवारलाई निवृत्तिभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ।

(५) कुनै सरकारी पदमा अघि गरेको सेवाबापत निवृत्तिभरण पाइरहेको व्यक्ति पछि सङ्घीय निजामती सेवाको पदमा नियुक्ति भएमा निजले अवकाश भएको पदको निवृत्तिभरण पाउने छैन।

तर त्यस्तो कर्मचारी सङ्घीय निजामती सेवाको पदबाट अवकाश भएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा पछि गरेको सेवाअवधिमा अघि गरेको सेवाअवधि जोडी यस दफाबमोजिम निवृत्तिभरण लिन पाउनेछ।

(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि सेवा प्रवेशको लागि अधिकतम उमेर चालीस वर्ष तोकिएको आधारमा पैंतिस वर्ष उमेर पूरा भएपछि सेवा प्रवेश गरेका निजामती कर्मचारी दफा ५९ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम साठी वर्ष उमेर पूरा नहुँदै अनिवार्य अवकाश हुँदा बीस वर्ष सेवाअवधि नपुग्ने भएमा त्यस्तो निजामती कर्मचारीलाई साठी वर्ष उमेर ननाघ्ने गरी बढीमा दुई वर्षसम्म सेवाअवधि थप गरी निवृत्तिभरण प्रदान गर्न सकिनेछ।

(७) बहालवाला निजामती कर्मचारीको तलब वृद्धि हुँदा तलबको सुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाइ रकम समान पदका सेवा निवृत्त निजामती कर्मचारीको निवृत्तिभरण रकम वा दफा ६५ वा ६८ बमोजिमको पारिवारिक निवृत्तिभरण वा असाधारण पारिवारिक निवृत्तिभरण रकममा पनि थप गरिनेछ।

६५. <u>पारिवारिक निवृत्तिभरण र उपदान</u>: (१) कुनै निजामती कर्मचारीको सेवामा छँदै मृत्यु भएमा निजको मृत्यु भएको सात वर्षसम्म र निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा सात वर्ष पुग्न बाँकी अवधि निजले इच्छाएको व्यक्ति वा निजको परिवारका सदस्यलाई दफा ६३ वा ६४ मा लेखिएबमोजिम उपदान वा निवृत्तिभरण प्राप्त हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफाबमोजिमको पारिवारिक निवृत्तिभरण त्यस्तो मृतक निजामती कर्मचारीको पति वा पत्नीले पाउने भएमा त्यस्तो निजामती कर्मचारीको सेवामा छँदै मृत्यु भएकोमा मृत्यु भएको सात वर्षपछि, निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएकोमा निवृत्तिभरण पाउन थालेको सात वर्ष अवधि व्यतित

भएपछि र निवृत्तिभरण पाउन थालेको सात वर्ष व्यतित भइसकेपछि मृत्यु भएकोमा निज कर्मचारीको मृत्यु भएको मितिदेखि आजीवन निजले पाउने निवृत्तिभरणको आधा रकम मृतक निजामती कर्मचारीको पति वा पत्नीले पाउनेछ।

तर त्यस्तो पति वा पत्नी मासिक पारिश्रमिक पाउने कुनै सरकारी लाभको पदमा रहेको भए सो अवधिभर वा निजले अर्को विवाह गरेमा त्यस्तो निवृत्तिभरण सुविधा पाउने छैन।

(३) उपदफा (१) बमोजिम मृत्यु भएको निजामती कर्मचारीको पति वा पत्नी नभएमा वा निजले अर्को विवाह गरेमा वा निजको मृत्यु भएमा त्यस्तो निजामती कर्मचारीको छोराछोरीले एक्काइस वर्ष उमेर पूरा नभएसम्म उपदफा (१) वा (२) बमोजिमको निवृत्तिभरण रकम तोकिएबमोजिम दामासाहीले पाउनेछ।

(४) उपदफा (१) बमोजिम मृत्यु भएको निजामती कर्मचारीको पति, पत्नी वा नाबालक छोराछोरी रहेनछन् र त्यस्तो निजामती कर्मचारीको आश्रित बाबुआमा दुवै वा तीमध्ये कुनै एक रहेछन् भने निजहरूलाई उपदफा (२) बमोजिमको अवधिपछि सो उपदफाबमोजिम कायम हुने रकमको दुई तिहाइमा नबढ्ने गरी निवृत्तिभरणबापत रकम दिइनेछ।

(५) कुनै निजामती कर्मचारीको यस ऐनबमोजिम पाउने कुनै रकम लिन नपाउँदै मृत्यु भएमा सो रकम निजको परिवारका सदस्य वा यस ऐनबमोजिम निजको निवृत्तिभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले लिन पाउनेछ।

(६) पारिवारिक निवृत्तिभरण वा उपदान दिँदा मृतक निजामती कर्मचारीले आफ्नो परिवारको सदस्य वा आश्रित दाजु, भाइ, दिदी, बहिनीमध्ये कसैलाई इच्छाएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो व्यक्तिले पाउन नसक्ने अवस्था भएमा वा कसैलाई पनि इच्छाएको नभएमा क्रमशः त्यस्तो कर्मचारीको सगोलको पति वा पत्नी, छोराछोरी, बाबुआमा, बाजेबज्यै, सासूससुरालाई दिइनेछ।

६६. **सुविधा दाबी गर्नुपर्ने**: (१) सेवा निवृत्त हुने निजामती कर्मचारी वा निजको परिवारका सदस्यले सम्बन्धित कार्यालयमार्फत यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पाउने निवृत्तिभरण, उपदानलगायतका सुविधा लिनका लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको एक महिनाभित्र राष्ट्रिय किताबखानाले यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम बमोजिम सुविधा निर्धारण गरी निवृत्तिभरण व्यवस्थापन कार्यालयमा पठाउनु पर्नेछ र निवृत्तिभरण व्यवस्थापन कार्यालयले यसरी प्राप्त भएपछि यथाशीघ्र निवृत्तिभरण उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

६७. **बेपत्ता भएको कर्मचारीको निवृत्तिभरण र उपदान**: (१) सङ्घीय निजामती सेवामा रही काम गरेको कुनै कर्मचारी हराइ बेपत्ता भई दुई वर्षसम्म जीवित रहे नरहेको पत्ता नलागेमा त्यस्तो कर्मचारीले दफा ६३ वा ६४ बमोजिम पाउने उपदान वा निवृत्तिभरणको रकम दफा ६५ बमोजिम निजको हकवालालाई दिइनेछ।



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिभा रावल
मन्त्री

(२) उपदफा (१) बमोजिमको सुविधा दिंदा पन्ध्र वर्ष सेवाअवधि पूरा गरी बेपत्ता भएको कर्मचारीको हकमा निजको सेवाअवधिमा बढीमा पाँच वर्षसम्म अवधि थप गरी निजको परिवारलाई निवृत्तिभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ।

(३) बेपत्ता भएको कर्मचारी पछि फेला परेमा दफा ६३ बमोजिमको उपदान भुक्तानी दिई नसकेको भए सो उपदान वा दफा ६४ बमोजिम पाउने निवृत्तिभरणको रकम निजले दाबी गर्न आएको मितिदेखि निजलाई नै दिइनेछ।

तर उपदफा (१) बमोजिम भुक्तानी दिइसकेको पारिवारिक निवृत्तिभरण वा उपदान रकममा पछि फेला परेको व्यक्तिले दाबी गर्न पाउने छैन।

६८. <u>पारिवारिक निवृत्तिभरण सम्बन्धी विशेष व्यवस्था</u>: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि पदीय दायित्व निर्वाह गर्ने क्रममा वा सरकारी काममा खटिएका बखत द्वन्दका कारण वा दुर्घटनामा परी कुनै निजामती कर्मचारीको तत्काल वा निको नभई सोही कारणबाट मृत्यु भएमा त्यस्तो कर्मचारीको सेवाअवधि बीस वर्ष पुगेको भएमा सेवाअवधिको आधारमा र बीस वर्ष नपुगेको भएमा बाँकी अवधि थप गरी निजको पति वा पत्नीलाई दफा ६४ बमोजिमको निवृत्तिभरणको रकम आजीवन दिइनेछ।

(२) उपदफा (१) बमोजिमको निवृत्तिभरण प्राप्त गर्ने व्यक्तिले दफा ६५ बमोजिम पारिवारिक निवृत्तिभरण वा उपदान पाउने छैन।

(३) उपदफा (१) बमोजिम मृत्यु भएको निजामती कर्मचारीको पति वा पत्नी नभएमा वा निजले अर्को विवाह गरेमा वा निजको मृत्यु भएमा त्यस्तो निवृत्तिभरणको रकम मृतक कर्मचारीको छोराछोरी भए त्यस्ता छोराछोरीले एक्काइस वर्ष उमेर पूरा नभएसम्म दामासाहीले पाउने छन्।

(४) उपदफा (१) बमोजिम मृत्यु भएको निजामती कर्मचारीको पति, पत्नी वा नाबालक छोराछोरी रहेनछन् र त्यस्तो निजामती कर्मचारीको आश्रित बाबुआमा दुवै वा तीमध्ये कुनै एक रहेछन् भने निजहरूको गुजाराको निमित्त उपदफा (१) बमोजिम हुने रकमको दुई तिहाइमा नबढ्ने गरी निवृत्तिभरणबापत रकम दिइनेछ।

(५) बहालवाला निजामती कर्मचारीको तलब वृद्धि हुँदा तलबको सुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाइ रकम यस दफाबमोजिम निवृत्तिभरण पाइरहेका व्यक्तिले खाइपाइ आएको पारिवारिक निवृत्तिभरण रकममा पनि वृद्धि हुनेछ।

६९. <u>निवृत्तिभरण तथा दोहोरो सुविधा नपाउने</u>: (१) यो ऐन प्रारम्भ भएपछि अवकाश भई निवृत्तिभरण वा पारिवारिक निवृत्तिभरण पाइरहेको व्यक्ति भ्रष्टाचार, सरकारी वा सार्वजनिक लिखत किर्ते, राज्य विरुद्धको कसुर, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, बहुविवाह, जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरेमा निजले त्यस्तो निवृत्तिभरण पाउने छैन।



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिभा रावल
मन्त्री

(२) उपदफा (१) बमोजिमको फैसलाउपर पुनरावेदन गरी त्यस्तो निजामती कर्मचारीले सफाइ पाएमा निजले निवृत्तिभरण नपाएको बीचको अवधिको निवृत्तिभरणसमेत पाउनेछ।

(३) निजामती सेवा वा अन्य सरकारी सेवाबाट अवकाश भई निवृत्तिभरण प्राप्त गरेका व्यक्ति राज्यको कुनै लाभको पदमा नियुक्त भएमा सो अवधिभर निजले उक्त पदको मासिक तलब सुविधा वा निवृत्तिभरणमध्ये एकमात्र छनोट गरी लिनुपर्नेछ। यस विपरीत सुविधा लिएको पाइएमा सरकारी बाँकीसरह असुलउपर गरिनेछ।

*(४) उपदफा (३) बमोजिम कुनै लाभको पदमा नियुक्त भई मासिक तलब सुविधा लिएको व्यक्तिले त्यस्तो पदबाट सेवा निवृत्त भएको मिति पछिबाट लागू हुने गरी पहिले खाईपाई आएको निवृत्तभरण निरन्तर पाउनेछ।*

७०. **योगदानमा आधारित निवृत्तिभरणः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि योगदानमा आधारित निवृत्तिभरणसम्बन्धी सङ्घीय कानून लागु हुने निजामती कर्मचारीले सोही कानून बमोजिमको निवृत्तिभरण पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि योगदानमा आधारित निवृत्तिभरण प्रणाली लागु हुनुभन्दा अघिदेखि नै निजामती सेवामा बहाल रहेको वा कर्मचारी समायोजनसम्बन्धी सङ्घीय कानूनबमोजिम निजामती सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएको कर्मचारी खुला वा अन्तरतह प्रतियोगिताबाट छनोट भई वा बढुवा भई सङ्घीय निजामती सेवामा निरन्तर सेवामा रहेको भएमा निजको हकमा यो दफा आकर्षित हुने छैन।

(३) यस दफाबमोजिम दिइने निवृत्तिभरण र सोसँग सम्बन्धित अन्य सुविधा निवृत्तिभरण कोषसम्बन्धी प्रचलित कानूनबमोजिम स्थापना भएको निवृत्तिभरण कोषबाट व्यहोरिनेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफाबमोजिम योगदानमा आधारित निवृत्तिभरण पाउने निजामती कर्मचारीले दफा ६१, ६२, ६३, ६४, ६५, ६७ र ८६ बमोजिमका सुविधा पाउने छैन।

(५) दफा ६८ को उपदफा (१) बमोजिम पदीय दायित्व निर्वाह गर्ने क्रममा वा सरकारी काममा खटिएका बखत द्वन्दका कारण वा दुर्घटनामा परी मृत्यु भएको उपदफा (१) बमोजिमको निजामती कर्मचारीको परिवारलाई एकमुष्ट देहाय बमोजिमको रकम थप आर्थिक सहायता उपलब्ध गराइनेछः

(क) अधिकृत सातौं तह वा सोभन्दा माथिको पदको कर्मचारी भए शुरु तलबस्केलको बाह्र महिना बराबरको रकम,

(ख) अधिकृत छैटौं र सहायक पाँचौ तहको कर्मचारी वा सो सरह वा सोभन्दा बढी तलब सुविधा पाउने सहायक पहिलो तहको कर्मचारी भए शुरु तलबस्केलको अठार महिना बराबरको रकम,

चन्द्रकला पौडेल
सचिव

(ग) खण्ड (क) र (ख) बमोजिमको बाहेक अन्य कर्मचारी भए शुरु तलबस्केलको एक्काइस महिना बराबरको रकम।

## परिच्छेद-८

## तालिम, अध्ययन र छात्रवृत्ति

७१. **तालिमसम्बन्धी व्यवस्था**: (१) नेपाल सरकारले निजामती कर्मचारीको सिप र क्षमता वृद्धिका लागि सेवा प्रवेश तालिम अनिवार्य रूपमा र सेवाकालीन तालिम आवश्यकताअनुसार दिने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रत्येक कार्यालय प्रमुख वा विभागीय प्रमुखले आफ्नो मातहतमा कार्यरत कर्मचारीमध्ये कुन कर्मचारीलाई के कस्तो तालिम आवश्यक पर्ने भन्ने विषयमा प्रत्येक आर्थिक वर्ष सुरु भएको एक महिनाभित्र तालिमको आवश्यकता पहिचान गर्नुको साथै त्यस्तो तालिम उपलब्ध गराउन आवश्यक पहल गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम राजपत्राङ्कित द्वितीय श्रेणी वा सोभन्दा मुनिका सबै कर्मचारीलाई प्रत्येक दुई बर्षमा कम्तीमा एक पटक कामसँग सम्बन्धित अनिवार्य तालिम दिने व्यवस्था मिलाउनु पर्नेछ।

(४) कुनै निकायमा सरुवा वा पदस्थापन भएको निजामती कर्मचारीलाई निजले सम्पादन गर्नुपर्ने कामको सम्बन्धमा सम्बन्धित निकायले अभिमुखीकरण तालिम दिनु पर्नेछ।

(५) निजामती कर्मचारी कार्यरत सम्बन्धित निकायले निजामती कर्मचारीले प्राप्त गरेको तालिम, अभिमुखीकरण वा क्षमता अभिवृद्धि सम्बन्धी उपलब्धीलाई वार्षिकरुपमा कर्मचारीको व्यक्तिगत विवरण/प्रोफाईल तथा कर्मचारी सूचना व्यवस्थापन प्रणालीमा नियमित अध्यावधिक गर्नुपर्नेछ।

(६) सेवा समूह सञ्चालन गर्ने मन्त्रालय वा निकायले निजामती कर्मचारीले अध्ययन तालिम छात्रवृत्ति वा अध्ययन भ्रमणबाट प्राप्त गरेको ज्ञान, सीप तथा सिकाई साझा गर्ने सूचना प्रविधिमा आधारित उपयुक्त प्रणाली सञ्चालन गर्नु पर्नेछ।

(७) निजामती कर्मचारीहरुको तालिम आवश्यकता र तालिम पश्चातको नतीजा सुधारको परीक्षण कार्य तालिम प्रदायक निकायको समन्वयमा सम्बन्धित मन्त्रालय तथा निकायले गर्नुपर्नेछ।

७२. **तालिम, अध्ययन वा अध्ययन भ्रमण**: (१) सम्बन्धित मन्त्रालय, आयोग वा सचिवालयले आफ्नो मातहतका कर्मचारीलाई तालिम, अध्ययन वा अध्ययन भ्रमणमा पठाउनका लागि प्रत्येक वर्ष सोसम्बन्धी विवरण तयार गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनका लागि,-

(क) "तालिम" भन्नाले अध्ययन बाहेक नेपाल सरकारले तोकेको वा स्वीकृति दिएको कुनै संस्थाद्वारा निश्चित पाठ्यक्रमअनुसार निश्चित अवधिमा



चन्द्रकला ...
सचिव

माननीय प्रतिमा राउत
मन्त्री

सञ्चालन हुने आफ्नो कार्यक्षेत्र र विषयसँग सम्बन्धित *ज्ञान र सिप* आर्जन गर्ने प्रशिक्षण कार्यक्रम सम्झनु पर्छ।

(ख) "अध्ययन" भन्नाले सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा स्नातक, स्नातकोत्तर, विद्यावारिधि वा कुनै शैक्षिक उपाधि हासिल गर्नको निमित्त गरिने अध्ययन सम्झनु पर्छ।

(ग) "अध्ययन भ्रमण" भन्नाले अध्ययन र तालिम *बाहेकको* गोष्ठी, सेमिनार वा अवलोकन भ्रमण सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम विवरण प्राप्त भएपछि तालिम, अध्ययन वा अध्ययन भ्रमणका लागि विषयगत आधारमा सङ्ख्या किटान गरी त्यसको विवरण मन्त्रालयले उपदफा (३) बमोजिमको समितिमा पेस गर्नु पर्नेछ।

(३) नेपाल सरकारको जुनसुकै निकायमा प्राप्त भएका तालिम, अध्ययन वा अध्ययन भ्रमण वा छात्रवृत्तिको बाँडफाँट गर्न देहायबमोजिमको समिति रहनेछ :-

| | |
|---|---|
| (क) नेपाल सरकारको मुख्य सचिव | -अध्यक्ष |
| (ख) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (ग) सचिव, अर्थ मन्त्रालय | - सदस्य |
| (घ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | - सदस्य |
| (ङ) सचिव, मन्त्रालय | - सदस्य सचिव |

(४) उपदफा (३) बमोजिमको समितिले मापदण्ड बनाई सो बमोजिम तालिम, अध्ययन, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँट गर्नेछ।

(५) उपदफा (३) बमोजिमको समितिले विषयवस्तु, आवश्यकता र औचित्य हेरी उपदफा (४) बमोजिम वैदेशिक तालिम, अध्ययन, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँट गर्दा सबै सेवा, समूह वा उपसमूहका निजामती कर्मचारी, प्रदेश निजामती सेवाका कर्मचारी, स्थानीय सेवाका कर्मचारी तथा अन्य सङ्घीय सरकारी सेवाका कर्मचारीबीच समान र न्यायोचित तवरले बाँडफाँट गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम बाँडफाँट भएको सिटमा अध्ययन वा तालिमको लागि सङ्घ, प्रदेश वा स्थानीय तहको सम्बन्धित निकायले कर्मचारी मनोनयन गरी पठाउनु पर्नेछ र त्यसरी मनोनयन भएको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।

(७) नेपाल सरकारको कुनै निकायमा प्राप्त भएको सिटमा वा नेपाल सरकारको खर्चमा वैदेशिक तालिम, अध्ययन वा अध्ययन भ्रमणमा पठाउँदा वा तलबी अध्ययन बिदा दिई अध्ययनमा पठाउँदा उपदफा (३) बमोजिमको समितिबाट स्वीकृत नगराई पठाउन पाइने छैन। कसैले सो समितिको स्वीकृति नलिई कुनै निजामती कर्मचारीलाई मनोनयन गरेमा मनोनयन गर्ने अधिकारीलाई विभागीय कारबाही गरिनेछ।

(८) यस दफा बमोजिम वैदेशिक तालिम, अध्ययन वा अध्ययन भ्रमणमा गएको निजामती कर्मचारीले त्यस्तो वैदेशिक तालिम, अध्ययन वा अध्ययन भ्रमणबाट फर्किएको पछि



माननीय प्रतिमा रावल
चन्द्रकला पौडेल
सचिव

दिनभित्र आफुले देखेको र सिकेको विषय तथा सोको आधारमा गर्न सकिने सुधारका विषय समावेश गरी आफु कार्यरत निकायमा प्रतिवेदन तथा प्रस्तुतीकरण गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिम प्रतिवेदन तथा प्रस्तुतीकरण नगर्ने कर्मचारीलाई वैदेशिक तालिम अध्ययन वा अध्ययन भ्रमणको लागि पाँच वर्षसम्म नकारात्मक सूचीमा राखी मनोनयन गरिने छैन।

७३. **तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि सेवा गर्नुपर्ने अवधि**: (१) नेपाल सरकारको मनोनयनमा तीन महिनाभन्दा बढी अवधिको तालिम, अध्ययन वा अध्ययन भ्रमणमा जाने निजामती कर्मचारीले तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि सो अवधिको न्यूनतम दोव्वर अवधिसम्म अनिवार्य रूपले सेवा गर्नुपर्नेछ।

(२) यस दफाबमोजिम तालिम, अध्ययन वा तीन महिनाभन्दा बढी अवधिको अध्ययन भ्रमणका लागि निजामती कर्मचारीलाई पठाउँदा त्यस्तो तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि उपदफा (१) बमोजिम अनिवार्य रूपमा गर्नुपर्ने सेवाअवधि पूरा नहुँदै अनिवार्य अवकाश हुने कर्मचारीलाई पठाउनु हुँदैन।

७४. **कबुलियत गर्नुपर्ने**: (१) कुनै निजामती कर्मचारीले सरकारी मनोनयनमा तालिम, अध्ययन वा अध्ययन भ्रमणमा जानुअघि दफा ७३ बमोजिमको सेवा गर्ने गरी कबुलियत गर्नु पर्नेछ।

(२) तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेको निजामती कर्मचारीले उपदफा (१) बमोजिमको न्यूनतम सेवाअवधि पूरा नगरी निजलाई अर्को पटक तीन महिनाभन्दा बढी अवधिको तालिम, अध्ययन वा अध्ययन भ्रमणका लागि मनोनयन गरिने छैन।

(३) उपदफा (१) बमोजिमको कबुलियत अनुसार सेवाअवधि पूरा नगरेमा त्यस्तो कर्मचारीबाट तालिम, अध्ययन वा अध्ययन भ्रमणमा जाँदा निजले प्राप्त गरेको तलब र भत्ता रकमको दोव्बर रकम असुलउपर गरिनेछ।

(४) अख्तियारवालाको पूर्वस्वीकृति लिई निजी प्रयासमा बेतलबी अध्ययन बिदामा जाने निजामती कर्मचारीले अध्ययन पूरा गरेपछि अध्ययन बिदा बराबरको अवधि सेवा गर्ने कबुलियत गर्नु पर्नेछ।

(५) यस ऐनबमोजिम अध्ययनमा जाने निजामती कर्मचारीले प्रत्येक वर्ष वा सेमेष्टरको नतिजा प्रकाशन भएको तीस दिनभित्र त्यस्तो नतिजाको विवरण पदाधिकार रहेको निकाय, राष्ट्रिय किताबखाना र मन्त्रालयमा पठाई विद्युतीय अभिलेख प्रणाली भएमा सो प्रणालीमा समेत अद्यावधिक गर्नुपर्नेछ।

(६) उपदफा (१) वा (४) बमोजिम तालिम, अध्ययन वा अध्ययन भ्रमणमा गएका निजामती कर्मचारीले तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि कबुलियत बमोजिमको सेवाअवधि पूरा नगरेमा त्यस्ता कर्मचारीको अध्ययन, तालिम वा अध्ययन भ्रमणको अवधि निजको सेवाअवधिमा गणना गरिने छैन।

(७) उपदफा (३) बमोजिम रकम असुलउपर गर्दा सम्बन्धित कर्मचारीले पाउने रकमबाट असुल गर्नुपर्नेछ र त्यस्तो रकमबाट असुल गर्न नसकिएमा वा रकम अपुग भएमा सरकारी बाँकीसरह असुलउपर गरिनेछ।

(८) निजी प्रयासबाट अध्ययनमा गएको निजामती कर्मचारीले कबुलियत गरे बमोजिमको अवधि सेवा नगरी सेवाबाट अलग हुन चाहेमा अध्ययन विदा अवधिभरको निजको सेवा, समूह, उपसमूह र श्रेणी अनुसारको समान पदले प्राप्त गर्ने तलबभत्ता, सेवा सुविधा एकमुष्ट रुपमा असुलउपर गरी बिदा स्वीकृत भएको मिति देखि राजिनामा स्वीकृत गर्नुपर्नेछ र निजको उक्त अवधिलाई सेवा अवधिमा समेत गणना गरिने छैन।

(९) उपदफा (४) बमोजिम निजी प्रयासबाट अध्ययनमा गएको कर्मचारी अध्ययन पुरा गरी वा नगरी कार्यालयमा पुनः हाजिर हुन नआएमा उपदफा (७) बमोजिम असुल उपर गरिनेछ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम, अध्ययन वा अध्ययन भ्रमणमा गएको निजामती कर्मचारीको मृत्यु भएको कारणले दफा ७३ बमोजिमको सेवाअवधि पूरा गर्न नसकेमा निज वा निजको परिवारबाट कुनै रकम असुलउपर गरिने छैन।

(११) तालिम, अध्ययन वा अध्ययन भ्रमणमा गएको निजामती कर्मचारी त्यस्तो तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेको मितिले पन्ध्र दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर हुनु पर्नेछ।

(१२) अध्ययन पूरा गरी आए पश्चात पूरा गर्नु पर्ने सेवा अवधि पुरा नगरी असाधारण बिदा दिईने छैन।

(१३) अध्ययन तालिम छात्रवृत्ति वैदेशिक भ्रमण सम्बन्धी विवरण मन्त्रालयले सूचना व्यवस्थापन प्रणालीमा राख्नु पर्नेछ।

## परिच्छेद-९

## आचरण

७५. **समयपालना र नियमितता**: निजामती कर्मचारीले नेपाल सरकारबाट निर्धारित समयमा नियमित रूपले कार्यालयमा उपस्थित रही आफूलाई तोकिएको कार्य गर्नुपर्नेछ र बिदाको पूर्वस्वीकृति नलिई कार्यालयमा वा काम गर्ने स्थानमा अनुपस्थित हुनु हुँदैन।

तर कुनै कारणले पहिले बिदाको स्वीकृति नलिई अनुपस्थित हुनु पर्ने भएमा अनुपस्थित हुनुको कारण सहितको जानकारी यथाशीघ्र बिदा स्वीकृत गर्ने अधिकारीलाई दिनु पर्नेछ।

७६. **अनुशासन र आदेशपालना**: निजामती कर्मचारीले देहायअनुसारको अनुशासन र आदेशपालना गर्नु पर्नेछः-

(क) अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परता साथ पालना गर्नुपर्ने,

(ख) सरकारी कामसम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आदेशलाई शीघ्रताका साथ पालना गर्नुपर्ने,

(ग) अन्य कर्मचारीप्रति उचित आदर र सम्मानजनक व्यवहार गर्नुपर्ने,

(घ) उच्छृङ्खल र अराजक गतिविधि गर्न नहुने,

(ङ) कार्यालयमा तोकिएबमोजिमको पोसाक लगाउनुपर्ने,

(च) सामाजिक व्यवहारमा प्रतिकूल असर पर्ने तथा पदीय मर्यादा विपरीत हुने कुनै कार्य गर्न नहुने।

७७. **राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने**: कुनै निजामती कर्मचारीले आफ्नो सेवासम्बन्धी कुरामा आफ्नो वा अन्य कसैको स्वार्थ पूरा गर्ने मनसायले अन्य कर्मचारी वा पदाधिकारीमाथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्नु वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन।

७८. **राजनीतिक क्रियाकलापमा संलग्न हुन नपाउने**: निजामती कर्मचारीले राजनीतिक दल, राजनीतिक दलको भातृ सङ्गठन, राजनीतिक दलको जनवर्गीय सङ्गठन वा राजनीतिक दलसँग आबद्ध सङ्गठनको सदस्यता लिन, राजनीतिक क्रियाकलापमा संलग्न हुन वा भाग लिनु हुँदैन।

७९. **सरकारको नीति विपरीत कार्य गर्न नहुने**: (१) नेपाल सरकारको नीतिको विपरीत हुने गरी वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह र जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै निजामती कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न, सञ्चारमाध्यमलाई कुनै खबर दिन, रेडियो, टेलिभिजन आदिद्वारा मन्तव्य प्रसारण गर्न, कुनै सार्वजनिक मन्तव्य दिन वा कुनै वक्तव्य प्रकाशन गर्नु हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र नेपाल सरकारको नीतिको विपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन।

८०. **सरकारी कामकाज सम्बन्धी विषय प्रकाशन गर्न नहुने**: (१) कुनै निजामती कर्मचारीले अख्तियारी नपाई आफूले सरकारी कर्तव्य पालना गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानूनद्वारा निषेधित विषय आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा सूचना वा जानकारी प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अरू अनधिकृत कर्मचारी वा गैरसरकारी व्यक्ति वा सञ्चारमाध्यमलाई दिनु वा बताउनु हुँदैन।

(२) सरकारी सेवाबाट अवकाश पाएको वा जुनसुकै कारणले सेवामा नरहेको व्यक्तिको हकमा समेत उपदफा (१) बमोजिमको व्यवस्था लागू हुनेछ र त्यस्तो व्यक्तिले सो उपदफा विपरीत कामकारबाही गरेमा निजले यो ऐनबमोजिम पाउने सेवा सुविधा रोक्का गर्न सकिनेछ।

८१. **दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिन नहुने**: (१) सरकारी काममा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कुनै निजामती कर्मचारीले नेपाल सरकारको पूर्वस्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कुनै व्यक्तिबाट कुनै प्रकारको दान, दातव्य,



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिभा रावल
मन्त्री

कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिनु हुँदैन।

(२) निजामती कर्मचारीलाई कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले नेपाल सरकारलाई सो कुराको सूचना दिई निकासा भएबमोजिम गर्नुपर्नेछ।

तर कुनै द्विपक्षीय वा बहुपक्षीय वा अन्तर्राष्ट्रिय संस्था वा अन्य कुनै सरकारी निकायबाट मायाको चिनो प्रदान गरिएकोमा सो स्वीकार गर्न बाधा पर्ने छैन।

८२. **कम्पनी स्थापना वा सञ्चालन गर्न वा व्यापार व्यवसाय गर्न नहुने**: निजामती कर्मचारीले नेपाल सरकारको स्वीकृति विना कुनै बैङ्क, कम्पनी वा सहकारी संस्था स्थापना गर्न वा सञ्चालनको काममा भाग लिन तथा कानूनबमोजिम दर्ता गराउनुपर्ने कुनै व्यापार वा व्यवसाय गर्नु हुँदैन।

तर खुल्ला बजारबाट शेयर खरिद गर्न वा आधारभुत शेयरधनी नहुने गरी एक प्रतिशत भन्दा कम संस्थापक शेयर खरिद गर्न सकिनेछ।

८३. **अन्यत्र नोकरी गर्न वा सेवा गर्न नहुने**: (१) निजामती कर्मचारीले अन्यत्र कुनै प्रकारको नोकरी गर्न वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्नु हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजामती कर्मचारीले देहायको कार्य गर्न बाधा पुगेको मानिने छैनः-

(क) नेपाल सरकारको नीति विपरीत नहुने गरी साहित्यिक, वैज्ञानिक, कलात्मक, अनुसन्धानात्मक, सांस्कृतिक, मानव कल्याण, परोपकार वा खेलकुदसम्बन्धी कार्य गर्न,

(ख) प्रचलित कानूनबमोजिम अध्ययन बिदा लिई स्वदेशी वा विदेशी शैक्षिक संस्थामा अध्ययन गर्दाको बखत सम्बन्धित शैक्षिक संस्थामा कुनै सेवा पुऱ्याउन वा त्यस्तो संस्थाले लगाएको कुनै कार्य गर्न,

(ग) अख्तियारवालाको स्वीकृति लिई नेपाल सरकारको नीति विपरीत नहुने गरी स्वदेश वा विदेशस्थित कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्न,

(घ) अख्तियारवालाको पूर्वस्वीकृति लिई कार्यालय समय बाहेकको समयमा शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न,

(ङ) नेपाल सरकार वा प्रदेश सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको प्रशिक्षण संस्थामा कार्यालयको काममा बाधा नपर्ने गरी प्रशिक्षणसम्बन्धी कार्य वा अनुसन्धान गर्न,



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा रावल
मन्त्री

(च) अन्तर्राष्ट्रिय शैक्षिक, प्राज्ञिक वा अनुसन्धानमूलक संघसंस्था वा नेपाल सदस्य राष्ट्र रहेको क्षेत्रीय वा अन्तर्राष्ट्रिय संघसंस्थाको सेवा सम्बन्धित सेवा, समूह, उपसमूहका लागि उपयोगी हुने देखि अख्तियारवालाले बिदा स्वीकृत गरेकोमा सम्बन्धित निकायमा सेवा गर्न,

(छ) कर्मचारीको योगदानमा आधारित सरकारी आयोजना तथा कार्यक्रममा लगानी गर्न।

(३) उपदफा (२) को खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि लोक सेवा आयोग वा सार्वजनिक निकायबाट पदपूर्तिका लागि लिइने प्रतियोगितात्मक परीक्षाको तयारीको लागि सञ्चालन गरिने प्रशिक्षण कार्यक्रममा कुनै पनि निजामती कर्मचारीले प्रशिक्षण दिन पाउने छैन।

(४) सङ्घीय निजामती सेवा वा अन्य सरकारी सेवाको राजपत्राङ्कित विशिष्ट वा प्रथम श्रेणीको पदबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले राजीनामा स्वीकृत भएको वा सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक, कुटनीतिक वा अन्य सरकारी पदमा नियुक्ति पाउने छैन।

(५) सङ्घीय निजामती सेवाको पदबाट सेवा निवृत्त भएको व्यक्तिले सेवा निवृत्त भएको मितिले दुई वर्षसम्म देहायका काम गर्नु हुँदैनः-

(क) अन्तरसरकारी निकाय वा अन्तर्राष्ट्रिय विकास साझेदार बाहेकका निकायबाट सञ्चालित आयोजनामा कर्मचारी वा परामर्शदाताको रूपमा कार्य गर्न,

(ख) अवकाश हुने पछिल्लो एक वर्ष भित्र बहाल रहेको निकायको कार्यक्षेत्रसँग सम्बन्धित रहेको संस्था वा त्यस्तो निकायले नियमन गर्ने संस्थाको कर्मचारी वा परामर्शदाताको रुपमा काम गर्न।

तर निजामती सेवाको सुधार सम्बन्धी कार्यमा नेपाल सरकारले कुनै निवृत्त निजामती कर्मचारीको अनुभव र विज्ञताको उपयोग गर्न बाधा पर्ने छैन।

(६) उपदफा (५) विपरीत त्यस्तो काम गर्ने व्यक्तिले यो ऐनबमोजिमको सेवा सुविधा लिन पाउने छैन।

८४. <u>निर्वाचनमा भाग लिन नहुने</u>ः निजामती कर्मचारीले कुनै पनि राजनीतिक पदका लागि हुने निर्वाचनमा भाग लिन, प्रचारप्रसार गर्न, जुलुसमा भाग लिन, चन्दा दिन वा कसैका लागि मत माग्न वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्नु हुँदैन।

तर प्रचलित कानून बमोजिम मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन।

८५. <u>प्रदर्शन र हड्ताल गर्न नहुने</u>ः (१) निजामती कर्मचारीले प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, धुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, दबाब दिन, कलम बन्द गर्न, तालाबन्दी गर्न वा



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा रावल
मन्त्री

अन्य कुनै तरिकाबाट सरकारी काममा बाधा पुर्‍याउन वा सो कार्य गर्ने उद्देश्यले अरूलाई उक्साउन समेत हुँदैन।

(२) यस दफा विपरीत कार्य गरी कुनै सार्वजनिक, सरकारी वा निजी सम्पत्तिमा क्षति पुर्‍याएमा वा कुनै पदाधिकारीलाई शारीरिक वा मानसिक क्षति पुर्‍याएमा त्यस्तो निजामती कर्मचारीलाई विभागीय सजाय गरी क्षतिपूर्तिसमेत भराइनेछ।

(३) निजामती कर्मचारीले आफ्नो नियमित कार्यसम्पादनका विषयमा आफूलाई केन्द्रमा राखी अतिशयोक्तिपूर्ण प्रचार प्रसार गर्नु वा गराउनु हुँदैन।

तर, सम्पादित कार्य तथा असल अभ्यास जनसाधारणसमक्ष जानकारी गराउन यस व्यवस्थाले बाधा पुर्‍याएको मानिने छैन।

८६. **प्रतिनिधित्व गर्न नहुने**: निजामती कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैंले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारीसमक्ष निवेदन दिन बाहेक अरू व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्नु हुँदैन।

८७. **यौनजन्य दुर्व्यवहार गर्न नहुने**: कुनै निजामती कर्मचारीले यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन।

८८. **यातना दिन नहुने**: निजामती कर्मचारीले कसैलाई पनि यातना दिनु हुँदैन।

८९. **सेवाग्राहीप्रतिको व्यवहार**: (१) निजामती कर्मचारीले आफ्नो कामसँग सम्बन्धित सेवाग्राहीप्रति शिष्ट, मर्यादित तथा समान किसिमको व्यवहार गर्नु पर्नेछ।

(२) निजामती कर्मचारीले सेवाग्राहीको कामसँग सम्बन्धित विषय, प्रक्रिया र काम सम्पादन गर्न लाग्ने समयसमेतको स्पष्ट जानकारी सेवाग्राहीलाई यथासमयमा गराउनु पर्नेछ।

९०. **विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा टिप्पणी गर्न नहुने**: निजामती कर्मचारीले विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा सामाजिक द्वेष वा कलह बढ्ने, हिंसा भड्किने गरी वा सार्वजनिक पदाधिकारी वा कुनै राजनीतिक दल वा राजनीतिक दलको पदाधिकारीको पक्ष वा विपक्षमा कुनै टिप्पणी गर्न वा यस परिच्छेद विपरीत हुने गरी कुनै कुरा व्यक्त गर्न हुँदैन।

९१. **सम्पत्ति विवरण पेस गर्नुपर्ने**: (१) निजामती कर्मचारीले प्रचलित कानूनबमोजिम आफ्नो सम्पत्तिको विवरण पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेस भएको सम्पत्ति विवरण मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि लागु हुने गरी विद्युतीय माध्यमबाट सुरक्षित तथा गोप्य किसिमले अभिलेख रहने व्यवस्था गर्न सक्नेछ।

९२. **स्थायी आवासीय अनुमति लिन नहुने**: (१) कुनै पनि निजामती कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिन वा सोका लागि आवेदन दिनु हुँदैन।

(२) कुनै निजामती कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेमा सो प्राप्त गरेको मितिले साठी दिनभित्र सम्बन्धित निजामती कर्मचारीले आफू कार्यरत कार्यालयमा सोको विवरण पेस गर्नु पर्नेछ।



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा राना
मन्त्री

९३. __अन्य आचरणः__ निजामती कर्मचारीले देहायका अन्य आचरण पालना गर्नुपर्नेछः-

(क) संविधान र कानूनको पालना गरी सामाजिक जवाफदेहिता बहन गर्ने,

(ख) राष्ट्र र जनताको बृहत्तर हितलाई ध्यानमा राख्दै संविधान र कानूनको पूर्ण परिपालना गरी कार्यसम्पादन गर्ने,

(ग) कार्यालयको उद्देश्य र लक्ष्य प्राप्तिलाई केन्द्रमा राखी उपलब्ध साधन र स्रोतको मितव्ययितापूर्वक परिचालन गर्ने,

(घ) सरकारी वा पदीय अधिकार तथा स्रोत साधनलाई सरकारी वा सेवा प्रवाहसम्बन्धी काममा उपयोग गर्ने तथा कार्यालय समयमा आफ्नो पदीय दायित्वसँग सम्बन्धित जिम्मेवारी निर्वाह गर्ने,

(ङ) सेवाग्राही र आमजनताप्रति जवाफदेही रही निष्पक्ष र पारदर्शी तवरले छिटो छरितो र निर्धारित समयमा गुणस्तरयुक्त सेवा प्रदान गर्ने,

(च) सङ्गठनले राखेका उद्देश्य र लक्ष्य हासिल गर्न तथा सुशासन कायम गरी कार्यालयको समग्र कार्यसम्पादनस्तर उच्च पार्न निरन्तर प्रयत्नरत रहने,

(छ) कार्यसम्पादन प्रक्रियालाई सरलीकरण गर्नुका साथै आधुनिक प्रविधिको प्रयोग र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने,

(ज) कानुन प्रतिकूल कार्य भएको थाहा पाएमा सम्बन्धित निकाय र अधिकारीलाई जानकारी गराउने।

९४. __स्वार्थको द्वन्द्व सम्बन्धी व्यवस्थाः__ (१) कुनै निजामती कर्मचारीले आफ्नो पद, अधिकार वा जिम्मेवारी प्रयोग गर्दा निजको व्यक्तिगत, पारिवारिक, व्यावसायिक वा आर्थिक स्वार्थसँग द्वन्द्व हुने वा हुन सक्ने कुनै पनि कार्यमा संलग्न हुनु हुँदैन।

(२) कर्मचारीले आफ्नो स्वार्थ बाझिने र निर्णय प्रक्रियामा प्रभाव पर्न सक्ने अवस्था भएमा आफ्नो सुपरिवेक्षक वा माथिल्लो अधिकारीसमक्ष लिखित जानकारी गराउनु पर्नेछ।

(३) कुनै निजामती कर्मचारीले आफ्नो पदको दुरुपयोग गरी आफू वा आफ्ना नजिकका व्यक्ति, परिवार, आफन्त, वा सम्बन्धित संस्था वा व्यवसायलाई प्रत्यक्ष वा अप्रत्यक्ष लाभ हुने गरी कार्य गर्न, गराउन वा प्रभाव पार्न पाउने छैन।

९५. __आचरण पालना गराउनेः__ (१) विभागीय प्रमुख र कार्यालय प्रमुखले आफू मातहतका कर्मचारीलाई यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमबमोजिम आचरणको पालना गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आचरण पालना गर्नुपर्ने कर्मचारीले त्यस्तो आचरण पटक पटक उल्लङ्घन गरेमा अख्तियारवालाले समयमै विभागीय सजाय गर्नु पर्नेछ।

(३) विभागीय प्रमुख वा कार्यालय प्रमुखले उपदफा (१) र (२) बमोजिम कार्य गरे वा नगरेको भन्ने विषयलाई समेत निजको कार्यसम्पादन मूल्याङ्कनको आधार बनाउनु पर्नेछ।



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा रावल
मन्त्री

परिच्छेद-१०

## सेवाको सुरक्षा

९६. **निजामती कर्मचारीको सेवाको सुरक्षा**: देहायको अवस्थामा बाहेक कुनै पनि निजामती कर्मचारीलाई सफाइको मनासिब मौका नदिई सङ्घीय निजामती सेवाबाट हटाइने वा बर्खास्त गरिने छैनः-

(क) भ्रष्टाचार, सरकारी वा सार्वजनिक लिखत किर्ते, राष्ट्रहित विरुद्धको कसुर, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्त्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, बहुविवाह, जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर भई त्यस्तो फैसला अन्तिम भएको,

(ख) भागी, हराइ वा बेपत्ता भई पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न सम्भव नभएको पर्याप्त आधार भएको, वा

(ग) नेपाल सरकार वादी हुने फौजदारी कसुरमा एक वर्षभन्दा बढी कैद सजाय हुने गरी अदालतबाट कसुरदार ठहर भई त्यस्तो फैसला अन्तिम भएको।

९७. **निजामती कर्मचारीको बचाउ**: (१) निजामती कर्मचारीले आफ्नो ओहोदाको कर्तव्य पालनाको सिलसिलामा गरेको कामको सम्बन्धमा अख्तियारवालाको स्वीकृति नलिई निजउपर मुद्दा चल्न सक्ने छैन।

(२) कुनै निजामती कर्मचारी बहाल छँदा आफ्नो ओहोदाको कर्तव्य पालनाको सिलसिलामा गरेको कामको सम्बन्धमा अवकाश भएपछि पनि नेपाल सरकारको स्वीकृति नलिई निजउपर मुद्दा चल्न सक्ने छैन।

(३) निर्णय प्रकृयामा संलग्न नभई माथिल्लो निकाय वा पदाधिकारीले गरेको निर्णय कार्यान्वयनमा मात्र संलग्न भएको आधारमा कुनै पनि निजामती कर्मचारी उपर मुद्दा चल्न सक्ने छैन।

(४) उपदफा (१) वा (२) बमोजिम मुद्दा चलाउन स्वीकृति दिइएमा निजको प्रतिरक्षा नेपाल सरकारले गर्नेछ।

तर नेपाल सरकार वादी भई चलेको त्यस्तो मुद्दामा नेपाल सरकारले प्रतिरक्षा गर्ने छैन।

(५) कुनै निजामती कर्मचारीले कर्तव्य पालनाको सिलसिलामा गरेको कामको सम्बन्धमा अनुसन्धानको लागि त्यस्तो कर्मचारीलाई पक्राउ गर्नुपर्ने भएमा सम्बन्धित अख्तियारवालाको स्वीकृति लिएर पक्राउ गर्नुपर्नेछ।

चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिभा रावल
मन्त्री

९८. **निजामती कर्मचारीको सेवा सर्तको सुरक्षा**: (१) कुनै निजामती कर्मचारी नियुक्ति हुँदा तत्काल लागु रहेको तलब, उपदान, निवृत्तिभरण र अन्य सुविधासम्बन्धी सेवाका सर्तहरूमा प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन।

(२) कर्मचारी समायोजनसम्बन्धी सङ्घीय कानूनबमोजिम सरकारी सेवाबाट प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीको उपदान, निवृत्तिभरण, उपचार खर्च, सञ्चित बिदाबापतको रकम नेपाल सरकारले व्यहोर्नेछ।

(३) उपदफा (२) बमोजिम समायोजन भएको कर्मचारीको निवृत्तिभरण, उपदान र उपचार खर्च उपलब्ध गराउँदा यस ऐनबमोजिम बढुवा वा तह वृद्धिको लागि निर्धारण गरिएको न्यूनतम अवधिभन्दा कम अवधिमा *सम्बन्धित प्रदेश वा स्थानीय तहबाट* बढुवा वा तह वृद्धि भएको कर्मचारीको हकमा त्यसरी निर्धारण भएको अवधि पूरा नभएसम्म हाल कायम रहेको तहभन्दा तल्लो तहको पदको आधारमा उपलब्ध गराइनेछ।

परिच्छेद-११

## विभागीय सजाय र पुनरावेदन

९९. **विभागीय सजाय**: उचित र पर्याप्त कारण भएमा निजामती कर्मचारीलाई सजाय दिने अधिकारीले देहायबमोजिमको विभागीय सजाय गर्न सक्नेछ :-

(क) सामान्य सजायः

(१) नसिहत दिने,

(२) बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने।

(ख) विशेष सजायः

(१) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने।

१००. **नसिहत दिने**: (१) देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई नसिहत दिने सजाय गर्न सकिनेछः-

(क) उत्तरदायित्व पन्छाएमा, जिम्मेवारी वहन नगरेमा वा कामकारवाही वा सेवा प्रवाहमा अनुचित ढिलाइ गरेमा,

(ख) पूर्वस्वीकृति नलिई एक महिनामा दुई पटकभन्दा बढी कार्यालयमा अनुपस्थित रहेमा,

(ग) यस ऐनबमोजिम रमाना नबुझेमा वा बरबुझारथ नगरेमा,



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा रावल
मन्त्री

(घ) मादक पदार्थ सेवन गरी कार्यालयमा उपस्थित भएमा वा कार्यालय समयमा कार्यालयमा मादक पदार्थ सेवन गरेमा,

(ङ) कुनै सार्वजनिक पदाधिकारी, सरकारी कर्मचारी वा सेवाग्राहीमाथि गाली गलौज वा दुर्व्यवहार गरेमा,

(च) दफा १०२ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसुरसम्बन्धी अभियोग बाहेक नेपाल सरकार बादी हुने अन्य कुनै फौजदारी अभियोगमा जरिबानाको सजाय भई त्यस्तो फैसला अन्तिम भएमा,

(छ) दफा १२६ बमोजिम चेतावनी पाएको कर्मचारीले सोही तहमा रहँदा पुनः सोही दफामा उल्लेख भएबमोजिमको कुनै काम गरेमा,

(ज) अख्तियारप्राप्त अधिकारीको स्वीकृति बिना अध्ययन वा तालिमका लागि वैदेशिक भ्रमण गरेमा, वा

(झ) कार्यसम्पादन गर्ने सन्दर्भमा अनावश्यक ढिलासुस्ती गरेमा वा नियतवश गलत सूचना पेस गरेमा।

(ञ) सरुवा भएको निकायमा समयभित्र रमाना लिइ हाजिर हुन नगएमा

(ट) आचरण र अनुशासन पटक पटक उल्लङ्घन गरेमा

(ठ) सरकारी कागजात वा गोप्य राख्नुपर्ने सूचना अनधिकृतरुपमा चुहावट वा सम्प्रेषण गरेमा

(ड) स्वविवेकीय अधिकारको पटक पटक दुरुपयोग गरेमा

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारीले दफा १२६ बमोजिम चेतावनी पाएकै वर्षमा उपदफा (१) मा उल्लेख भएबमोजिमको कुनै काम गरेमा दफा १०१ को उपदफा (१) बमोजिमको सजाय हुनेछ।

१०१. **बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने**: (१) देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने सजाय गर्न सकिनेछ:-

(क) यो ऐन वा प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ख) अनुशासनहीन काम गरेमा,

(ग) सेवाग्राहीको पिरमर्का र उजुरी पटकपटक बेवास्ता गरेको सम्बन्धमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालना नगरेमा,

(घ) दफा १०० वा १०२ बमोजिम सजाय हुने वा दफा १२६ बमोजिम चेतावनी पाउने बाहेक यो ऐन र यस ऐनअन्तर्गत बनेको नियममा उल्लिखित अन्य आचरणसम्बन्धी कुराहरू पालना नगरेमा,

(ङ) दफा १४६ बमोजिमको आचारसंहिता उल्लङ्घन गरेमा,



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा रावल
मन्त्री

(च) व्यवस्थापन परीक्षणबाट देखिएका अनियमितता सम्बन्धमा दिएको निर्देशन पालना नगरेमा,

(छ) सेवा प्रवाहको क्रममा सेवाग्राहीलाई हानि नोक्सानी हुने अवस्था सिर्जना गरेमा,

(ज) सरकारी कार्यालयको सम्पत्तिको दुरुपयोग गरेमा,

(झ) कुनै सार्वजनिक पदाधिकारी, सरकारी कर्मचारी वा सेवाग्राहीमाथि हातपात गरेमा,

(ञ) बढुवाको दरखास्त फाराम भर्दा बढुवामा तात्त्विक असर पर्ने गरी झुटो विवरण उल्लेख गरेको प्रमाणित भएमा,

(ट) काबु बाहिरको परिस्थितिमा बाहेक बदनियत चिताई वा लापरवाही वा हेलचेक्र्याईं गरी दफा ७ को उपदफा (१) बमोजिमको कार्यविवरण वा सोही दफाको उपदफा (३) बमोजिमको कार्यसम्पादन सम्झौताबमोजिमको कार्यसम्पादन नगरेमा,

(ठ) यस ऐनबमोजिम विभागीय सजाय गर्नुपर्ने कर्मचारीलाई त्यस्तो सजाय नगरी उन्मुक्ति दिएमा,

(ड) दफा १०० बमोजिम एक पटक नसिहत पाएकोमा सोही तहमा रहँदा पुनः सोही दफामा उल्लेख भएबमोजिमको कुनै काम गरेमा, वा

(ढ) दफा १०२ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसुरसम्बन्धी अभियोग बाहेक नेपाल सरकार वादी हुने अन्य कुनै फौजदारी अभियोगमा एक वर्ष वा सोभन्दा कम कैद हुने ठहरी त्यस्तो फैसला अन्तिम भएमा।

(२) निजामती कर्मचारीले उपदफा (१) को खण्ड *(ढ)* बमोजिम कैदको सजाय पाएको अवधिको तलब भत्ता पाउने छैन र त्यस्तो अवधि दफा २४ को प्रयोजनको लागि बाहेक अन्य प्रयोजनको लागि निजको सेवाअवधिमा गणना गरिने छैन।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारीले दफा १०० बमोजिम नसिहत पाएकै वर्षमा उपदफा (१) मा उल्लेख भएबमोजिमको कुनै काम गरेमा दफा १०२ को उपदफा (१) बमोजिमको सजाय हुनेछ।

१०२. **सेवाबाट हटाउने वा बर्खास्त गर्ने**: (१) देहायको कसुर प्रमाणित भएमा निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ:-

(क) बिदा स्वीकृत नगराई लगातार तीस दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(ख) बिदा स्वीकृत गराएकोमा बाहेक वैदेशिक अध्ययन, तालिम वा अध्ययन भ्रमणमा गएको निजामती कर्मचारी त्यस्तो अध्ययन, तालिम वा अध्ययन



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिभा रावल
मन्त्री

भ्रमण पूरा गरेको मितिले तीस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर नभएमा,

(ग) उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसुरसम्बन्धी अभियोग बाहेक नेपाल सरकार वादी हुने अन्य कुनै फौजदारी अभियोगमा अदालतबाट एक वर्षभन्दा बढी कैदको सजाय ठहर भई त्यस्तो फैसला अन्तिम भएमा, वा

(घ) दफा १०१ को उपदफा (१) बमोजिम एक पटक सजाय पाएकोमा सोही वर्ष पुनः सोही दफामा उल्लेख भएबमोजिमको कुनै काम गरेमा।

(२) देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछः-

(क) राजनीतिक दल, राजनीतिक दलको भातृ सङ्गठन, राजनीतिक दलको जनवर्गीय सङ्गठन वा राजनीतिक दलसँग आबद्ध सङ्गठनको सदस्यता लिएमा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा राजनीतिक पदका लागि हुने निर्वाचनमा उम्मेदवार बनेमा,

(ख) भ्रष्टाचार, सरकारी वा सार्वजनिक लिखत किर्ते, राष्ट्रहित विरुद्धको कसुर, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्त्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, बहुविवाह वा जातीय छुवाछुत सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(ग) अन्य मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोका लागि आवेदन दिएको प्रमाणित भएमा,

(घ) सरकारी सेवामा नियुक्त हुने वा बहाल रहने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा।

१०३. <u>हाजिरी र गयलकट्टी सम्बन्धी व्यवस्थाः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बिदा स्वीकृत नगराई आफ्नो कार्यालयमा अनुपस्थित हुने निजामती कर्मचारीलाई सम्बन्धित कार्यालय प्रमुखले गयल र तलबकट्टी गर्न सक्नेछ। यसरी गयल भएको अवधि सेवाअवधिमा गणना गरिने छैन।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १०२ को उपदफा (१) को खण्ड (ख) वा (ग) विपरीत बिदा स्वीकृत नगराई अनुपस्थित हुने वा हाजिर नहुने निजामती कर्मचारीलाई सो अवधिपछि हाजिर गराइने छैन र सो अवधिपछि प्राप्त निवेदनका आधारमा कुनै पनि प्रकारको बिदासमेत स्वीकृत गरिने छैन।

(३) कसैले उपदफा (२) विपरीत कुनै निजामती कर्मचारीलाई हाजिर गराएमा वा दफा १०२ को उपदफा (१) को खण्ड (ख) वा (ग) बमोजिमको अवधि समाप्त भएपछि प्राप्त



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिभा रा...
मन्त्री

निवेदनका आधारमा विदा स्वीकृत गरेमा त्यस्तो हाजिरी वा विदालाई मान्यता दिइने छैन र त्यसरी हाजिर गराउने वा बिदा स्वीकृत गर्ने पदाधिकारीलाई विभागीय सजाय गरिनेछ।

(४) दफा १०२ को उपदफा (१) को खण्ड (ख) वा (ग) बमोजिम सजायको निर्णय गर्दा सोबमोजिमको अवधि पुरा भएको भोलिपल्टदेखि लागु हुने गरी निर्णय गर्नु पर्नेछ। यसरी अनुपस्थित रहेको अवधि गयलकट्टी गरिनेछ।

(५) उपदफा (१) बमोजिमको गयल र तलबकट्टीको विवरण सेवा सञ्चालन गर्ने मन्त्रालय वा निकाय र राष्ट्रिय किताबखानामा पठाउनु पर्नेछ।

(६) यस दफाबमोजिमको कारबाही त्यस्तो जानकारी पाएको पन्ध्र दिनभित्र सुरु गरी बढीमा छ महिनाभित्र टुङ्ग्याइसक्नु पर्नेछ।

१०४. <u>**विभागीय सजाय दिने अधिकारी**</u>: (१) निजामती कर्मचारीलाई दफा ९९ को खण्ड (ख) बमोजिमको सजायको आदेश दिने अधिकार देहायको अधिकारीलाई हुनेछः-

(क) अधिकृत एघारौं तह र सोभन्दा माथिको पदमा कार्यरत निजामती कर्मचारीलाई नेपाल सरकार, मन्त्रिपरिषद्,

(ख) अधिकृत सातौं देखि अधिकृत दशौं तहसम्मको पदमा कार्यरत निजामती कर्मचारीलाई निज कार्यरत निकायको राजपत्राङ्कित विशिष्ट श्रेणी वा सोसरहको अधिकारी,

(ग) अधिकृत छैठौं र सो भन्दा मुनीको पदमा कार्यरत निजामती कर्मचारीलाई विभागीय प्रमुख वा निज कार्यरत कार्यालयको राजपत्राङ्कित वा सोसरहको कार्यालय प्रमुख।

(२) दफा ९९ को खण्ड (क) बमोजिमको सजायको आदेश दिने अधिकारी तोकिएबमोजिम हुनेछ।

१०५. <u>**निलम्बन गर्ने**</u>: (१) कुनै निजामती कर्मचारीको सम्बन्धमा दफा १०२ मा लेखिएको कुनै अभियोगको जाँचबुझ गर्नुपरेमा जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो कर्मचारीलाई सजायको आदेश दिने अधिकारीले निलम्बन गर्न सक्नेछ।

तर देहायको अवस्था नभई साधारणतयाः निलम्बन गरिने छैनः-

(क) निलम्बन नगरी ओहदाको काम गर्न दिंदा झुटो सबुत प्रमाण सङ्कलन गर्नसक्ने वा आफ्नो विरुद्धको सबुत प्रमाण गायब गर्नसक्ने सम्भावना देखिएमा, वा

(ख) निलम्बन नगरी ओहोदाको काम गर्न दिंदा सरकारी हानि नोक्सानी हुने सम्भावना देखिएमा।

(२) उपदफा (१) बमोजिम कुनै निजामती कर्मचारीलाई निलम्बन गर्दा साधारणतयाः साठी दिनभन्दा बढी गरिने छैन। सो अवधिभित्रै कर्मचारीउपरको कारबाही किनारा लगाउनु



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा रावल
मन्त्री

पर्नेछ। कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारबाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनु परेमा तीस दिनसम्म निलम्बनको अवधि बढाउन सकिनेछ।

(३) कुनै फौजदारी अभियोगमा न्यायिक हिरासतमा रहेको निजामती कर्मचारी त्यसरी हिरासतमा रहेको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ।

(४) कुनै निजामती कर्मचारी उपर भ्रष्टाचार, सरकारी वा सार्वजनिक लिखत किर्ते, राष्ट्रहित विरुद्धको कसुर, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्त्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, बहुविवाह वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा मुद्दा दायर भएमा त्यस्तो कर्मचारी स्वतः निलम्बन भएको मानिनेछ।

तर प्रचलित कानून बमोजिम मुद्दा दायर भएपछि स्वतः निलम्बन हुने कसूर बाहेक अन्य कसूर सम्बन्धी अभियोगमा मुद्दा दायर भएकोमा सम्बन्धित अदालतबाट त्यस्तो निजामती कर्मचारी धरौटी, जमानत वा साधारण तारिखमा छुटेमा निज निलम्बन रहने छैन।

१०६. **निलम्बनको समाप्ति**: कुनै निजामती कर्मचारी आफ्नो पदमा पुनः स्थापित भएमा, दफा १०५ को उपदफा (२) बमोजिमको अवधि पूरा भएमा, निलम्बन फुकुवा भएमा, सेवाबाट हटाइएमा वा बर्खास्त गरिएमा वा निजलाई लागेको अभियोगबाट सफाइ पाएमा निजको निलम्बन समाप्त हुनेछ।

१०७. **सफाइ पेस गर्ने मौका दिनुपर्ने**: (१) विभागीय सजायको आदेश दिने अधिकारीले कुनै निजामती कर्मचारीलाई सजायको आदेश दिनुभन्दा अघि कारबाही गर्न लागिएको कारण उल्लेख गरी कम्तीमा सात दिनको म्याद दिई आफ्नो सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

तर नेपाल सरकार, मन्त्रिपरिषद्ले सजायको आदेश दिनुपर्नेमा त्यसरी सफाइको मौका दिने प्रयोजनका लागि कुनै अधिकारीलाई अधिकार प्रत्यायोजन गरेको अवस्थामा त्यस्तो अधिकारीले सम्बन्धित कर्मचारीलाई सफाइको मौका दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सफाइको मौका दिंदा निजमाथि लगाइएको आरोप स्पष्ट रूपले किटिएको र प्रत्येक आरोप कुन कुन तथ्य र कारणमा आधारित छ सोसमेत खुलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सफाइको मौका दिइएकोमा सम्बन्धित निजामती कर्मचारीले पनि म्यादभित्र आफ्नो सफाइ पेस गर्नु पर्नेछ र यसरी पेस हुन आएको सफाइलाई सम्बन्धित अधिकारीले गम्भीरतापूर्वक अध्ययन तथा बिश्लेषण गर्नु पर्नेछ।

(४) विभागीय सजायको आदेश दिने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ।

१०८. **सजाय प्रस्ताव गरी स्पष्टीकरण माग्ने**: दफा ९९ को खण्ड (ख) बमोजिमको सजायको आदेश दिनु अघि दफा १०७ बमोजिम सफाइ पेस गर्न दिइएको म्यादभित्र सम्बन्धित निजामती कर्मचारीले सफाइ पेस नगरेमा वा पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा विभागीय



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिभा राउत
मन्त्री

सजायको आदेश दिने अधिकारीले त्यस्तो निजामती कर्मचारीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी कम्तीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ।

१०९. **लोक सेवा आयोगको परामर्श लिनुपर्ने**: (१) विभागीय सजाय गर्ने सन्दर्भमा सम्बन्धित निजामती कर्मचारीले दफा १०७ बमोजिम दिएको सफाइ वा दफा १०८ बमोजिम दिएको स्पष्टीकरण सन्तोषजनक नभएमा वा म्यादभित्र सफाइ वा स्पष्टीकरण प्राप्त नभई त्यस्तो कर्मचारीलाई सजाय गर्नुपर्ने देखिएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो निजामती कर्मचारीलाई दिन लागिएको सजाय प्रस्ताव गरी लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परामर्श माग गरेकोमा लोक सेवा आयोगले सम्बद्ध कागज प्रमाण प्राप्त भएको तीस दिनभित्र आवश्यक परामर्श उपलब्ध गराउनेछ।

११०. **सजायसम्बन्धी निर्णय गर्ने**: (१) दफा १०९ बमोजिम लोक सेवा आयोगको परामर्श प्राप्त भएपछि विभागीय सजायको आदेश दिने अधिकारीले उपलब्ध सबुद प्रमाणको मूल्याङ्कन गरी पन्ध्र दिनभित्र विभागीय सजायको सम्बन्धमा निर्णय गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्णयसम्बन्धी जानकारी यथाशीघ्र सम्बन्धित कर्मचारी, लोक सेवा आयोग र तोकिएको निकायलाई दिनु पर्नेछ।

१११. **जानकारी दिन सकिने**: (१) दफा ९२ विपरीत कुनै निजामती कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोका लागि आवेदन दिएको जानकारी कसैलाई प्राप्त भएमा त्यस्तो व्यक्तिले सो जानकारी सम्बन्धित निजामती कर्मचारी कार्यरत कार्यालय वा मन्त्रालयमा दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी कुनै कार्यालयमा प्राप्त हुन आएमा सम्बन्धित कार्यालयले त्यस्तो जानकारी प्राप्त भएको मितिले सात दिनभित्र सेवा सञ्चालन गर्ने मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम वा अन्य कुनै स्रोतबाट कुनै निजामती कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोका लागि आवेदन दिएको जानकारी प्राप्त हुन आएमा मन्त्रालयले त्यस्तो कर्मचारीको सम्बन्धमा छानबिन गर्न विभागीय सजायको आदेश दिने अधिकारीलाई लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो निजामती कर्मचारीको सम्बन्धमा तीन दिनभित्र छानबिन प्रारम्भ गरी सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम छानबिन गर्दा विभागीय सजायको आदेश दिने अधिकारीले सेवा सञ्चालन गर्ने मन्त्रालय वा अन्य कुनै सरकारी निकायसँग कुनै कुराको जानकारी वा सहयोग माग गर्न सक्नेछ र त्यस्तो जानकारी वा सहयोग उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ।



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा रावल
मन्त्री

(६) यस दफाबमोजिम छानबिन र कारबाही गर्दा कुनै निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा सोका लागि आवेदन दिएको देखिएमा *विभागीय* सजायको आदेश दिने अधिकारीले निजलाई तीन महिनाभित्र यस ऐनबमोजिम सजाय गरी सोको जानकारी पन्ध्र दिनभित्र मन्त्रालय र सेवा सञ्चालन गर्ने मन्त्रालय वा निकायलाई दिनु पर्नेछ।

११२. **पुनरावेदनसम्बन्धी व्यवस्था**: यस ऐनबमोजिम दिइएको विभागीय सजायको आदेश उपर सङ्घीय कानूनबमोजिम गठित प्रशासकीय अदालतमा पुनरावेदन गर्न सकिनेछ।

११३. **निर्णयमा असर नपर्ने**: कुनै निजामती कर्मचारीलाई यस परिच्छेद बमोजिम विभागीय सजाय गर्ने क्रममा विभागीय सजायको आदेश दिने अधिकारीले गरेको काम कारबाहीमा तात्विक असर नपर्ने सानोतिनो त्रुटीबाट निर्णयमा असर पर्ने छैन।

११४. **सजायको अभिलेख**: (१) कुनै निजामती कर्मचारीलाई विभागीय सजाय गरिएमा सम्बन्धित कार्यालयले सोको अभिलेख राखी आफ्नो तालुक विभाग वा केन्द्रीय निकाय, सेवा, समूह सञ्चालन गर्ने मन्त्रालय वा निकाय, लोक सेवा आयोग र राष्ट्रिय किताबखानामा समेत पठाउनु पर्नेछ।

(२) सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकायले आफूले सञ्चालन गर्ने सेवा, समूह, उपसमूहका प्रत्येक निजामती कर्मचारीको विभागीय सजायको अभिलेख राख्नु पर्नेछ।

११५. **नकारात्मक सूचीमा राखिने**: (१) देहायका निजामती कर्मचारीलाई देहायबमोजिमको अवधिका लागि नकारात्मक सूचीमा राखिनेछः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) नसिहत पाएकोमा नसिहत पाएको मितिले एक वर्षसम्म,

(ग) बढुवा रोक्का भएकोमा बढुवा रोक्का भएको अवधिभर,

(घ) तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर,

(ङ) कुनै आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कनमा कमजोर वर्गको अङ्क प्राप्त भएकोमा अर्को एक आर्थिक वर्षसम्म,

(च) कुनै कर्मचारीको नाममा लेखापरीक्षणबाट व्यक्तिगत पेस्की र बेरुजु रहेको पाइएमा सोको फरफारक नगरेसम्म।

(२) उपदफा (१) बमोजिम नकारात्मक सूचीमा रहेका कर्मचारीलाई त्यसरी नकारात्मक सूचीमा रहेको अवधिभर बढुवा गरिने छैन। साथै अध्ययन, तालिमको लागि मनोनयन समेत गरिने छैन।

(३) नकरात्मक सूचीमा रहेको कर्मचारीको विवरण राष्ट्रिय किताबखानाको कर्मचारी सुचना प्रणालीमा पन्ध्र दिन भित्रमा अनिवार्यरुपमा अद्यावधिक गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको विवरण अद्यावधिक गराउने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

परिच्छेद-१२

## प्रशासनिक अन्तरसम्बन्ध

११६. **प्रदेश निजामती सेवा:** (१) प्रत्येक प्रदेशमा प्रदेश निजामती सेवा रहनेछ।

(२) प्रदेश निजामती सेवामा अधिकृत बाह्रौं तहसम्मका पदहरू रहनेछन्।

तर कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेशमा समायोजन भएका राजपत्रांकित प्रथम श्रेणीका कर्मचारीलाई दफा ४३ को व्यवस्थाको प्रतिकूल नहुने गरी प्रदेश कानुन बमोजिम बाह्रौं तहमा प्रदेश सरकारले तहवृद्धि गर्न सक्नेछ।

(३) यो ऐन प्रारम्भ हुनुअघि कर्मचारी समायोजनसम्बन्धी सङ्घीय कानूनबमोजिम प्रदेशमा समायोजन भएका कर्मचारी सम्बन्धित प्रदेश निजामती सेवामा कायम रहेको मानिनेछ।

(४) उपदफा (३) बमोजिमका कर्मचारी प्रदेश निजामती सेवासम्बन्धी कानूनबमोजिम सेवा, समूह निर्धारण भएपछि सम्बन्धित सेवा, समूहको पदमा मिलान हुनेछन्।

(५) प्रदेश निजामती सेवाको गठन, सेवाको सर्तको निर्धारण तथा सञ्चालन यस ऐनमा तोकिएको मापदण्डको अधीनमा रही प्रदेश कानूनबमोजिम हुनेछ।

११७. **प्रदेश सरकारको प्रमुख सचिव:** (१) प्रदेश सरकारको प्रमुख सचिवको पद सङ्घीय निजामती सेवाको पद हुनेछ।

(२) उपदफा (१) बमोजिमको पदमा नेपाल सरकारले यस ऐनबमोजिम सङ्घीय निजामती सेवाको अधिकृत तेह्रौं तहका निजामती कर्मचारीमध्येबाट खटाउनेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको प्रमुख सचिवलाई प्रदेश सरकारको सहमति विना एक वर्ष अवधि नपुगी अन्यत्र सरुवा गरिने छैन।

(४) उपदफा (२) बमोजिम प्रदेश सरकारको प्रमुख सचिव पदमा खटाइएको कर्मचारी आफ्नो पदीय दायित्व निर्वाह गर्ने सन्दर्भमा सम्बन्धित प्रदेश सरकारप्रति उत्तरदायी हुनेछ।

११८. **प्रदेश सचिव:** (१) प्रदेश मन्त्रालयको सचिवको पद प्रदेश निजामती सेवाको बाह्रौं तहको पद हुनेछ।

(२) प्रदेश सरकारको मन्त्रालयमा रहने सचिवको सेवा, समूह प्रदेश कानूनबमोजिम प्रदेश सरकारले निर्धारण गरेबमोजिम हुनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएको पाँच वर्षसम्म नेपाल सरकारले सङ्घीय निजामती सेवाको बाह्रौं तहको कर्मचारीलाई प्रदेश मन्त्रालयको सचिवको रुपमा कामकाज गर्न खटाउनेछ।

(४) उपदफा (३) बमोजिम प्रदेश मन्त्रालयको सचिवको रूपमा खटाउने प्रयोजनको लागि नेपाल सरकारले सम्बन्धित सेवा, समूहका अधिकृत बाह्रौं तहका कर्मचारीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा खटाउनेछ।

(५) उपदफा (४) बमोजिम खटाइएका निजामती कर्मचारीलाई प्रदेश सरकारले त्यस्तो कर्मचारीको सेवा, समूह मिल्ने गरी विभिन्न मन्त्रालयमा पदस्थापन तथा सरुवा गर्नेछ।



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा रावल
मन्त्री

(६) उपदफा (५) बमोजिम पदस्थापन वा सरुवा भएको कर्मचारीलाई सम्बन्धित मन्त्रालयले हाजिर गराई कामकाज गराउनु पर्नेछ र उपदफा (४) बमोजिम खटाईएको कर्मचारीलाई पन्ध्र दिन भन्दा बढी जिम्मेवारी नदिई राख्न पाईने छैन।

(७) उपदफा (५) बमोजिम पदस्थापन वा सरुवा भएको कर्मचारीलाई एक वर्ष नपुगी अन्य मन्त्रालयमा सरुवा गर्नुपर्ने वा काज खटाउनु पर्ने भएमा सरुवा गर्नुपर्ने कारण खुलाई प्रदेश सरकारले नेपाल सरकारको सहमति लिनु पर्नेछ।

(८) उपदफा (३), (४) र (५) बमोजिम प्रदेश सरकारको सचिवको रूपमा खटाइएको कर्मचारी आफ्नो पदीय दायित्व निर्वाह गर्ने सन्दर्भमा सम्बन्धित प्रदेश सरकारप्रति उत्तरदायी हुनेछ।

(९) उपदफा (३), (४) र (५) बमोजिम प्रदेश सरकारको सचिव पदमा खटाइएको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सम्बन्धित प्रदेशको प्रमुख सचिवले सुपरिवेक्षक र पुनरावलोकनकर्ताको रूपमा मूल्याङ्कन गर्नेछ।

११९. <u>स्थानीय सेवाः</u> (१) प्रत्येक प्रदेशमा एउटा स्थानीय सेवा रहनेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत स्थानीय सेवामा बहाल रहेका कर्मचारी स्थानीय सेवाको पदमा कायम भएको मानिनेछ।

(३) उपदफा (२) बमोजिमका कर्मचारी स्थानीय सेवासम्बन्धी कानूनबमोजिम सेवा, समूह निर्धारण भएपछि सम्बन्धित सेवा, समूहको पदमा मिलान हुनेछन्।

(४) स्थानीय सेवामा महानगरपालिका र उपमहानगरपालिकामा बढीमा अधिकृत एघारौं तह, नगरपालिकामा बढीमा अधिकृत दशौं तह र गाउँपालिकामा बढीमा नवौं तहसम्मका पदहरू रहनेछन्।

तर सम्बन्धित स्थानीय तहको सेवामा दफा ११८ को उपदफा (२) बमोजिमभन्दा माथिल्लो तहको पद कायम हुन सक्ने छैन।

(५) स्थानीय सेवाको गठन, सेवाको सर्तको निर्धारण तथा सञ्चालन यस ऐनमा तोकिएको मापदण्डको अधीनमा रही प्रदेश कानूनबमोजिम हुनेछ।

(६) उपदफा (५) बमोजिम प्रदेश कानून बनाउँदा सम्बन्धित प्रदेशमा रहेका सबै स्थानीय तहमा रहने स्थानीय सेवाका लागि लागु हुने गरी बनाउनु पर्नेछ।

१२०. <u>स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतः</u> (१) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद स्थानीय सेवाको पद हुनेछ।

(२) स्थानीय तहमा प्रशासन सेवाका देहायको तहका प्रमुख प्रशासकीय अधिकृत रहनेछन्:-

(क) महानगरपालिका र उपमहानगरपालिकामा अधिकृत एघारौं तहको कर्मचारी,



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा रावल
मन्त्री

(ख) नगरपालिकामा अधिकृत दसौं तहको कर्मचारी वा त्यस्तो कर्मचारी उपलब्ध नभएमा राजपत्राङ्कित द्वितीय श्रेणी वा अधिकृत नवौं तहमा तीन बर्ष पूरा गरेको कर्मचारी,

(ग) गाउँपालिकामा अधिकृत आठौं तहको कर्मचारी वा त्यस्तो कर्मचारी उपलब्ध नभएमा राजपत्राङ्कित तृतीय श्रेणी वा अधिकृत सातौं तहमा तीन बर्ष पूरा गरेको कर्मचारी।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएको पाँच वर्षसम्म नेपाल सरकारले सङ्घीय निजामती सेवाको प्रशासन सेवाका उपदफा (२) बमोजिमको तहका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रूपमा कामकाज गर्न खटाउनेछ।

(४) उपदफा (३) बमोजिम नेपाल सरकारले स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको रूपमा खटाउनुपर्ने सम्बन्धित तहका कर्मचारीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा खटाउनेछ।

(५) उपदफा (४) बमोजिम खटाईएका सम्बन्धित तहका कर्मचारीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले दरबन्दी बमोजिमको तह मिल्ने गरी स्थानीय तहमा खटाउनेछ।

(६) उपदफा (४) बमोजिम नेपाल सरकारले स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको रूपमा खटाएको कर्मचारीलाई बढीमा पन्ध्र दिन भित्रमा प्रमुख प्रशासकीय अधिकृतको पदमा पदस्थापन गर्नुपर्नेछ।

(७) उपदफा (५) वा (६) बमोजिम खटाईएको कर्मचारीलाई सम्बन्धित स्थानीय तहले हाजिर गराउनु पर्नेछ।

(८) उपदफा (५) बमोजिम खटाइएको कर्मचारी आफ्नो पदीय दायित्व निर्वाह गर्ने सन्दर्भमा सम्बन्धित स्थानीय तहप्रति उत्तरदायी हुनेछ।

(९) उपदफा (३) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको पदमा खटाइएको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवले सुपरिवेक्षकको रूपमा र प्रमुख सचिवले पुनरावलोकनकर्ताको रूपमा मूल्याङ्कन गर्नेछ।

तर अधिकृत एघारौं तहको प्रमुख प्रशासकीय अधिकृतको हकमा प्रमुख सचिवले सुपरिवेक्षक र पुनरावलोकनकर्ताको रूपमा मूल्याङ्कन गर्नेछ।

(१०) उपदफा (३) वा (५) बमोजिम नेपाल सरकार वा प्रदेश सरकारले स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पदमा कर्मचारी नखटाएको अवस्थामा सो स्थानीय तहमा कार्यरत वरिष्ठतम् कर्मचारीले प्रमुख प्रशासकीय अधिकृतको रूपमा काम गर्नेछ।

१२१. <u>सङ्घ, प्रदेश र स्थानीय तहबीचको प्रशासनिक अन्तरसम्बन्ध</u>: (१) सङ्घ, प्रदेश र स्थानीय तहका सरकारी सेवाहरूले यो ऐनलाई मार्गदर्शकको रूपमा लिनु पर्नेछ।

चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा रावल
मन्त्री

(२) प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा वा स्थानीय सेवाको गठन तथा सञ्चालन गर्दा अन्य विषयका अतिरिक्त दफा ४ बमोजिमका आधारभूत सिद्धान्तलाई समेत अवलम्बन गर्नु पर्नेछ।

(३) कर्मचारी समायोजनसम्बन्धी सङ्घीय कानूनबमोजिम निजामती सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवाको पदमा समायोजन भएको कर्मचारी सरुवा, बढुवा वा अवकाश नभएसम्म त्यस्तो पद फाजिलमा पर्ने गरी सङ्गठन संरचना वा दरबन्दी स्वीकृत गर्न पाइने छैन।

(४) प्रदेश सरकारले सङ्गठन संरचना र दरबन्दी स्वीकृत गर्दा प्रदेश सरकारको प्रमुख सचिव र प्रदेश सचिवको अतिरिक्त प्रदेशमा नरहेको कुनै सेवा, समूहको अन्य पदमा सङ्घीय निजामती सेवाको दरबन्दी रहने व्यवस्था गर्न सक्नेछ। यसरी सङ्घीय निजामती सेवाको दरबन्दी सिर्जना गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम प्रदेशमा सङ्घीय निजामती सेवाको दरबन्दी कायम भएको जानकारी प्राप्त भएपछि सेवा, समूह सञ्चालन गर्ने मन्त्रालयले राष्ट्रिय किताबखानामा त्यस्तो पद दर्ता गराई यस ऐनबमोजिम पदपूर्ति गर्नुपर्नेछ।

(६) प्रदेश तथा स्थानीय तहमा रिक्त रहेको पद प्रदेश निजामती सेवा वा स्थानीय सेवाबाट पूर्ति हुन नसकेको अवस्थामा सम्बन्धित प्रदेश सरकारको अनुरोधमा नेपाल सरकारले सङ्घीय निजामती सेवाको कर्मचारीलाई कामकाज गर्न खटाउन सक्नेछ।

(७) प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा तथा स्थानीय सेवामा कार्यरत कर्मचारीको हकमा निवृत्तभरण कोषसम्बन्धी सङ्घीय कानूनको विपरित नहुने गरी योगदानमा आधारित निवृत्तिभरणको व्यवस्था गर्नु पर्नेछ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजनसम्बन्धी सङ्घीय कानूनबमोजिम सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका कर्मचारीको हकमा सोही ऐनमा व्यवस्था भएबमोजिम हुनेछ।

(९) स्थानीय तहमा कम्तीमा तीन वर्ष बहाल रहेका स्थानीय सेवाका कर्मचारीलाई सम्बन्धित स्थानीय तहहरूको समन्वयमा प्रदेशको प्रमुख सचिवले सम्बन्धित प्रदेशभित्रको अन्य स्थानीय तहमा सरुवा गर्न सक्नेछ।

(१०) कर्मचारी समायोजनसम्बन्धी सङ्घीय कानूनबमोजिम सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका वा लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति भई प्रदेश निजामती सेवा वा स्थानीय सेवामा बहाल रहेका कर्मचारी प्रदेश वा स्थानीय सेवा वा सङ्घीय निजामती सेवामा स्थायी नियुक्ति भई रमाना लिई आएमा निजको संघीय निजामती सेवा, प्रदेश निजामती सेवा वा स्थानीय सेवाको सेवाअवधिसमेत हालको सेवामा गणना गरिनेछ।

(११) प्रदेश निजामती सेवा तथा स्थानीय सेवाको अधिकृत सातौं तहको रिक्त पदमध्ये कम्तीमा साठी प्रतिशत पद खुला प्रतियोगिताको आधारमा पूर्ति गर्नु पर्नेछ।



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिभा रावल
मन्त्री

(१२) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा सोअन्तर्गतको निकायमा नयाँ सङ्गठन संरचना तयार गर्ने वा दरबन्दी सिर्जना गर्ने सम्बन्धमा नेपाल सरकारले राष्ट्रिय मापदण्ड बनाई लागु गर्नेछ।

(१३) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा सोअन्तर्गतको निकायमा नयाँ सङ्गठन संरचना तयार गर्दा वा दरबन्दी सिर्जना गर्दा उपदफा (१२) बमोजिमको मापदण्ड बमोजिम गर्नु पर्नेछ।

(१४) मन्त्रालयले नियमावलीमा व्यवस्था भए बमोजिम न्यूनतम दुई वर्षमा एकपटक उपदफा (१२) र (१३) बमोजिम संगठन संरचना र दरबन्दी भए नभएको सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा सो अन्तरगतको निकायको मानवस्रोत परीक्षण (ह्यूमन रिसोर्स अडिट) गर्नुपर्नेछ र मापदण्ड विपरितका संगठन संरचना वा दरबन्दी खारेज गर्नुपर्नेछ।

(१५) नेपाल सरकारले संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य, समन्वय र सहअस्तित्व प्रवर्द्धन गर्न नियमावलीमा व्यवस्था भए बमोजिम तहगत निकायहरुमा मिश्रित रुपमा तहगत कर्मचारी रहनेगरी कर्मचारी व्यवस्थापन गर्न सक्नेछ।

(१६) उपदफा (१५) बमोजिम संघ, प्रदेश र स्थानीय तहका निकायमा रहने तहगत कर्मचारीको दरबन्दी संरचना नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

(१७) उपदफा (१६) बमोजिमको स्वीकृत दरबन्दीमा सम्बन्धित सेवा, समूह वा उपसमूहका रिक्त पदहरूको पदपूर्ति सम्बन्धित तहको सेवा समूह सञ्चालन गर्ने मन्त्रालय वा निकायले गर्नुपर्नेछ।

(१८) न्याय सेवा, लेखापरीक्षण सेवा, न्यायिक तथा संवैधानिक निकाय बाहेकका जिल्लास्थित कार्यालयमा कार्यरत कर्मचारीको विभागीय प्रमुखको रुपमा उक्त जिल्लाको प्रमुख जिल्ला अधिकारी रहनेछन्।

(१९) उपदफा (१८) बमोजिम कर्मचारीको अनुशासन, आचरण, नियमितता, सेवा प्रवाह गर्दा पालना गर्नुपर्ने मापदण्डको कार्यान्वयन र सुशासन कायम गर्ने सम्बन्धमा गर्नुपर्ने अनुगमन, मूल्याङ्कन तथा निरीक्षण लगायतका कार्यमा विभागीय प्रमुखलाई हुने सरहको जिम्मेवारी र अधिकार हुनेछ।

तर विभागीय कारबाहीको हकमा सेवा समूह सञ्चालन गर्ने तहगत सरकारको मन्त्रालय वा निकायको प्रमुखको परामर्श र सहमति लिनु पर्नेछ।

(२०) नेपाल सरकारले सम्बन्धित तहसँगको समन्वयमा उपदफा (१६) बमोजिमको कर्मचारी दरबन्दी अनुपात आवश्यकता अनुसार पुनरावलोकन र समायोजन गर्नेछ।

१२२. <u>प्रदेश र स्थानीय सेवासम्बन्धी कानून निर्माण गर्दा पालना गर्नुपर्ने मापदण्डः</u> (१) प्रदेश निजामती सेवा, प्रदेश न्याय सेवा, प्रदेशको अन्य सरकारी सेवा र स्थानीय सेवासम्बन्धी कानून निर्माण गर्दा छनोट, भर्ना, नियुक्ति, सरुवा, बढुवा, आचरण, विभागीय सजायका विषयमा यस ऐनका आधारभूत सिद्धान्त, मान्यता तथा व्यवस्थाको पालना गर्नु पर्नेछ।



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा रावल
मन्त्री

(२) प्रदेशले प्रदेश निजामती सेवा वा स्थानीय सेवासम्बन्धी कानून निर्माण गर्दा देहायका विषयसमेत समावेश गर्नु पर्नेछ:-

(क) प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा र स्थानीय सेवाको पदमा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति हुने व्यवस्था तथा प्रदेश लोक सेवा आयोगले उपयुक्तताको परीक्षण गरी दिएको सहमतिमा मात्र कर्मचारीको सेवा, समूह वा उपसमूह परिवर्तन गर्न सकिने व्यवस्था,

(ख) प्रदेश निजामती सेवा र स्थानीय सेवाका कर्मचारीको सेवा सर्त र सुविधासम्बन्धी व्यवस्था,

(ग) सङ्घीय निजामती सेवामा बहाल रहेका स्थायी कर्मचारीलाई प्रदेश निजामती सेवा वा स्थानीय सेवाको पदमा, प्रदेश निजामती सेवामा बहाल रहेका स्थायी कर्मचारीलाई स्थानीय सेवाको पदमा वा स्थानीय सेवामा बहाल रहेका स्थायी कर्मचारीलाई प्रदेश निजामती सेवाको पदमा खुला वा अन्तरतह प्रतियोगितामा उम्मेदवार हुन उमेरको हद नलाग्ने व्यवस्था,

(घ) सङ्घीय निजामती सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा, प्रदेश निजामती सेवाबाट स्थानीय सेवामा वा स्थानीय सेवाबाट प्रदेश निजामती सेवामा नियुक्ति हुने स्थायी कर्मचारीको पहिलेको स्थायी सेवाअवधि गणना गर्ने व्यवस्था,

(ङ) सङ्घीय निजामती सेवामा बहाल रहेका स्थायी कर्मचारीलाई प्रदेश निजामती सेवा र स्थानीय सेवाको पदमा, प्रदेश निजामती सेवामा बहाल रहेका स्थायी कर्मचारीलाई स्थानीय सेवाको पदमा तथा स्थानीय सेवामा बहाल रहेका स्थायी कर्मचारीलाई प्रदेश निजामती सेवाको पदमा अन्तरतह प्रतियोगिताको माध्यमबाट तह परिवर्तनको अवसर प्रदान गर्ने व्यवस्था,

(च) सम्बन्धित प्रदेशभित्रका स्थानीय तहमा रिक्त रहेको पदमा बढुवाद्वारा पूर्ति गर्नुपर्ने भएमा सो प्रदेशभित्रका सबै स्थानीय तहमा बहाल रहेका स्थानीय सेवाका न्यूनतम योग्यता हासिल भएका एक तह मुनिका सम्बन्धित सेवा, समूहका स्थायी कर्मचारी बढुवाको उम्मेदवार हुन सक्ने व्यवस्था,

(छ) प्रदेश सरकारको प्रमुख सचिव, सचिव, विभागीय प्रमुख, कार्यालय प्रमुख तथा आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता गर्ने तथा त्यस्तो कार्यसम्पादन सम्झौताबमोजिमको कार्यसम्पादन प्रगतिलाई समेत त्यस्तो कर्मचारीको मूल्याङ्कनको आधार बनाउने तथा कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी व्यवस्था,

(ज) प्रदेश निजामती सेवा वा स्थानीय सेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा सोसरह वा सोभन्दा माथिको पदबाट सेवा निवृत्त भएको दुई वर्षसम्म



चन्द्रकला पौडेल
सचिव

मानीय-प्रतिमा राउत
मन्त्री

संवैधानिक, कुटनीतिक वा अन्य सरकारी पदमा नियुक्त हुन नपाउने व्यवस्था।

(३) कर्मचारी समायोजनसम्बन्धी सङ्घीय कानूनबमोजिम निजामती सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका कर्मचारीको समायोजन हुँदाका बखत लागु रहेको कानून बमोजिम तलब, उपदान, निवृत्तिभरण, उपचार खर्च र अन्य सुविधासम्बन्धी सेवाका सर्तहरूमा प्रतिकूल असर पर्ने गरी कानून बनाउन पाइने छैन।

(४) प्रदेश निजामती सेवा वा स्थानीय सेवा सम्बन्धी कानून निर्माण गर्दा प्रदेश निजामती सेवा वा स्थानीय सेवाका कर्मचारीलाई सम्बन्धित स्थानीय तहहरु र प्रदेश सरकारहरुको आपसी सहमतिमा सम्बन्धित सेवा, समूह, उपसमूहको समान श्रेणी, तह वा पदको दरबन्दीमा अन्तर-स्थानीय तह वा अन्तरप्रदेश सरुवा गर्न सक्ने व्यवस्था गर्न सकिनेछ।

(५) उपदफा (४) बमोजिम अन्तर प्रदेशको अन्तर-स्थानीय तह वा अन्तर प्रदेश सरुवा गर्दा सरुवा भई आउने कर्मचारीको सम्पूर्ण दायित्व सरुवा भई आएको स्थानीय तह वा प्रदेशको हुनेछ।

(६) उपदफा (४) बमोजिमको व्यवस्था गर्दा त्यसरी सरुवा भएको कर्मचारी कम्तीमा एक वर्ष बढुवाको सम्भाव्य उम्मेदवार नहुने व्यवस्था गर्नु पर्नेछ।

(७) सम्वत् २०७६ सालमा लोक सेवा आयोगबाट स्थानीय तहका लागि सिफारिस भई दोहोरो सहमतिका आधारमा यो ऐन प्रारम्भ हुनु अघि मन्त्रालयबाट कामकाज गर्न अन्तर प्रदेश एवम् अन्तर स्थानीय तहमा खटाइएका कर्मचारीलाई हाल कार्यरत रहेको स्थानीय तहमा पदस्थापन गर्न यो ऐनको व्यवस्थाले बाधा पारेको मानिने छैन।

(८) प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा वा स्थानीय सेवाका कर्मचारीको सेवा सर्तसम्बन्धी कानून बनाउँदा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ।

(९) प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा वा स्थानीय सेवाको कानून नबनेसम्म प्रदेश निजामती सेवा वा स्थानीय सेवाको पदमा हुने पदपूर्तिका लागि पदसङ्ख्या निर्धारण, सरुवा, काज, बढुवा, अवकाश, बिदा, आचरण, विभागीय सजाय तथा सेवा सुविधा सम्बन्धमा यस ऐनको व्यवस्था आवश्यक हेरफेरसहित (मुटाटिस मुटान्डिस) लागु हुनेछ।

तर सेवा सुविधाको हकमा त्यस्तो सेवा सुविधा सम्बन्धित प्रदेश वा स्थानीय तहको स्रोतबाट व्यहोर्नु पर्नेछ।

(१०) यो ऐन प्रारम्भ हुनुअघि प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा वा स्थानीय सेवासम्बन्धी कानून बनिसकेको भएमा यो ऐन प्रारम्भ भएको एक वर्षभित्र यो ऐनको व्यवस्था अनुकूल हुने गरी त्यस्तो कानून परिमार्जन गर्नु पर्नेछ।

१२३. <u>प्रदेश वा स्थानीय तहमा समायोजन भएका वा खटिएका कर्मचारीसम्बन्धी विशेष व्यवस्था:</u> (१) कर्मचारी समायोजनसम्बन्धी सङ्घीय कानूनबमोजिम प्रदेश निजामती सेवा वा स्थानीय सेवामा



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा रावल
मन्त्री

समायोजन भएका वा खटाइएका कर्मचारीको तलब तथा अन्य सुविधा सम्बन्धित प्रदेश वा स्थानीय तहले उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समायोजनसम्बन्धी सङ्घीय कानूनबमोजिम प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएको वा खटाइएको निजामती कर्मचारी समायोजन भएको वा खटाइएको पद वा सोभन्दा माथिल्लो पदबाट कुनै कारणले सेवाबाट अलग भएमा निजले पाउने उपदान, निवृत्तिभरण, उपचार खर्च, सञ्चित बिदाको रकम दफा ९८ को उपदफा (३) को अधीनमा रही नेपाल सरकारले व्यहोर्नेछ। यस्तो रकम उपलब्ध गराउँदा सङ्घीय निजामती सेवाको समान श्रेणी वा तहको कर्मचारीले पाउने सुविधाभन्दा घटीबढी नहुने गरी उपलब्ध गराइनेछ।

तर भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको कर्मचारीलाई यस उपदफाबमोजिमको कुनै सुविधा दिइने छैन।

(३) कर्मचारी समायोजनसम्बन्धी सङ्घीय कानून बमोजिम स्थानीय सेवामा समायोजन भएको कर्मचारीले त्यसरी समायोजन भएको स्थानीय तहमा कम्तीमा दुई बर्ष काम गरेपछि सम्बन्धित प्रदेशको प्रमुख सचिवले सोही प्रदेशभित्रको अर्को स्थानीय तहमा सरुवा गर्न सक्नेछ।

(४) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश वा स्थानीय तहमा समायोजन भएका कर्मचारीलाई सम्बन्धित कर्मचारीको माग र सम्बन्धित स्थानीय तह र प्रदेश एवम् सरुवा हुने स्थानीय तह र प्रदेश सरकारको दोहोरो सहमतीमा अर्को स्थानीय तह वा प्रदेशको मिल्दो सेवा समूहको समान तह वा पदमा मापदण्ड बनाई मन्त्रालयले पारस्परिक सरुवा गर्न सक्नेछ।

(५) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश वा स्थानीय तहमा समायोजन भएका निजामती कर्मचारी समायोजन भएका बखतको सेवा, समूह वा उपसमूहको समान तह वा श्रेणीको पदमा फिर्ता हुन चाहेमा कूल रिक्त पदको बार्षिक बढीमा बीस प्रतिशतमा ननाघ्ने गरी पहिलो समायोजन भएको मिति र ज्येष्ठताको आधार सहितको मापदण्ड बनाई समायोजन पूर्वको सेवामा मन्त्रालयले क्रमागतरुपमा समायोजन मिलान गर्न सक्नेछ।

तर समायोजन भएपछि प्रदेश वा स्थानीय तहमा तहवृद्धि वा बढुवा लिईसकेको कर्मचारीको हकमा यो व्यवस्था लागू हुने छैन।

(६) समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएको कर्मचारीलाई उपदफा (५) अनुसार प्रदेश कानुनमा व्यवस्था गरी प्रदेश सरकारले प्रदेश वा प्रदेश अन्तरगतका निकायमा सरुवा वा पदस्थापन गर्न सक्नेछ।

(७) प्रदेश निजामती सेवा वा स्थानीय सेवा गठन नभएको वा प्रदेश वा स्थानीय तहले कर्मचारी पूर्ति गर्न नसकेको कारण त्यस्तो पदमा सङ्घीय निजामती सेवाका कर्मचारी खटाउन सम्बन्धित प्रदेश वा स्थानीय तहले अनुरोध गरेमा नेपाल सरकारले निजामती कर्मचारी खटाउन सक्नेछ।

चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा रावल
मन्त्री

(८) यो ऐन वा अन्य प्रचलित कानूनबमोजिम प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन नभई कामकाज गर्न खटिएको कर्मचारी सङ्घीय निजामती सेवाको कर्मचारी मानिनेछ।

(९) यो ऐन वा कर्मचारी समायोजनसम्बन्धी सङ्घीय कानूनबमोजिम प्रदेश वा स्थानीय तहको कुनै पदमा सङ्घीय निजामती सेवाको कर्मचारी रहने व्यवस्था भएमा त्यस्तो कर्मचारीको काज, सरुवा, सुविधा तथा सेवाका अन्य सर्त यस ऐनबमोजिम नै हुनेछ।

१२४. **पदस्थापन तथा समायोजनसम्बन्धी विशेष व्यवस्था**: (१) कर्मचारी समायोजनसम्बन्धी सङ्घीय कानून बमोजिम प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका वा समायोजन संशोधन वा मिलान गर्दा प्रदेश वा स्थानीय तहमा समायोजन भएका तर सम्बन्धित प्रदेश वा स्थानीय तहमा हाजिर हुन नसकी पत्रसहित फिर्ता भएका र अदालतको फैसला बमोजिम समायोजन भएको निकायमा हाजिर हुन नगएका कर्मचारीलाई सम्बन्धित प्रदेश वा स्थानीय तहसँग समन्वय गरी एक पटकको लागि मन्त्रालयले समायोजन हुनु भन्दा अघि बहाल रहेको सम्बन्धित सेवा, समूह वा उपसमूहको सङ्घीय निजामती सेवाको पदमा पदस्थापन वा सरुवा गर्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि कर्मचारीलाई मन्त्रालयको पुल दरबन्दीमा राखी रिक्त पदमा क्रमागत रुपमा मिलान गर्न सक्नेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत सङ्घीय निजामती सेवामा बहाल रहेको कर्मचारीले प्रदेश निजामती सेवा वा स्थानीय सेवाको पदमा समायोजन हुन चाहेमा सम्बन्धित प्रदेश सरकारको सहमति लिई सम्बन्धित सेवा, समूह र तहको पदमा समायोजन गर्न सकिनेछ। यसरी कुनै निजामती कर्मचारी प्रदेश निजामती सेवा वा स्थानीय तहमा समायोजन भएमा निज बहाल रहेको सङ्घीय निजामती सेवाको दरबन्दी स्वतः खारेज हुनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम प्रदेश वा स्थानीय तहको पदमा पदस्थापन वा समायोजन भएका कर्मचारी सम्बन्धित प्रदेश निजामती सेवा वा स्थानीय सेवाको पदमा कायम भएको मानिनेछ।

## परिच्छेद-१३

## विविध

१२५. **प्रशासन सुधार समिति रहने**: (१) सङ्घीय निजामती सेवालाई सक्षम तथा उत्तरदायी बनाउन तथा सङ्घ, प्रदेश र स्थानीय तहबीचको प्रशासनिक अन्तरसम्बन्धलाई थप व्यवस्थित गर्न गर्नुपर्ने सुधारको विषयमा सिफारिस गर्न नेपाल सरकारले प्रशासन सुधार समिति गठन गर्नेछ।

चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिभा रावल
मन्त्री

१२६. **चेतावनी दिन सकिने**: कुनै निजामती कर्मचारीले देहायको कुनै काम गरेमा सुपरीवेक्षकले कारण खोली चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्बन्धित कर्मचारीको व्यक्तिगत विवरण फाइलमा राख्नेछ :-

(क) समयपालना नगरेमा,

(ख) सरकारी कामसम्बन्धी कुरामा आफूभन्दा माथिको कर्मचारीले दिएको आदेश पालना नगरेमा,

(ग) पदीय मर्यादा अनुकूल कार्य नगरेमा,

(घ) कार्यालयसम्बन्धी काममा लापर्बाही वा ढिलासुस्ती गरेमा, वा

(ङ) सम्बन्धित सुपरिवेक्षकले कुनै विषय सुधार गर्न दफा १३८ को उपदफा (३) बमोजिम जानकारी गराएकोमा सो बमोजिमको अवधिभित्र त्यस्तो सुधार नगरेमा।

१२७. **निजामती कर्मचारीले पाउने बिदा**: (१) निजामती कर्मचारीले देहायका बिदा पाउनेछ :-

(क) भैपरी आउने र पर्व बिदा,

(ख) घर बिदा,

(ग) बिरामी बिदा,

(घ) मातृत्व तथा प्रसूति बिदा,

(ङ) प्रसूति स्याहार बिदा,

(च) मृत्यु संस्कार बिदा,

(छ) आन्तरिक पर्यटन बिदा,

(ज) अध्ययन बिदा, र

(झ) असाधारण बिदा।

(२) बिदा निजामती कर्मचारीको अधिकारको रूपमा नभई सहुलियतको रूपमा रहनेछ।

१२८. **बेतलबी बिदा**: (१) कुनै निजामती कर्मचारीको पति वा पत्नी विदेशस्थित नेपाली राजदूतावास वा कुनै नियोगमा खटिई गएमा त्यस्तो निजामती कर्मचारीले पाँच वर्षमा नबढ्ने गरी बेतलबी बिदा पाउनेछ।

(२) उपदफा (१) बमोजिमको बिदाको अवधि निजको सेवाअवधिमा गणना गरिने छैन।

१२९. **भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएका कर्मचारीले पाउने सुविधा**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९९ को खण्ड (ख) को उपखण्ड (२) बमोजिम सेवाबाट बर्खास्त भएको निजामती कर्मचारीले दफा ५० बमोजिमको कर्मचारी सञ्चयकोष, दफा ५१ बमोजिमको सावधिक बिमा र दफा ७० बमोजिमको योगदानमा आधारित निवृत्तिभरणबापत जम्मा भएको रकममध्ये त्यस्तो कर्मचारीले योगदान गरेको रकम र सोको व्याज बाहेक अन्य कुनै सुविधा पाउने छैन।



मानसिंह प्रतिभा रावल
मन्त्री

तर दफा १०२ को उपदफा (२) को खण्ड (क) बमोजिमको आधारमा त्यस्तो सजाय पाई बर्खास्त भएको कर्मचारीले सञ्चित घर बिदा र बिरामी बिदाबापतको रकम पाउनेछ।

(२) सङ्घीय निजामती सेवाबाट अवकाशप्राप्त व्यक्तिको मृत्यु भई निजको हकवालाले कुनै सुविधा पाउने भएमा त्यस्तो सुविधा पाउने व्यक्तिले स्थायी आवासीय अनुमति पाएको रहेछ भने उपदफा (१) बमोजिमको रकम बाहेक अन्य सुविधा पाउने छैन।

१३०. **बहाली नहुने**: कुनै निजामती कर्मचारीलाई दफा ९९ को खण्ड (ख) बमोजिमको सजाय भएकोमा सो सजायउपर परेको पुनरावेदनको आधारमा अदालतबाट त्यस्तो सजाय गर्ने निर्णय बदर भई निज सेवामा पुनर्बहाली हुने भएमा सो निर्णयको सूचना पाएको तीस दिन वा निर्णय भएको नब्बे दिनमध्ये जुन पहिले हुन्छ सो अवधिभित्र सम्बन्धित कार्यालयमा उपस्थित हुन नआएमा सेवामा बहाली हुन पाउने छैन।

१३१. **सङ्घीय निजामती सेवामा पुनर्बहाली भएमा पाउने सुविधा**: (१) कुनै निजामती कर्मचारीलाई दफा ९९ को खण्ड (ख) बमोजिमको सजाय भएकोमा सो सजायउपर परेको पुनरावेदनको आधारमा अदालतबाट त्यस्तो सजाय गर्ने निर्णय बदर भई निज सेवामा पुनर्बहाली हुने भएमा त्यस्तो कर्मचारीले सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि सेवामा पुनः कायम भएको मितिसम्मको बाँकी तलब, भत्ता, चाडपर्व खर्च र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ।

(२) यो ऐन प्रारम्भ हुनुअघि निजामती सेवाबाट हटाइएको वा बर्खास्त गरिएको निजामती कर्मचारी अदालतको आदेशद्वारा सङ्घीय निजामती सेवामा पुनर्बहाली भएमा त्यस्तो कर्मचारीले समेत उपदफा (१) बमोजिम तलब, भत्ता, चाडपर्व खर्च र तलब वृद्धि पाउनेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा १०२ को उपदफा (१) को खण्ड (ख) वा (ग) बमोजिमको आधारमा सेवाबाट हटाइएको निजामती कर्मचारीले अदालतको आदेशबाट सेवामा पुनर्बहाली भएमा कार्यालयमा अनुपस्थित भएको मितिदेखि अदालतबाट पुनर्बहाली भई हाजिर भएको अघिल्लो दिनसम्मको तलब, भत्ता र चाडपर्व खर्च पाउने छैन।

(४) कुनै निजामती कर्मचारीलाई विभागीय सजाय भई सेवाबाट हटाइएको वा बर्खास्त गरिएकोमा कर्मचारी समायोजनसम्बन्धी सङ्घीय कानूनबमोजिम समायोजनको कार्य सम्पन्न भइसकेपछि अदालतको निर्णयअनुसार सेवामा पुनर्बहाली हुने भएमा त्यस्तो कर्मचारीलाई सङ्घीय निजामती सेवामा समायोजन गरिनेछ।

१३२. **निजामती कर्मचारीको गुनासो सुनुवाइको व्यवस्था**: (१) निजामती कर्मचारीले यो ऐन वा प्रचलित कानूनबमोजिम अन्यत्र उजुरी वा पुनरावेदन गर्न पाउने व्यवस्था भएकोमा बाहेक यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम प्रदान गरिएका सेवा, सर्त, सुविधा र कर्मचारीसँग सरोकार राख्ने विषयमा आफूलाई मर्का परेको छ भन्ने लागेमा निजले कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत समक्ष आफ्नो पीर मर्का र गुनासो लिखित वा मौखिक रूपमा राख्न सक्नेछ।



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा राक्स
मन्त्री

(२) उपदफा (१) बमोजिम गुनासो प्राप्त भएमा बढीमा तीस दिन भित्रमा गुनासो फछ्र्यौट गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम कर्मचारीको पीर, मर्का र गुनासो फर्छ्यौट हुन नसक्ने भएमा सम्बन्धित पक्षलाई गुनासो सुनुवाई गर्ने जिम्मेवारी प्राप्त अधिकृतले पन्ध्र दिन भित्र लिखित रुपमा आधार र कारण सहितको निर्णयको जानकारी गराउनु पर्नेछ।

(५) उपदफा (३) बमोजिमको निर्णयउपर चित्त नबुझेमा पीर मर्का परेको सम्बन्धित कर्मचारीले एक तह माथिको अधिकारी समक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ। पुनरावलोकनको निवेदन उपर भएको सुनुवाईमा समेत चित्त नबुझेमा प्रचलित कानुन बमोजिम हुनेछ।

(६) निजामती कर्मचारीले यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरित निजामती सेवामा कुनै पनि संगठित गतिविधि गर्न पाइने छैन।

१३३. **बरबुझारथ गर्नुपर्ने**: कुनै निजामती कर्मचारीले आफूले बुझाउनुपर्ने नगदी, जिन्सी वा कागजात सम्वन्धित कर्मचारीलाई बुझाइदिनु पर्नेछ र सो बुझनुपर्नेले पनि सोही म्यादभित्र बुझी लिनु पर्नेछ।

१३४. **अपाङ्गता भएको कर्मचारीका लागि विशेष व्यवस्था**: (१) अपाङ्गता भएको कर्मचारीको पदस्थापन वा सरुवा गर्दा निजको अपाङ्गताको अवस्थालाई ध्यान दिई उपयुक्त स्थानमा गरिनेछ।

(२) अपाङ्गता भएको कर्मचारीको कार्य सहजताका लागि कार्यवातावरण र कार्यालयको विन्यास अपाङ्गमैत्री बनाउन तथा निजको कामलाई सहजीकरण गर्न कार्यालय प्रमुखले आवश्यक व्यवस्था गर्नु पर्नेछ।

१३५. **कर्मचारी कल्याण कोषको स्थापना र सञ्चालन**: सङ्घीय निजामती सेवाका बहालवाला कर्मचारी, अवकाशप्राप्त कर्मचारी र निजको परिवारको सदस्यको कल्याणका लागि कल्याणकारी कोष स्थापना गर्न सकिनेछ।

१३६. **नेपाल सरकारले सेवानिवृत्त पूर्व कर्मचारीको सेवा लिन सक्ने**: (१) सङ्घीय निजामती सेवा वा अन्य सरकारी सेवाबाट अवकाश प्राप्त गरी निवृत्तिभरण पाइरहेका कर्मचारीसँग दफा ८३ को प्रतिकूल नहुने गरी नेपाल सरकारले आवश्यक सेवा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा उपलब्ध गराउनु त्यस्ता सेवानिवृत्त कर्मचारीको कर्तव्य हुनेछ।

१३७. **नेतृत्व परीक्षण**: (१) राजपत्राङ्कित प्रथम श्रेणी वा सोसरहका कर्मचारीहरूको नेतृत्व परीक्षण गरिनेछ।

(२) उपदफा (१) बमोजिम नेतृत्व परीक्षण गर्दा देहायको आधारमा गर्नु पर्नेछः-



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा राउत
मन्त्री

(क) निजामती कर्मचारीले नेतृत्व गरेको संस्थाको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रगति,

(ख) नीति विश्लेषण क्षमता, कार्यसम्पादन गर्दा नेतृत्व लिन सक्ने क्षमता,

(ग) निर्णय गर्ने क्षमता,

(घ) सेवाग्राहीको सन्तुष्टी,

(ङ) बेरुजु फछ्र्यौटको प्रगति,

(च) संवैधानिक निकायको वार्षिक प्रतिवेदनमा देखिएको बेरुजु,

(छ) सामूहिक कार्य प्रणाली, पेसागत संवेदनशीलता,

(ज) अवकाश प्राप्त कर्मचारीको सेवा सुविधा रोक्का राख्ने विषय,

(ज) अन्तरवैयक्तिक सम्बन्ध, र

(झ) कार्यरत निकायमा गरेको रचनात्मक वा सिर्जनात्मक सुधार।

(३) उपदफा (१) बमोजिमको समितिले नेतृत्व मूल्याङ्कन गर्दा सम्बन्धित निजामती कर्मचारी कार्यरत निकायका कर्मचारीबाट गोप्य रूपमा कामप्रतिको व्यवहार र आचरणको सूचना सङ्कलन गर्न सक्नेछ।

(४) यस दफाबमोजिम गरिने नेतृत्व परीक्षणको नतिजाको आधारमा उपदफा (१) बमोजिमका कर्मचारीलाई जिम्मेवारी दिइनेछ।

१३८. <u>कार्यसम्पादन मापन गर्ने</u>: (१) नेपाल सरकारले राजपत्राङ्कित निजामती कर्मचारीले साप्ताहिक रूपमा सम्पादन गरेको कामको नियमित रूपमा अभिलेख, सुपरिवेक्षण र मूल्याङ्कन हुने गरी कार्यसम्पादन मापन प्रणालीको विकास गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यसम्पादन मापन गर्नको लागि राजपत्राङ्कित निजामती कर्मचारीले आफूले सम्पादन गरेको कामको विवरण मासिक रूपमा आफ्नो सुपरिवेक्षकसमक्ष पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम विवरण पेस भएपछि सम्बन्धित सुपरिवेक्षकले प्रत्येक महिना भुक्तान भएको सात दिनभित्र कार्यसम्पादन टिप्पणी तयार गरी कुनै कुरा सुधार गर्नुपर्ने भएमा अवधि तोकी सोबमोजिम सुधार गर्न सम्बन्धित कर्मचारीलाई लिखित जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम गरिने कार्यसम्पादन मापनलाई निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा तथा निजामती कर्मचारीलाई थप वा विशेष जिम्मेवारी दिँदा, पुरस्कार प्रदान गर्दा, वैदेशिक अध्ययन वा भ्रमणको अवसर प्रदान गर्दा तथा विभागीय सजाय गर्दा आधार मान्नु पर्नेछ।

१३९. <u>व्यवस्थापन परीक्षण</u>: (१) लोक सेवा आयोगको कार्यक्षेत्रभित्रका विषयहरू बाहेक मन्त्रालयले नेपाल सरकारका विभिन्न निकायहरूमा कार्यरत निजामती कर्मचारीले प्रचलित कानून तथा अन्य



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिभा रावल
मन्त्री

प्रशासकीय नियम र कार्यविधिको पालना गरे नगरेको सम्बन्धमा सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गरी व्यवस्थापन परीक्षण गर्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन परीक्षण गर्दा आवश्यकता अनुसार निर्देशन दिन तथा कुनै प्रशासकीय अनियमितता देखिएमा सम्बन्धित निजामती कर्मचारीउपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारीलाई लेखी पठाउन सकिनेछ।

(३) मन्त्रालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिनभित्र व्यवस्थापन परीक्षणको वार्षिक प्रतिवेदन नेपाल सरकार मन्त्रिपरिषद् समक्ष पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनउपर छानबिन गरी नेपाल सरकारले सम्बन्धित निकाय वा पदाधिकारीलाई आवश्यक निर्देशन दिनेछ। त्यस्तो निर्देशन पालना नगर्ने सम्बन्धित पदाधिकारीलाई विभागीय सजाय गरिनेछ।

(५) मन्त्रालयले व्यवस्थापन परीक्षण सम्बन्धी काम सूचना प्रविधिमा आधारित विद्युतीय प्रणालीबाट गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

१४०. **अधिकार प्रत्यायोजन**: (१) नेपाल सरकारले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारहरू नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको निजामती कर्मचारी वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐनबमोजिमको कुनै अधिकारीलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा रही प्रयोग गर्ने गरी निजले आफू मातहतका निजामती कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

तर दफा १०७ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सफाइको मौका दिने प्रयोजनका लागि अधिकार प्रत्यायोजन गर्ने बाहेक विभागीय सजाय गर्ने सम्बन्धी अधिकार प्रत्यायोजन गर्न पाइने छैन।

१४१. **कर्मचारी अभिलेखसम्बन्धी व्यवस्था**: (१) सङ्घीय निजामती सेवा र अन्य सरकारी सेवाका कर्मचारीको अभिलेख राष्ट्रिय किताबखानाले राख्नेछ। यसरी अभिलेख राख्ने प्रयोजनका लागि राष्ट्रिय किताबखानाले माग गरेको विवरण उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(२) प्रदेश सरकारले प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा र स्थानीय सेवाका कर्मचारीको अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) प्रदेश वा स्थानीय तहले उपलब्ध गराएको विवरणको आधारमा राष्ट्रिय किताबखानाले प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा र स्थानीय सेवाका कर्मचारीको एकीकृत अभिलेख राख्नेछ।

(४) कर्मचारीको व्यक्तिगत विवरण अद्यावधिक गर्ने गराउने दायित्व कर्मचारी कार्यरत निकाय, राष्ट्रिय किताबखाना र सम्बन्धित कर्मचारी समेतको हुनेछ।

(५) मन्त्रालयले कर्मचारीको नियुक्तिदेखि अवकाशसम्मका व्यक्तिगत तथा पेशागत विवरण, मानव संसाधन व्यवस्थापन सम्बन्धी कार्यहरु, कार्यालय सञ्चालन एवम् व्यवस्थापन/ई-अफिस लगायतका विषय



चन्द्रकला पौडेल
सचिव

माननीय अनिता राउत
मन्त्री

कर्मचारी सूचना व्यवस्थापन वा उपयुक्त विद्युतीय प्रणालीमा सुरक्षित र अद्यावधिक हुने एवम सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

१४२. **निजामती सेवा दिवस:** प्रत्येक वर्षको भदौ २२ गते निजामती सेवा दिवस मनाइनेछ।

१४३. **निजामती सेवा पुरस्कार:** नेपाल सरकार, मन्त्रिपरिषद्ले प्रत्येक वर्ष निजामती सेवा दिवसको अवसरमा निजामती कर्मचारीलाई निजामती सेवा पुरस्कार प्रदान गर्नेछ।

१४४. **सुशासन तथा सदाचार एकाई** (१) यस ऐन बमोजिम निजामती कर्मचारीले पालना गर्नुपर्ने आचरण, व्यवहार, नैतिकता र आचार संहिताको प्रभावकारी कार्यान्वयन, अनुगमन मूल्याङ्कन र सिफारिश गर्ने प्रयोजनका लागि मन्त्रालय, विभाग वा केन्द्रीयस्तरको निकायमा एक सुशासन तथा सदाचार एकाई रहनेछ।

(२) उपदफा (१) बमोजिमको सदाचार एकाईको गठन, संरचना, काम कर्तव्य र अधिकार नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ।

(३) उपदफा (१) को कार्यान्वयनका लागि जिल्लास्थित कार्यालय, सेवा प्रदायक निकायले समेत समिति गठन गर्न सक्नेछन।

(४) कर्मचारीको आचारसंहिता पालनाको विषयमा उपदफा (३) अनुसारका निकायले मासिक रुपमा माथिल्लो निकायको एकाईमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

१४५. **विद्युतीय प्रणालीको प्रयोग:** (१) सेवा समूह सञ्चालन गर्ने मन्त्रालय तथा निकायले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम हुने कर्मचारी व्यवस्थापन, कार्यालय व्यवस्थापन र अन्य व्यवस्थापकीय कार्यहरु साईवर सुरक्षा मापदण्ड पुरा गरी विद्युतीय हस्ताक्षर सहितको सूचना प्रविधिमा आधारित कार्य सञ्चालन प्रणाली लागू गर्नुपर्नेछ।

१४६. **आचारसंहिता जारी गर्नुपर्ने:** (१) नेपाल सरकार, मन्त्रिपरिषद्ले निजामती कर्मचारी र सेवा निवृत्त कर्मचारीको समेत अलग्गै आचारसंहिता जारी गर्नु पर्नेछ। त्यस्तो आचारसंहिताको पालना गर्नु सबै निजामती कर्मचारी र सेवा निवृत्त कर्मचारीको समेत कर्तव्य हुनेछ।

(२) सेवा समूह सञ्चालन गर्ने मन्त्रालय वा निकायले सेवा वा कार्यप्रकृतिको आधारमा मन्त्रालयगत वा निकायगत आचारसंहिता जारी गरी कार्यान्वयन गर्नुपर्नेछ।

(३) आचार संहिता तर्जुमा गर्दा कुनै कर्मचारीले पालना गर्नुपर्ने व्यावसायिक आचरण, स्वार्थको द्वन्द सम्वन्धी विषयमा गर्नुपर्ने स्वःघोषणा, तोकिएको मूल्य भन्दा माथिको उपहार स्वीकार गर्ने विषय, सार्वजनिक खरिद सम्वन्धी निर्णय वा सेवासँग सम्वन्धित कर्मचारीले आपूर्तिकर्ता, वितरक, निर्माण व्यवसायीसँगको औपचारिक वा अनौपचारिक भेटघाट वा सम्पर्क अभिलेखित गर्ने विषय, निर्णय प्रक्रियामा पारदर्शिता सुनिश्चित गर्ने विषय र आचारसंहिता कार्यान्वयन गर्ने जिम्मेवार अधिकारी र एकाई, अनुगमन तथा उल्लंघनमा हुने विभागीय कारबाहीको विषय स्पष्ट रुपमा उल्लेख भएको हुनु पर्दछ।



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा रावल
मन्त्री

१४७. **नियम बनाउने अधिकार**: (१) यस ऐनको कार्यान्वयनका लागि नेपाल सरकारले देहायको विषयमा नियम बनाउन सक्नेछ:-

(क) सूचना प्रविधि समूहमा समूहीकृत हुने नेपाल विविध सेवाका पदहरू,

(ख) निजामती सेवा अन्तर्गतका सेवामा रहने श्रेणी वा तह र पद समूह तथा उपसमूह र सो अन्तर्गत रहने विभिन्न पदका लागि चाहिने न्यूनतम योग्यता, सेवा समूह सञ्चालन सम्बन्धी व्यवस्था, नियुक्ति सरुवा बढुवा,

(ग) सङ्घीय निजामती सेवाको श्रेणी र तहमा रहने कर्मचारीको पदनाम,

(घ) कार्यसम्पादन सम्झौता,

(ङ) सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समितिको गठन,

(च) अस्थायी प्रकृतिका आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा अस्थायी दरबन्दी सिफारिस गर्ने समितिको गठन,

(छ) पिछडिएको क्षेत्रमा रहने स्थानीय तह,

(ज) कुनै खास प्रकृतिका अपाङ्गता भएका व्यक्तिले मात्र प्रतिस्पर्धा गर्न पाउने पद,

(झ) पदस्थापन,

(ञ) निजामती कर्मचारिको व्यक्तिगत विवरण (सिटरोल) को ढाँचा,

(ट) सङ्घीय निजामती सेवाको पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता,

(ठ) अशक्त कर्मचारीको सरुवाको आधार र सरूवा सम्बन्धी अन्य व्यवस्था,

(ड) राजपत्र अनङ्कित पदमा बढुवाका लागि बढुवा सिफारिस समिति र सोको सचिवालय,

(ढ) मूल्याङ्कन सम्बन्धी,

(ण) सम्बद्धता निर्धारण समिति,

(त) विद्युतीय माध्यमबाट बढुवाको दरखास्त पेश गर्ने,

(थ) निजामती कर्मचारीको तहवृद्धि,

(द) निजामती सेवाको विभिन्न पदका कर्मचारीले पाउने तलबवृद्धि र सोको अधिकतम सीमा,

(ध) निजामती कर्मचारीको दुर्घटना बीमा र कर्मचारीको सन्ततीको लागि शैक्षिक बीमा,

(न) निजामती कर्मचारीलाई दिइने विशेष आर्थिक सुविधा,



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिभा रावल
मन्त्री

(प) निजामती कर्मचारीको निवृत्तिभरण, पारिवारिक निवृत्तिभरण र उपदान तथा मृत्यु भएका कर्मचारीका छोराछोरीले पाउने पारिवारिक निवृत्तिभरण,

(फ) निजामती कर्मचारीलाई प्रदान गरिने तालिम,

(ब) विभागी सजायको आदेश दिनुपूर्व गराइने जाँचबुझ,

(भ) निजामती कर्मचारीले पाउने बिदा तथा बेतलबी बिदा,

(म) कर्मचारीको गुनासो सुन्ने मन्त्रालयबाट सोको सुनुवाइ गर्ने,

(य) बरबुझारथ,

(र) कर्मचारी कल्याण कोषको स्थापना र सञ्चालन,

(ल) नेतृत्व परीक्षण सम्बन्धी,

(व) निजामती कर्मचारीको कार्यसम्पादन मापन,

(श) निजामती सेवा दिवस,

(ष) निजामती सेवा पुरस्कार।

(स) मानव संसाधन योजनाको लागि विद्युतीय प्रणालीको प्रयोग

(ह) अभिलेख व्यवस्थापन, सरुवा व्यवस्थापन, विद्युतीय प्रणालीको प्रयोग गर्ने विषय

(क्ष) मानवस्रोत व्यवस्थापन परीक्षण(ह्युमन रिसोर्स अडिट) सम्बन्धी विषय

(त्र) तहगत निकायहरुमा रहने तहगत कर्मचारीको दरबन्दी र कर्मचारी खटाउने विषय

(ज्ञ) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश वा स्थानीय तहमा समायोजन भएका निजामती कर्मचारीको संघीय निजामती सेवामा पुनःपदस्थापन वा समायोजन मिलान सम्बन्धी मापदण्डको विषय

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा नेपाल सरकारले सङ्घीय निजामती सेवाका सबै सेवामा सामान्य रूपले लागु हुने वा बेग्ला बेग्लै सेवाका लागि पृथक रूपले लागु हुने गरी बनाउन सक्नेछ।

१४८. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने**: यो ऐन तथा यस ऐनअन्तर्गत बनेको नियमको कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

१४९. **खारेजी र बचाउ**: (१) निजामती सेवा ऐन, २०४९ खारेज गरिएको छ।

(२) निजामती सेवा ऐन, २०४९ बमोजिम भए गरेका काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ।



चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिमा राक्स
मन्त्री

अनुसूची

(दफा २२ सँग सम्बन्धित)

**शपथको ढाँचा**

म..........................................ईश्वर/राष्ट्रको नाममा शपथ लिन्छु कि नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दै निजामती कर्मचारीको हैसियतले मलाई तोकिएको काम मेरो ज्ञान, विवेकले जाने बुझेसम्म इमान, धर्म तथा कर्तव्य सम्झी देश र सरकारप्रति बफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच, मोलाहिजा नगरी अनुशासनमा रही निजामती सेवा ऐन, २०८२ तथा प्रचलित कानूनको व्यवस्थाको अधीनमा रही आफ्नो कर्तव्यको पालन गर्नेछु। मलाई ज्ञात हुन आएको कुनै सरकारी गोप्य कुरा अधिकृत व्यक्तिलाई बाहेक अरु कसैलाई म सेवामा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भन्ने वा सङ्केत गर्ने छैन।

**शपथ ग्रहण गर्ने कर्मचारी**

(क) नाम, थरः-

(ख) दस्तखतः-

(ग) मितिः-

(घ) सेवाः

(ङ) समूह/उपसमूहः-

(च) श्रेणीः-

**शपथ ग्रहण गरेको प्रमाणित गर्ने अधिकारी**

(क) नाम, थरः-

(ख) दस्तखतः-

(ग) मितिः-

(ङ) पदः-

(च) कार्यालयः-

चन्द्रकला पौडेल
सचिव

माननीय प्रतिभा रावल
मन्त्री